सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ फागुन २०८२, मंगलबार (17 Feb 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २९९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

निर्वाचनको पूर्ण प्रचारप्रसारमा होमिए दल र उम्मेदवार

मितव्ययी हुन उम्मेदवारलाई निर्देशन, शीर्ष नेताहरू आ-आफ्नो निर्वाचन क्षेत्रमा



शीर्ष नेताहरूले काठमाडौं उपत्यकाबाहिरबाट चुनाव प्रचार थालेका छन् । कांग्रेस सभापति गगन थापा सर्लाही ४ मा छन् भने एमाले अध्यक्ष केपी ओली झापा ५ मा चुनाव प्रचारप्रसारमा छन् । नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्ड पूर्वी रुकुममा छन् । रास्वपा सभापति रवि लामिछाने चितवन २ र रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह झापा ५ मा चुनावी प्रचारप्रसारमा छन् ।

आर्थिक कारोबार वैध रूपमा मात्रै गर्न निर्वाचन आयोगको आह्वान

नयाँ पत्रिका



निर्वाचन आयोगले दिएको समयसीमा अनुसार दलहरूले सोमबारदेखि चुनावी प्रचारप्रसार थालेका छन् । २१ फागुनको प्रतिनिधिसभा निर्वाचनका लागि आयोगले ४ देखि १८ फागुनसम्म चुनाव प्रचारप्रसार गर्न समय तोकेको छ ।

आसन्न निर्वाचनमा कुल तीन हजार ४०६ जना उम्मेदवार प्रतिस्पर्धाको मैदानमा छन् । शीर्ष नेताहरूले काठमाडौं उपत्यकाबाहिरबाट चुनाव प्रचार थालेका छन् । कांग्रेस सभापति गगन थापा सर्लाही ४ मा छन् भने एमाले अध्यक्ष केपी ओली झापा ५ मा चुनाव प्रचारप्रसारमा

» पृष्ठ २ मा क्रमशः

४२ थरीका ल्याब परीक्षण गर्न भारतकै भर, बन्दैन दलहरूको एजेन्डा

गर्भ खेर जाने समस्यादेखि प्यांक्रियाज, क्यान्सरजन्यलगायत रोग पत्ता लगाउन परीक्षण गरिने आधुनिक ल्याब छैन देशमा

कतिपय निजी अस्पतालले देशकै सरकारी अस्पतालमा हुने परीक्षण पनि विदेश पठाउँछन्



● **प्रा.डा. दिलीप शर्मा**
निर्देशक, वीर अस्पताल

कतिपय परीक्षणका लागि ल्याब किन्नुभन्दा नमुना विदेश पठाउँदा नै फाइदा हुन्छ । तर, विदेशमा नमुना पठाउँदा थुप्रै समस्या आउँछन् । समयमा रिपोर्ट नआउने, बिरामीलाई महँगो पर्नेलगायत समस्या हुन्छ, पछिल्लो समय कतिपय निजी अस्पतालहरूको ध्याउन्नै विदेशी ल्याबमा नमुना पठाउनेतिर छ, उनीहरू आफ्नो अस्पतालमा नभएको ल्याब नेपालकै सरकारी अस्पतालमा छ भने पनि यहाँ पठाउँदैनन्, विदेश पठाउँछन् ।

शिवहरि घिमिरे / नयाँ पत्रिका

टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामै काम गर्ने सन्तोष सुवेदीले छोरीको रोग पत्ता लगाउन नेपालका सबै ठुला ल्याबहरूमा धाए । अनेकौं नमुना परीक्षण गराए । तर, यहाँका ल्याबहरूमा उनकी छोरीको स्वास्थ्य समस्या पत्ते लागेन । कैयौं प्रकारका ल्याब परीक्षण गर्दा पनि समस्या नदेखिएपछि चिकित्सकले उनलाई टोक्जो प्लाज्मा पिसिआर जाँच गर्न पठाए । तर, यो परीक्षण नेपालका निजी र सरकारी कुनै पनि ल्याबमा उपलब्ध छैन ।

देशको सबैभन्दा ठुलो सरकारी प्रयोगशालामा काम गर्ने उनले नै अन्ततः चिकित्सकहरूको सल्लाहअनुसार भारतको ल्याबमा नमुना पठाए । भारतमा परीक्षण गरेपछि रोग पहिचान भएको र समस्या ठुलो नभएको पुष्टि भएपछि ढुक्क भएको अनुभव सुवेदीले सुनाए ।

'ल्याबमा हामी कहाँ रहेछौं भन्ने कुरा मलाई आफ्नै

» पृष्ठ २ मा क्रमशः

यी हुन् नेपालबाट भारतमा पठाइने ल्याब टेस्ट

१) म्याटेरनल सिरम परीक्षण क्वाड्रिपल (जन्मजात आनुवंशिक रोग पत्ता लगाउन)
२) क्वाटिफेरोन (क्षयरोग रोग पत्ता लगाउन)
३) क्रोमोजोम एनालाइसिस (जन्मजात आनुवंशिक रोग पत्ता लगाउन)
४) एन्जी ओटेन्सिन कभरट्रिड इन्जाइम (आनुवंशिक रोग पत्ता लगाउन)
५) एन्टी फस्फोलिपिड एन्टिबडी (आनुवंशिक रोग पत्ता लगाउन)
६) काप्पा ल्याम्डा चेन (क्यान्सरलगायतका विविध रोग पत्ता लगाउन)
७) टिएसएच रिसेप्टर एन्टिबडी (थाइराइडजन्य रोग पत्ता लगाउन)
८) इम्युनो टाइपिङ सेरम (नसर्ने तथा सरुवासम्बन्धीका जटिल रोगमा)
९) प्रोटिन सिरगत (रगत जम्नेसम्बन्धी रोग पत्ता लगाउन)
१०) सेरुलो प्लाज्मिन विल्सन (सेरुलो प्लाज्मिन विल्सन रोग पत्ता लगाउन)
११) एनआइपिटी (जन्मजात आनुवंशिक रोग पत्ता लगाउन)
१२) ग्याड-६५ आइजिजी (मधुमेह पत्ता लगाउन)
१३) सी पेप्टाइड फास्टिङ सिरम (मधुमेह पत्ता लगाउन)
१४) क्याल्सिटोनिन (ट्युमरजन्य रोग पत्ता लगाउन)
१५) पिएनएच कन्फिर्मेटरी टेस्ट (पिएनएच रोग पत्ता लगाउन)
१६) बाइलएसिड टोटल सिरम (प्यांक्रियाजको रोग पत्ता लगाउन)
१७) एफएलटी थ्री जिन म्युटेसन (क्यान्सरजन्य रोग पत्ता लगाउन)
१८) एनपिएमवान म्युटेसन (क्यान्सरजन्य रोग पत्ता लगाउन)
१९) एसिटाइलकोलिन रिसेप्टर बाइन्डिङ प्रोटिन (प्रोटिनसँग सम्बन्धित रोग पत्ता लगाउन)
२०) एएमएल इटोक्लोजिन ८२५ जिन रिएरेजमेन्ट पिसिआर क्वालिटेटिभ (रक्तक्यान्सरजन्य रोग पत्ता लगाउन)
२१) इरिथ्रोपोयटिनस (रक्त उत्पादनसँग सम्बन्धित रोग पत्ता लगाउन)
२२) ज्याकेटु म्युटेसन डिटेक्सनस (रक्तक्यान्सरजन्य रोग पत्ता लगाउन)
२३) कपर च्यान्डम युरिनस कपर (मेटाबोलिजमसँग सम्बन्धित रोग पत्ता लगाउन)
२४) म्याटरनल ब्लड फर फेटल डिएनएस (गर्भावस्थामै बच्चाको रोग पत्ता लगाउन)
२५) मेटानेफ्रिन च्यान्डम युरिनस (मिर्गौंला रोग पत्ता लगाउन)
२६) एचएलएवाई जिन सिक्वेन्सिन्स (मिर्गौंला दिने र लिनेबिचको मिलान हेर्न)
२७) पिसिओडी कम्प्रेहेन्सिभ प्यानलस् (पिसिओडी रोग पत्ता लगाउन)
२८) आइएनभी १६ जिन रिएरेजमेन्ट (जिन रिएरेजमेन्ट थाहा पाउन)
२९) फस्फोलाइफेज एटु रिसेप्टर एन्टिबोडी (फस्फोलाइफेज एटु रिसेप्टर एन्टिबडी पत्ता लगाउन)
३०) एन्टी एनएमओ प्यानलस् (स्नायुसम्बन्धी रोग पत्ता लगाउन)
३१) मल्टिपल माइलोमा मोनिटरिङ (मल्टिपल माइलोमा रोग पत्ता लगाउन)
३२) फ्याक्टर लुइडिनस् (दुर्लभ रोगको प्रकार पत्ता लगाउन)
३३) ब्याड अब्सट्रेक्टिभ हिस्ट्री एक्टेन्डेड प्यानल (गर्भ खेर जाने समस्यासम्बन्धी परीक्षण)
३४) डिएनए प्रोफाइलिङफिगर प्रिटिङ फर इन्टाबिलिसड प्याटर्निटी (शिशुको वंश पत्ता लगाउन)
३५) जिंक सिरम प्लाज्मा (शरीरमा जिंकको मात्रा थाहा पाउन)
३६) इलेक्ट्रोन माइक्रोस्कोपी (भाइरसहरू अनुसन्धान गर्न प्रयोग गरिने परीक्षण)
३७) फेकलक्यालप्रोटेक्टिनस (सिलियाक रोग पत्ता लगाउन)
३८) मस्क एन्टिबडी (एन्टिबडीसम्बन्धी रोग पत्ता लगाउन)
३९) बिके भाइरस पिसिआर क्वान्टिटेटिभ (बिके भाइरस रोग पत्ता लगाउन)
४०) एन्टिथ्रोम्बिन एक्टिभिटी, फंसनल टेस्ट (रगत जम्ने रोगसम्बन्धी परीक्षण)
४१) एमपिएन म्युटेसन (आनुवंशिक रोग पत्ता लगाउन)
४२) टोक्जो प्लाज्मापिसिआर (टोक्जो प्लाज्मा इन्फेक्सन पत्ता लगाउन)

■ नमुनासँगै बाहिरिएको छ नेपालीको जिन

चिकित्सकहरूका अनुसार नमुनासँगै नेपालीको जिन पनि विदेशी ल्याबमा पुग्दा बिरामीको गोपनीयतासमेत भंग हुन्छ । अझ डरलाग्दो कुरा त विदेशीहरूले नेपालीको रोगको जिन पत्ता लगाएर कतिपय भ्याक्सिनसमेत बनाई नेपाली बिरामीमा ट्रायल गर्दा ज्यानै जाने जोखिमसमेत हुन्छ । यसबाहेक नेपालभन्दा बाहिरको ल्याबमा लैजाँदा नमुनाहरूमा चलखेल हुन सक्ने, नेपालमा कस्ता-कस्ता किसिमका दुर्लभ रोग छन् भनेर विदेशी अनुसन्धान अधिकारीहरूलाई उल्टै सहयोग मिल्ने हुन्छ । 'यहाँको नमुना विदेशी ल्याबमा पठाउँदा हाम्रो जिन उनीहरूले थाहा पाउँछन्, त्यसबाट हामीलाई भन्दा उनीहरूलाई फाइदा पुग्छ, बिरामीको जिन त्यसरी विदेशी ल्याबमा पठाउनु राम्रो मानिँदैन,' वीरका निर्देशक डा. शर्माले भने, 'अब ल्याब टेस्ट नमुना बाहिर पठाउन कडाइ गर्नुपर्छ, नेपालीको जेनेटिक तथा जिन बाहिरिनु राम्रो हुँदै होइन, यो त नबुझेर हो ।' अन्य देशले नेपालीको जिन पत्ता लगाउन सक्ने गरी नमुना पठाउनु गलत रहेकाले यसलाई तत्काल रोक्नुपर्ने उनले बताए ।

ल्याब टेस्टमा वार्षिक बाहिरिन्छ डेढ करोड

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका अनुसार ल्याब परीक्षणका लागि नमुना पठाउँदा वार्षिक एक करोड ५० लाख भारत जान्छ । मासिक सबै प्रकारका टेस्ट गरेर १५० वटा नमुना भारतका ल्याबमा पठाउने गरिन्छ ।

■ हामी 'निर्वाचन प्रहरी'



शब्द/तस्बिर : **दिपेन्द्र ढुंगाना** / नयाँ पत्रिका

काठमाडौंको भद्रकालीमा तैनाथ 'निर्वाचन प्रहरी' । अन्य जिल्लामा दुई दिनअघि नै परिचालन गरिए पनि काठमाडौं उपत्यकाका लागि 'ड्रेस' उपलब्ध हुन ढिलाइ भएपछि सोमबारदेखि खटाइएका छन् । उनीहरू नेपाल प्रहरी र सशस्त्र प्रहरीसँगै 'फिल्ड'मा खटिएका छन् । देशभर एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी भर्ना गरेर खटाइएको छ । जसमध्ये नेपाल प्रहरीसँग एक लाख ३३ हजार ९८० र सशस्त्रसँग १५ हजार ११० निर्वाचन प्रहरी खटिएका छन् । उनीहरू नेपाल प्रहरी र सशस्त्रसँगै मतदानस्थल तथा केन्द्रमा सुरक्षाको पहिलो घेरामा खटिनेछन् । देशभर १० हजार ९६७ निर्वाचनस्थल निर्धारण गरेको निर्वाचन आयोगले चार हजार ६१४ निर्वाचनस्थललाई अतिसंवेदनशील मानेको छ ।

रविको अभियोग संशोधन निवेदनमा कास्की जिल्ला अदालत सर्वोच्चको प्रतीक्षामा

नयाँ पत्रिका

कास्की जिल्ला अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने लगायतविरुद्ध लगाइएको संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग संशोधन गर्ने सम्बन्धमा परेको निवेदन यसै विषयमा सर्वोच्च अदालतमा दायर रिटहरूको टुंगो नलागेसम्म नगर्ने भएको छ । सर्वोच्च अदालतबाट के आदेश आउँछ भन्ने विषय स्पष्ट नभएसम्म जिल्ला अदालतले कुनै अन्तिम निर्णय नगर्ने जिल्ला न्यायाधीश नीतिज राईको इजलासले आदेश गरेको हो ।

कास्की अदालतको आदेशको अर्थ मुद्दा फिर्ता गर्न नमानेको होइन, न अदालतले मुद्दा कायम राख्ने ठोस फैसला नै गरेको हो । सर्वोच्च अदालतको आदेश नआएसम्म प्रक्रिया रोकिएको मात्र हो । अदालतको लिखित आदेशअनुसार अभियोगपत्र संशोधन

» पृष्ठ २ मा क्रमशः

■ अदालतले के भन्यो ?

कास्की जिल्ला अदालतमा अभियोगपत्र संशोधन (मुद्दा फिर्ता)सम्बन्धी निवेदन परेको छ । सो विषयमा महान्यायाधिवक्ताको कार्यालयले गरेको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर भइसकेको छ । रिट हाल सर्वोच्चमा विचाराधीन अवस्थामा छ । सर्वोच्चबाट हुने आदेश नआएसम्म जिल्ला अदालतले निवेदनमाथि निर्णय गर्दैन । सर्वोच्चको आदेश प्राप्त भएपछि मात्र आवश्यक निर्णय लिइनेछ ।



न्यायाधीश नीतिज राई

■ अदालतले के भनेन ?

कास्की जिल्ला अदालतले मुद्दा फिर्ता गर्न मिल्दैन भनेर ठाडै अस्वीकार गरेको छैन । संगठित अपराध वा सम्पत्ति शुद्धीकरण मुद्दा कायम रहन्छ भनेर अन्तिम फैसला पनि गरेको छैन । महान्यायाधिवक्ताको निर्णय गलत वा सही भनेर मूल्यांकन गरेको छैन । प्रतिवादी दोषी वा निर्दोष भन्ने कुनै निष्कर्ष निकालेको छैन । मुद्दा सारतत्त्व (मेरिट)मा प्रवेश नै गरेको छैन ।

एमालेलाई बारामा विरासत जोगाउने चुनौती

जेन-जी आन्दोलनको मागअनुसार दुई वर्षअघि हुन लागेको निर्वाचनमा एमाले, कांग्रेस, नेकपा, रास्वपा र जसपा नेपालबिच कडा प्रतिस्पर्धा

(विस्तृत पृष्ठ ३)

बंगलादेशी निर्वाचनका नेपाली बाछिटा



● सादेशमणि पोखरेल

नेपाली र बंगलादेशी राजनीतिको चरित्र फरक भए पनि दुवै देशमा भएका आन्दोलनका मर्म तथा एजेन्डा एकै प्रकृतिका देखिन्छन्

(पृष्ठ ४)

बजेटको लक्ष्य र दाताको प्रतिबद्धताअनुसार आउँदैन वैदेशिक अनुदान

अनुदान र सहुलियतपूर्ण ऋणको अंश घट्दै गएका कारण वैकल्पिक विकास वित्त उपकरण प्रयोगमा ल्याउनुपर्ने अर्थ मन्त्रालयको विश्लेषण

(विस्तृत पृष्ठ ६)

स्कुलबसको स्टेयरिङमा रक्सी पिएका चालक

पोखरामा विद्यार्थी लिएर विद्यालय जाँदै गरेका स्कुलबसका चालकको मापसे चेकिङ, कुमुदिनी, विन्ध्येश्वरी, अञ्जुली, एसओएस र माउन्ट हेभेनका पाँच चालकले रक्सी पिएर चलाएको भेटियो

कास्कीमा **रोहितराज पराजुली**

बालबालिकाका लागि घरपछि सबैभन्दा सुरक्षित मानिन्छ, विद्यालय । सुरक्षा र सिकाइका लागि विद्यालय बालबालिकाको दोस्रो घर नै हो । त्यसैले त आफ्ना सन्तानको भविष्य हेरेर अभिभावकहरू राम्रा भनिएका विद्यालयमा भर्ना गर्छन् । तर, विद्यालयले लापरबाही गर्दा बालबालिकाको वर्तमान नै पनि जोखिममा पर्न सक्छ ।

ट्राफिक र नेपाल प्रहरीले संयुक्त रूपमा सोमबार बिहान पोखरामा विद्यार्थी बोकेर विद्यालय जाँदै गरेका स्कुलबस चेकिङ गर्दा पाँच चालकले मादक पदार्थ सेवन (मापसे) गरेको भेटियो । विभिन्न ठाउँमा चेकिङ गर्दा गैह्रापाटनस्थित कुमुदिनी होम्स, मेहरिया टोलस्थित विन्ध्येश्वरी आदर्श बोर्डिङ, पुरानो टुँडिखेलस्थित अञ्जुली आवासीय माविं, एसओएस र माउन्ट हेभेन बोर्डिङ स्कुलका चालकले मापसे गरेर बस चलाएको भेटिएको हो ।

जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी डिएसपी हरिबहादुर बस्नेतका अनुसार मापसे गरेर कुमुदिनीको ग.१क १३८२ नम्बरको बस चलाइरहेको अवस्थामा चालक ३७ वर्षीय गौतम गुरुङ, विन्ध्येश्वरीको ग.१क ६२२१ नम्बरको

» पृष्ठ २ मा क्रमशः



पोखरामा विद्यार्थी बोकेका स्कुलबसको चालकको मापसे चेकजाँच गर्दै प्रहरी

जरिवाना गराएर छाड्दैनौं, सार्वजनिक कसुरमा मुद्दा अघि बढाउँछौं

● **डिएसपी हरिबहादुर बस्नेत**
सूचना अधिकारी, जिल्ला प्रहरी कार्यालय कास्की



जिल्लाका विभिन्न स्थानमा सञ्चालित स्कुलका बसचालकहरूले मापसे गरेर चलाउने गरेको गुनासो व्यापक मात्रामा आएका थिए । त्यसैअनुसार सोमबार बिहान आकस्मिक रूपमा खटिएको टोलीले चेकिङ गर्दा पाँच स्कुलका बसचालकले मापसे गरेको भेटियो । बससहित चालकहरूलाई तत्काल नियन्त्रणमा लिइएको छ । उनीहरूमाथि थप अनुसन्धान सुरु भएको छ । जरिवाना गराएर छाड्दैनौं, सार्वजनिक कसुरमा मुद्दा अघि बढाउँछौं । सम्बन्धित विद्यालयलाई समेत आवश्यक कारबाही गर्छौं ।

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

चुनावविरोधी गतिविधिमा सक्रिय भएको आरोपमा दुर्गा प्रसाईं पक्राउ

काठमाडौं/ मेडिकल व्यवसायी दुर्गा प्रसाईं फेरि पक्राउ परेका छन्। चुनावविरोधी गतिविधिमा सक्रियता बढाएको सूचनाका आधारमा काठमाडौं प्रहरीले उनलाई सोमबार पक्राउ गरेको हो।

निर्वाचन आचारसंहिताको उल्लंघन गरेको कसुरमा पक्राउ गरिएको जिल्ला प्रहरीपरिसर, काठमाडौंका एसएसपी रमेश थापाले बताए। निर्वाचनविरुद्ध अफवाह फैलाएर जनतालाई चुनावमा भाग नलिन उक्साउने गतिविधि गरेको आरोप उनीमाथि छ। निर्वाचन आयोगसँगको सल्लाहमै उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पछिल्लो एक महिनामा उनी तेस्रोपटक पक्राउ परेका हुन्। दुवैपटक उनी हाजिरी जमानीमा छुटेका थिए। प्रसाईंले आसन्न निर्वाचनलाई बहिष्कार गर्ने घोषणा गर्दै त्यसविरुद्ध हडतालसम्मका आन्दोलन घोषणा गरेका छन्। राजसंस्थाको पक्षमा वकालत गर्दै आएका उनीविरुद्ध अदालतमा आपराधिक लाभ तथा साइबर अपराधका मुद्दा विचाराधीन छन्।

परराष्ट्रमन्त्री बंगलादेश, परराष्ट्रसचिव पोर्चुगल जाँदै

बंगलादेशका प्रधानमन्त्रीको शपथमा परराष्ट्रमन्त्री सहभागी हुने

नयाँ पत्रिका



बंगलादेशका प्रधानमन्त्रीका रुपमा बंगलादेश नेशनलिष्ट पार्टी (बिएनपि)का अध्यक्ष तारिक रहमानको शपथग्रहणमा नेपालबाट परराष्ट्रमन्त्री बालानन्द शर्मा सहभागी हुने भएका छन्। रहमानकी आमा एवं पूर्वप्रधानमन्त्री बेगम खालिदा जियाको अन्त्येष्टिमा पनि परराष्ट्रमन्त्री शर्मा सहभागी भएका थिए। रहमानले प्रधानमन्त्रीका रुपमा मंगलवार शपथग्रहण गर्दैछन्।

शपथग्रहण समारोहमा सहभागी हुन अन्तरिम सरकारका प्रमुख सल्लाहकार मोहम्मद युनुसले निमन्त्रणा गरेका थिए। बंगलादेशका प्रधानमन्त्रीको शपथग्रहणमा दक्षिण एशियाका सात मुलुकबाट सहभागीता हुनेछ। भारतबाट सभामुख ओम बिरला, मालदिभ्सका राष्ट्रपति मोहम्मद मोइजु, भुटानबाट प्रधानमन्त्री छिरिङ तोब्गे, पाकिस्तानबाट योजना मन्त्री अहसन इकवाल, श्रीलंकाबाट स्वास्थ्यमन्त्री नलिन्दा जयतिसा सहभागी हुने तय भएको छ। मालदिभ्स र भुटानबाट कार्यकारी प्रमुखको सहभागीता हुनेछ। अफगानिस्तानबाट सहभागीताबारे स्पष्ट छैन।

'परराष्ट्र मन्त्रीको यो भ्रमणले नेपाल र बंगलादेशबीचको द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउने छ तथा पारस्परिक सम्बन्धलाई थप प्रगाढ बनाउने नेपालको प्रतिबद्धता झल्काउँछ' परराष्ट्र मन्त्रालयले सोमवार विज्ञप्तिमा भनेको छ। परराष्ट्रमन्त्री शर्माले बंगलादेशका अधिकारीहरूसँग भेटवार्ता गर्ने कार्यक्रम छ।

त्यस्तै, नेपाल र पोर्चुगलबीच द्विपक्षीय परामर्श संयन्त्रको बैठकमा सहभागी हुन परराष्ट्र सचिव अमृतबहादुर राई त्यसतर्फ जाने कार्यक्रम छ। परराष्ट्रका अनुसार उनले २० फेब्रुअरीमा पोर्चुगलको लिस्बनमा आयोजना हुने नेपाल-पोर्चुगल द्विपक्षीय परामर्श संयन्त्रको पहिलो बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नेछन्।

नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्र मन्त्रालयका अधिकारीहरू, पोर्चुगलका लागि नेपाली राजदूत तथा दूतावासका कर्मचारी सहभागी हुनेछन्। परराष्ट्र मन्त्रालयका अनुसार द्विपक्षीय परामर्श संयन्त्रको बैठकमा दुवै पक्षले नेपाल-पोर्चुगल सम्बन्धको समग्र अवस्थाको समीक्षा गर्नुका साथै साझा चासोका विषयहरूमा क्षेत्रीय तथा बहुपक्षीय मञ्चहरूमा सहकार्यबारे छलफल गर्नेछन्।

लिस्बन बसाईका क्रममा परराष्ट्र सचिव राईले पोर्चुगलको परराष्ट्र मन्त्रालयका वरिष्ठ अधिकारीहरूसँग भेटवार्ता गर्नुका साथै नवनिर्मित नेपाली दूतावासको औपचारिक उद्घाटन गर्ने कार्यक्रम छ। पोर्चुगलमा बसोबास गरिरहेका नेपाली समुदायका प्रतिनिधिहरूसँग पनि उनले अन्तरक्रिया गर्नेछन्। हाल पोर्चुगलमा ४० हजारभन्दा बढी नेपाली नागरिक विभिन्न पेशा तथा व्यवसायमा संलग्न रही बसोबास गरिरहेका छन्।

४२ थरीका...

पृष्ठ १ बाट क्रमशः

छोरी बिरामी परेपछि महसुस भयो। अझै पनि हामीले थुप्रै ल्याब टेस्टहरू भारतमा पठाउँछौं। त्यहाँ पठाउँदा बिरामीलाई महँगो पर्ने, रिपोर्ट आउन समय लाग्नेलगायत झन्झट त हुन्छ नै,' उनले भने, 'कतिपय दुर्लभ टेस्टहरू हुन्छन्, जुन बिरलै गरिन्छ, तर ल्याब किन्न निकै महँगो पर्न सक्छ।' छोरीको नमुना परीक्षणमा आफ्नो दुई लाखभन्दा धेरै खर्च भएको सुवेदीले बताए।

नेपालकै सबैभन्दा ठुलो सरकारी ल्याब कति कमजोर छ भन्ने उदाहरण हो यो। गर्भ खेर जानेदेखि प्यांक्रियाज, क्यान्सरजन्यलगायत विभिन्न रोग पत्ता लगाउन गरिने ४२ प्रकारका परीक्षण नेपालमा हुन सक्दैन। बिरामीले भारतसम्म ल्याब परीक्षण गर्न नमुना पठाउनुपर्ने बाध्यता छ।

बिरामीसँग शुल्क लिएर नेपालकै सीमित ल्याबले भारतसम्म नमुना पठाउने गर्छन्। त्यस्ता ६ एजेन्ट ल्याबहरूलाई सरकारले स्वीकृति दिएको छ। यो अनुमति राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले दिन्छ। एजिलस डायग्नोस्टिक, डा. लाल प्याथ ल्याब, सम्यक डायग्नोस्टिक, रिलायबल डायग्नोस्टिक, मेडिक्वेस्ट ल्याब्रेटरी क्लिनिक र इन्टरप्रिट नेपालले ल्याब टेस्ट बाहिर पठाउने अनुमति लिएका छन्। यी ल्याबहरूले नेपालमा परीक्षण नहुने नमुनाहरूलाई भारतसम्म पुऱ्याउँछन् र बिरामीलाई रिपोर्ट दिन्छन्। तर, ल्याबहरूले बिरामीसँग मोलमोलाई गरेर महँगो शुल्क लिने गरेको गुनासो आउने गरेका छन्।

'मेरी आमाको थाइराइडसम्बन्धी रोग पत्ता लगाउन निकै कठिन भयो। थाइराइडको धेरै प्रकार हुने रहेछ, वीरमा थुप्रै प्रकारका ल्याब टेस्ट गर्दा पनि ठ्याक्कै पत्ता लागेन। चिकित्सकहरू थाइराइड त हो, तर कुन प्रकारको हो भनेर अलमल हुनुभयो। नेपालका ल्याबहरूमा सबैतिर टेस्ट गर्दा पनि पत्ता नलागेपछि चिकित्सकहरूकै सल्लाहअनुसार भारतमा नमुना परीक्षण गर्न पठाएँ। त्यतिमै डेढ लाख खर्च भयो,' भोजपुरका रोहित राईले भने, 'थाइराइडसम्बन्धीकै टिएसएच रिसेप्टर एन्टिबोडी टेस्ट नेपालमा नहुने भएकाले भारत पठाएका थियौं।'

जनस्वास्थ्य प्रयोगशालाका सहप्रमुख तथा मेडिकल ल्याब टेक्नोलोजिस्ट परमानन्द भण्डारीका अनुसार जिन म्युटेसनबाट विकसित हुने रोगसम्बन्धी भाइरस, ब्याक्टेरिया, फंगस, पारासाइटको जिनसम्बन्धी जटिल प्रक्रियाका ल्याब परीक्षण नेपालमा हुँदैनन्, भारतमै पठाउनुपर्छ। 'हामीले स्वीकृति दिएका ६ वटा ल्याबले नेपालबाट टेस्टहरू बाहिर पठाउँछन्, उनीहरूले बिरामीलाई सिधै रिपोर्ट दिन्छन्,' उनले भने, 'तर नेपालमा हुने कुनै पनि टेस्ट बाहिर पठाउन पाइँदैन, यहाँको ल्याबहरूमा ती टेस्ट हुँदैनन् भने बाहिर पठाउन सकिन्छ।'

भण्डारीले हाल नेपालमा निजी र सरकारी गरी एक वर्गका ल्याब संख्या १८ र बी वर्गका ल्याबको संख्या ९६ रहेको बताए। तर, यी ल्याबमा समेत कतिपय टेस्टहरू बाहिर पठाउने गरिन्छ। सबै टेस्ट नेपालमै सम्भव गर्न सरकारले ल्याबमा लगानी गर्नुपर्ने, जनशक्ति तयार पार्नुपर्ने उनको भनाइ छ। नेपालमै ल्याब हुने हो भने त्यसले बिरामीलाई फाइदा पुग्ने उनको भनाइ छ। तर, नयाँ-नयाँ रोग तथा टेस्ट निम्तिरहने भएकोले ल्याब पनि अपडेट गर्नुपर्ने भण्डारी बताउँछन्।

मुख्य त नेपालबाट क्यान्सर र वंशाणुगतसम्बन्धी रोगको ल्याब परीक्षण भारतमा पठाउने गरिन्छ। तर, यसरी धेरै प्रकारका ल्याब टेस्टका लागि नमुना पठाउँदा एकातर्फ जिन बारिहिने, अर्कोतर्फ कुर्नुपर्ने र बिरामीलाई महँगोसमेत पर्ने गरेको छ। वीर अस्पतालका निर्देशक डा. दिलीप शर्माले नेपालमा पहिलेभन्दा अहिले ल्याबमा थुप्रै उपलब्धि हासिल भए पनि अझै केही टेस्ट विदेशमै पठाउनुपर्ने बाध्यता रहेको बताए। उनका अनुसार क्यान्सरका सीमित टेस्ट नेपालमा हुन्छन् भने केही विदेश पठाउने गरिन्छ। नेपालमै त्यस्ता नमुना परीक्षण गर्नका लागि ल्याब किन्दा निकै महँगो पर्ने भएकाले कतिपय ल्याब अझै नेपालमा नभएको डा. शर्माको भनाइ छ।

'कतिपय मेसिन यति महँगो हुन्छ कि ल्याब किन्नुभन्दा नमुना पठाउँदा फाइदा हुन्छ, तर विदेशमा नमुना पठाउँदा थुप्रै समस्या आउँछन्,' उनले भने, 'समयमा रिपोर्ट नआउने, बिरामीलाई महँगो पर्नेलगायत समस्या हुन्छ, पछिल्लो समय कतिपय निजी अस्पतालहरूको ध्याउन्नै विदेशी ल्याबमा नमुना पठाउनेतिर छ, उनीहरू आफ्नो अस्पतालमा नभएको ल्याब नेपालकै सरकारी अस्पतालमा छ भने पनि यहाँ पठाउँदैनन्, विदेश पठाउँछन्।' उनका अनुसार ७ वर्षअघिसम्म नेपालबाट हेपाटाइटिस सी र बीको नमुना पनि भारतमै पठाउने गरिन्थ्यो। तर, अहिले भने यो परीक्षण नेपालमै हुन्छ।

हाल नेपालका सरकारी अस्पताल तथा जनस्वास्थ्य प्रयोगशालामा नभएको 'इमिनो हिस्ट्री केमेस्ट्रि टेस्ट' पनि भारतमा पठाउने गरिन्छ। यो ल्याब टेस्टबाट बिरामीमा कुन प्रकारको क्यान्सर छ भनेर थाहा पाउन सकिन्छ। यसबाहेक अन्य जेनेटिक रोगहरूसँग सम्बन्धित ल्याब टेस्टहरू विदेश पठाउने गरिन्छ। हाल नेपालका सरकारी अस्पताल तथा जनस्वास्थ्य प्रयोगशालामा पनि बच्चा जन्मिँदा नै कुनै रोग लिएर आएको छ कि छैन भनेर परीक्षण गर्ने यन्त्र छैन। यो उपकरण ल्याउने तयारीसमेत भएको डा. शर्माले बताए। यस्ता प्रकारका ल्याब हुने हो भने बच्चामा देखिने कतिपय दीर्घकालीन वा वृद्धि विकासको क्रमका जटिल रोगहरूको छिटो उपचार सम्भव हुन्छ।

ल्याब टेस्टमा वार्षिक बाहिरिन्छ डेढ करोड

राष्ट्रिय जस्वास्थ्य प्रयोगशालाका अनुसार ल्याब परीक्षणका लागि नमुना पठाउँदा वार्षिक एक करोड ५० लाख भारत जान्छ। मासिक सबै प्रकारका टेस्ट गरेर १५० वटा नमुना भारतका ल्याबमा पठाउने गरिन्छ। यो आधारमा वार्षिक एक हजार आठ सय नमुना भारतमा पठाउने गरिन्छ। ती ल्याब टेस्टको रिपोर्ट आउन दुई दिनदेखि १५ दिनसम्म समय लाग्छ। कतिपय परीक्षणको रिपोर्ट आउनै समय लाग्छ। नेपालबाट भारत पठाइने ती टेस्टहरू ४२ किसिमका छन्। यी टेस्ट नेपालमा ल्याब नहुँदा भारतमा पठाउनुपरेको हो। सरकारले सबै प्रकारका ल्याब परीक्षण हुने ल्याब उपकरण खरिद नगर्दा बिरामी बिचौलियाको बाटोबाट ल्याब परीक्षण गर्न भारतसम्म पुग्नुपरेको छ।

यसरी विदेश पठाइन्छ नमुना

बिरामीलाई कुन प्रकारको ल्याब टेस्ट चाहिएको हो भने डाक्टरको प्रेस्क्रिप्सनको आधारमा दिशा, पिसाब र रगत संकलन गरिन्छ। उक्त नमुनालाई आवश्यक तापक्रममा राखेर सुरक्षित भाँडोमा कुरिअरमार्फत सम्बन्धित ल्याबसम्म पुऱ्याइन्छ। संकलन र पठाउने काम एजेन्टका रूपमा अनुमति लिएका नेपालकै ल्याबहरूले गर्छन्। उनीहरूले बिरामीसँग ल्याब टेस्टको शुल्क एकमुस्ट लिन्छन्।

भारतमा ल्याब टेस्ट भइसकेपछि उक्त रिपोर्ट अनलाइनमार्फत एजेन्टकहाँ आइपुग्छ। त्यसपछि बिरामीलाई वितरण हुन्छ। सो रिपोर्ट लिएर बिरामी बल्ल चिकित्सककहाँ पुग्छन्। यो प्रक्रिया निकै झन्झटिलो हुने भएकाले बिरामीले निकै दुःख पाउने गरेका छन्। अझ कतिपय बिरामी जटिल अवस्थामै हुने भएकोले उनीहरूको रिपोर्ट तुरुन्तै चाहिन्छ, तर भारतसम्म नमुना पठाएर रिपोर्ट ल्याउँदा ढिलो भइसकेको हुन्छ। 'भारतसम्म नमुना पठाएर रिपोर्ट आउँदा बिरामीलाई थप समस्या भइसकेको हुन सक्छ, त्यो निकै झन्झटिलो हुन्छ,' जनस्वास्थ्य प्रयोगशालाका सूचना अधिकारी सन्तोष सुवेदीले भने, 'नेपालमै ल्याब भएको भए निकै सजिलो हुन्थ्यो।' उनले सबै प्रकारका ल्याब टेस्ट एउटै ल्याबमा नहुने भन्दै हाल नेपालबाट बाहिर पठाइने नमुनामध्ये ५० प्रतिशत टेस्ट हुने उपकरण सरकारले किनेमा बिरामीलाई राहत हुने बताए। तर, नयाँ-नयाँ रोग र परीक्षण थपिने भएकाले नेपालमा हरेक टेस्टका लागि नयाँ ल्याब खरिद गर्न सम्भव नहुने उनको भनाइ छ।

रविको अभियोग...

पृष्ठ १ बाट क्रमशः

(मुद्दा फिर्ता)सम्बन्धी महान्यायाधिवक्ताको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर भई हाल विचाराधीन छ। अधिवक्ता डा. नारायण कँडेलका अनुसार कानुनी भाषामा यसलाई 'सब-ज्युडिस' अवस्था भनिन्छ। जुन माथिल्लो अदालतमा मुद्दा विचाराधीन हुँदा तल्लो अदालतले अन्तिम निर्णय नगर्ने सामान्य अभ्यास हो। सोमबार जिल्ला सरकारी वकिलको कार्यालयका सहायक जिल्ला न्यायाधिवक्ताले अभियोग संशोधन गरिपाऊँ भनी दिएको निवेदनमा बहस नै नभई न्यायाधीश राईको इजलासले सर्वोच्चमा परेका रिटहरूको टुंगो लागेपछि नियमानुसार पेस गर्न आदेश गरेको कँडेल बताउँछन्। महान्यायाधिवक्ताको कार्यालयले रविसहितको सहकारी ठगीसम्बन्धी मुद्दा यथावत् राखी संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा फिर्ता लिने निर्णय गरेको थियो। तर, सो निर्णयविरुद्ध सर्वोच्चमा रिट परेपछि विषय न्यायिक परीक्षणमा छ। यसअघि रूपन्देही जिल्ला अदालतले पनि ६ माघमा यस्तै आदेश दिएको थियो।

निर्वाचनको...

पृष्ठ १ बाट क्रमशः

छन्। नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्ड पूर्वी रुकुममा छन्। रास्वपा सभापति रवि लामिछाने चितवन २ र रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह झापा ५ मा चुनावी प्रचार-प्रसारमा छन्। उम्मेदवारहरूले सोमबारदेखि आ-आफ्नो निर्वाचन क्षेत्रमा घरदैलो, कोणसभालगायतका चुनावी प्रचार-प्रसार थालेका छन्।

दलहरूले जुलुस, आमसभा, मिडियामा प्रचार सामग्री प्रकाशन-प्रसारण, कोणसभाको तयारी गरेका छन्। आयोगले आइतबार दलहरूका नाममा ६३ बुँदे निर्देशन जारी गर्दै आचारसंहिताको परिधिमा रहेर चुनाव प्रचार-प्रसार गर्न निर्देशन दिएको छ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले चुनावी प्रचार-प्रसारका लागि दलहरूलाई १५ दिनको समय दिइएको बताए। उनले पछिल्लो समयमा चुनाव प्रचार-प्रसार मितव्ययी बन्दै गएको उल्लेख गर्दै आर्थिक कारोबार वैधरूपमा मात्रै गर्न उनले आह्वान पनि गरेका छन्। 'म ब्ल्याक अथवा ह्वाइट भन्दिनँ, बैंकिङ प्रणालीबाट कारोबार गर्न आग्रह गर्छु। ठाउँका आधारमा उम्मेदवारहरूले कति खर्च गर्ने भन्ने मापदण्ड हामीहरूले वैज्ञानिक रूपमै बनाएका छौं, यसको कार्यान्वयन गर्नुहुन्छ भन्नेमा पूर्ण विश्वस्त छौं,' कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले भने।

आयोगले उम्मेदवारहरूलाई चुनाव प्रचारका लागि बिहान ७ देखि साँझ ७ बजेसम्मको समयसीमा तोकेको छ। आयोगले बैंकिङबाट मात्र कारोबार गर्न, २५ हजार रुपैयाँभन्दा बढी चन्दा वा सहयोग लिँदा बैंक खाता अनिवार्य प्रयोग गर्न उम्मेदवारहरूलाई निर्देशन दिएको छ। हालसम्म ६७१ उम्मेदवारले मात्रै बैंक खाता खोलेको निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए। 'सबै दलहरूले बैंकिङ प्रणालीमार्फत् खर्च गर्न आयोगले गरेको अनुरोधलाई सकारात्मक रूपमा लिनुभएको छ र उहाँहरूले प्रतिबद्धता पनि जनाउनुभएको छ,' उनले भने।

परिणाम घोषणा भएको ३५ दिनभित्र दलहरूले निर्वाचन आयोगमा र उम्मेदवारहरूले जिल्ला वा प्रादेशिक निर्वाचन आयोगका कार्यालयमा खर्च विवरण पेस गर्न पनि आयोगले भनेको छ। आयोगले हातहतियार वा विस्फोटक पदार्थको प्रदर्शन वा प्रयोग नगर्न, आर्थिक प्रलोभन देखाउन, धर्म भजाउने वा प्रतिज्ञा गराउनेजस्ता कार्य नगर्न दलहरूलाई निर्देशन दिएको छ। सार्वजनिक भोज आयोजना नगर्न र त्यसमा सहभागी नहुन पनि आयोगले भनेको छ।

आयोगले चुनाव प्रचार-प्रसारका क्रममा प्रतिस्पर्धात्मक बहुदलीय संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आँच आउने वा खलल पुऱ्याउने कार्य नगर्न पनि दलहरूलाई भनेको छ। राजावादी समूहहरूले यसमा विरोध जनाएका छन्। भाषा, धर्म, समुदाय वा क्षेत्रीयताका आधारमा कसैप्रति घृणा वा द्वेष नफैलाउन, सभामा सहभागी हुने उद्देश्यबाहेक चुनाब प्रचारमा साउण्ड सिस्टम प्रयोग नगर्न पनि आयोगले भनेको छ।

आयोगले मतदान सुरु हुनु ४८ घन्टाअघिदेखि मतगणना पूरा नभएसम्म प्रचार-प्रसार नगर्न निर्देशन दिएको छ। उम्मेदवारलाई सरकारी वा सार्वजनिक निकाय तथा एनजिओबाट चन्दा वा आर्थिक सहयोग नलिन पनि आयोगले भनेको छ। आयोगले उम्मेदवारलाई कुनै पनि संघसंस्था, क्लब, आमा समूह, आश्रम वा कसैलाई पनि नगद वा जिन्सी सहयोग नगर्न र सहयोगको आश्वासन समेत नदिन सचेत गराएको छ। आयोगले धर्मका नाममा प्रचारप्रसार नगर्न र नगराउनसमेत कडाइपूर्वक निर्देशन दिएको छ।

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८२/११/०५

यस बैंकको निक्षेपकर्ता श्री कालिदास श्रेष्ठको नाति, श्री अनन्त नारायण श्रेष्ठको छोरा, श्रीमती दुर्गा देवि श्रेष्ठकी पति, सुनसरी जिल्ला धरान उप-महा-नगरपालिका वडा नं. २ बस्ने वर्ष ७९ को **श्री ललित बहादुर श्रेष्ठ** (ना.प्र.प.नं १२३२ /३६७८, जारी मिति २०४३/०१/१४ जारी गर्ने कार्यालय जि.प्र.का. सुनसरी) को मिति २०८२/०९/०६ गते सुनसरी जिल्ला धरान उप-महा-नगरपालिका वडा नं. २ मा निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको श्रीमती दुर्गा देवि श्रेष्ठले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको श्रीमती दुर्गा देवि श्रेष्ठको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/११/०५)

यस बैंकको तपशिलको ऋणी संस्थाले हेटौडा शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ।

ऋणी संस्थाको नाम : मेरीगोल्ड बचत तथा ऋण सहकारी संस्था लिमिटेड।
रजिष्टर्ड ठेगाना : हेटौडा-४, स्कुलरोड, मकवानपुर।
हालको ठेगाना :- हेटौडा-४, स्कुलरोड, मकवानपुर **दर्ता नंः- २२/०६९/०७०**

संचालक तथा जमानीकर्ताको विवरण

१) नाम : दिपक खड्का (अध्यक्ष तथा जमानीकर्ता) बुवा : कमल बहादुर खड्का बाजे : मान बहादुर खड्का ना प्र नं. : १८३५० ठेगाना : रातोमाटे-२, मकवानपुर	**५) नाम : गणेश अधिकारी (संञ्चालक तथा जमानिकर्ता)** बुवा : गोबिन्द अधिकारी बाजे : बलराम अधिकारी ना.प्र.नं : ३११०२०/५४२३४ ठेगाना : हाँडीखोला-६, मकवानपुर
२) नामः गोपाल बहादुर थपलिया (उपाध्यक्ष तथा जमानीकर्ता) बुवा : रत्न बहादुर थपलिया बाजे : बल बहादुर थपलिया ना.प्र.नं : ३९४७ ठेगाना : चुरियामाई-२, मकवानपुर	**६) नाम : राजमणी शर्मा (सह-सचिव तथा जमानिकर्ता)** बुवा : शालिकराम शर्मा बाजे : धनन्जय शर्मा ना.प्र.नं : २०१२ ठेगाना : चुरियामाई-२ , मकवानपुर
३) नाम : कुमार लो (सचिव तथा जमानिकर्ता) बुवा : राम बहादुर लो बाजे : ना.प्र.नं : ४४/२९४११ ठेगाना : चुरियामाइ -५, मकवानपुर	**७) नाम : कृष्ण प्रसाद घिमिरे (संचालक तथा जमानिकर्ता)** बुवा : नुर प्रसाद घिमिरे बाजे : ना.प्र.नं : ३१८२३५ ठेगाना : हेटौडा-९, मकवानपुर
४) नाम : प्रेम प्रसाद गौतम (कोषाध्यक्ष तथा जमानिकर्ता) बुवा : वालकृष्ण गौतम बाजे : टोक प्रसाद गौतम ना.प्र.नं : १०/०६३ ठेगाना : चुरियामाइ-२, मकवानपुर	

धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :
१. श्री श्री मान बहादुर खड्काको नाती श्री कमल बहादुर खड्काको छोरा मकवानपुर जिल्ला रोतोमाटे न.पा. वडा नं. २ स्थायी ठेगाना भएको **दिपक खड्काको** नाममा मालपोत कार्यालय, हेटौडा, मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स वडा नं. २ को कित्ता नं त्रमश ५०९९ र १३७३ को क्षेत्रफल त्रमश ०-२-०-० र ०-१-५-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

National | राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web.: www. ncbl.coop

हार्दिक श्रद्धाञ्जली



स्व. गणेश कुमार भण्डारी

नेपाल जुडो महासंघका उपाध्यक्ष श्री हेमराज भण्डारीज्यूको पुजनीय पिता **गणेश कुमार भण्डारी**ज्यूको २०८२ साल माघ १९ गते असामयीक निधन भएको खबरले नेपाल जुडो महासंघ स्तब्ध भएको छ। मृतक गणेश कुमार भण्डारीज्यूप्रति नेपाल जुडो महासंघका पदाधिकारीहरु हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दछौं।

दिपक हर्ष बज्राचार्य
अध्यक्ष
तथा
नेपाल जुडो महासंघ परिवार

पशुपति भेन्चर लिमिटेड
का.म.न.पा वडा नं. ०४, धुम्वाराहि, काठमाण्डौ
फोन नं.: ०१-४५३६३२५ फ्याक्स नं.: ०१-४५३३६१०

दोश्रो वार्षिक साधारण सभा सम्बन्धि सूचना

दोश्रो पटक प्रकाशित मिति २०८२/११/०५ गते

यस कम्पनीको संचालक समितिको मिति २०८२/१०/१९ गते बसेको संचालक समितिको निर्णय बमोजिम यस कम्पनीको दोस्रो वार्षिक साधारणसभा (आ.व २०८१/८२) निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

वार्षिक साधारण सभा हुने मिति, समय र स्थान
मिति : २०८२ फाल्गुन ११ गते, सोमबार (23 February 2026, Monday)
स्थान : धुम्र बराह भेन्यु , धुम्बराहि।
समय : विहान ११:०० बजे देखि।

छलफलका विषयहरु :
१) आ.व. २०८१/८२ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने सम्वन्धमा।
२) आ.व.२०८१/८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाव पारित गर्ने सम्वन्धमा।
३) आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा।
४) कम्पनीको यावत गतिविधिहरुको समिक्षा एवंम् संचालकहरुको कार्यकालको सम्वन्धमा।
५) कम्पनीको शेयर सार्वजनिक निष्कासन (IPO) सम्वन्धि विशेष प्रस्ताव।
६) विविध।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोट : साधारण सभा सम्बन्धी सूचना र थप जानकारी यस कम्पनीको सूचना पाँटीमा समेत टाँस गरीने ब्यहोरा जानकारी गराउँदै साधारण सभामा उपस्थित भई दिनुहुन पनि हार्दिक अनुरोध गर्दछु।

स्कुलबसको...

पृष्ठ १ बाट क्रमशः

बस चलाइरहेका ४४ वर्षीय भक्तबहादुर गुरुङ र अञ्जुलीको ग.१क ६४०३ नम्बरको बस चलाइरहेका ४८ वर्षीय डम्बरबहादुर गुरुङलाई नियन्त्रणमा लिइएको छ। त्यस्तै, एसओएसको ग.१क ६४३३ नम्बसको बस चलाउँदै गर्दा ४७ वर्षीय पदम विक र माउन्ट हेभनको ग.१क ३६७४ नम्बरको बस चलाइरहेका ३३ वर्षीय आनन्द परियारलाई पनि पक्राउ गरेको छ।

मादक पदार्थ सेवन गरेर स्कुलबस चलाउने गरेको व्यापक गुनासो आएपछि जाँच गर्दा पजिटिभ रिपोर्ट देखिएका पाँच चालकलाई बससहित नियन्त्रणमा लिइएको डिएसपी बस्नेतले बताए। 'जिल्लाका विभिन्न स्थानमा सञ्चालित स्कुलका बसचालकहरूले मापसे गरेर चलाउने गरेको गुनासो व्यापक मात्रामा आएका थिए। त्यसैअनुसार सोमबार बिहान आकस्मिक रूपमा खटिएको टोलीले चेकिङ गर्दा पाँच स्कुलका बसचालकले मापसे गरेको भेटियो। बससहित चालकहरूलाई तत्काल नियन्त्रणमा लिइएको छ,' उनले भने, 'उनीहरूमाथि थप अनुसन्धान सुरु भएको छ। जरिवाना गराएर छाड्दैनौं, सार्वजनिक कसुरमा मुद्दा अघि बढाउँछौं। सम्बन्धित विद्यालयलाई समेत आवश्यक कारबाही गर्छौं।'

मापसे गरेर स्कुलबस चलाउने गरेको गुनासो विगतदेखि नै आउने गरेको थियो। तर, विद्यालय सञ्चालक भने आइतबार शिवरात्रि भएका कारण रातिकै मापसे बिहान पजिटिभ देखिएको हुन सक्ने तर्क गर्छन्। 'आज मापसेमा परेका चालकले हाम्रोमा गाडी चलाउन थालेको ६-७ महिना मात्र भयो। मापसे गरेको थाहा पाइएको थिएन। हिजो शिवरात्रि थियो, खायो होला कि। आज विद्यार्थी लिन निस्किने वेला विद्यालयमा म नै थिएँ, मापसे गरेजस्तो त लागेको थिएन,' विन्ध्येश्वरीका प्रिन्सिपल कृष्णकुमार श्रेष्ठले भने, 'मेसिनले परीक्षण गर्दा मापसे देखाइहाल्यो, त्यसमा हामी बोल्न मिलेन। अब हामी चालकदेखि चनाखो हुनुपर्ने भयो।'

मापसे गरेको चालकले आफूहरूका बच्चा बोकेको थाहा पाएपछि अभिभावकहरू चिन्तित भएका छन्। बसमा बच्चा पठाएर घरमा अभिभावक ढुक्कले बस्नुहुँदैन भन्ने पाठ यो घटनाले सिकाएको कुमुदिनीका एक अभिभावकले बताए। 'हामीले विद्यालयलाई भनेजति शुल्क तिरेका छौं, किनकि हाम्रो बच्चाको भविष्य राम्रो होस् भनेर। आज चालकहरूबाट मापसे भएको जुन कुरा देखियो यो गम्भीर विषय हो। बस कतै दुर्घटना भएको भए जिम्मा कसले लिन्थ्यो ? धन्न कुनै अप्रिय घटना भएन,' उनले भने, 'विद्यालय समयभित्र विद्यार्थीको सम्पूर्ण जिम्मा विद्यालयकै हुनुपर्छ। हामी देखिने गरी बोल्ने अवस्था पनि छैन। कि बच्चालाई त्यो विद्यालयबाट निकाल्नुपऱ्यो, होइन भने हामीले बोल्दा बच्चालाई टर्चर देला। प्रहरीले चालकलाई मात्रै होइन, विद्यालय र सञ्चालकलाई पनि कारबाही गर्नुपर्छ।'



एमालेलाई बारामा विरासत जोगाउने चुनौती

जेन-जी आन्दोलनको मागअनुसार दुई वर्षअघि हुनलागेको निर्वाचनमा एमाले, कांग्रेस, नेकपा, रास्वपा र जसपा नेपालबिच कडा प्रतिस्पर्धा

बारामा **इन्दीप कोइराला**

आगामी २१ फागुनको निर्वाचन नजिकिँदै गर्दा बारा जिल्लाका चारवटै क्षेत्रका उम्मेदवार घरदैलोमा व्यस्त छन्। मतदातासँग भेटघाट गर्ने, समस्या सुन्ने, समाधानको प्रतिबद्धता व्यक्त गर्ने मात्र होइन, उम्मेदवारहरू नयाँ योजना र आश्वासन बाँड्दै मतदाताको मन जित्न घरदैलोमा दौडधुप गरिरहेका छन्। यतिबेला बाराका चारवटै निर्वाचन क्षेत्रमा चुनावी सरगर्मी बढेको छ।

चार निर्वाचन क्षेत्र रहेको बारामा यसअघिका सांसद बारा १ का उम्मेदवार अच्युतप्रसाद मैनाली, बारा ३ की ज्वालाकुमारी साह र तत्कालीन एकीकृत समाजवादीबाट पुनः एमालेमा समाहित भएका बारा ४ का कृष्णकुमार श्रेष्ठ किसानलाई आफ्नो विरासत राख्ने चुनौती छ। किसानको आगमनसँगै बाराका तीन क्षेत्रमा यसअघिको नतिजालाई कायम गर्ने योजनामा एमाले छ।

बारा २ मा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव उपचुनावमार्फत विजयी भएका थिए। जसपा नेपालले योपटक नयाँ उम्मेदवार उठाएको छ। यसअघि बारामा सफलता हात पार्न नसकेको कांग्रेस योपटक जितको खोजीमा रहनेछ। तर, जेन-जी विद्रोहसँगै पुराना दलप्रति मतदाता अझै खुल्न सकेका छैनन्। यसको फाइदा रास्वपाले लिने देखिएको छ। जसकारण बारामा चारपक्षीय भिडन्तको आकलन गरिएको छ।

बाराका चारैवटा निर्वाचन क्षेत्रबाट ११० जनाको उम्मेदवारी कायम रहेको निर्वाचन कार्यालयले जानकारी दिएको छ। स्वतन्त्र उम्मेदवारमध्ये कोही डमी उम्मेदवार छन्। दलले साधन-स्रोतको प्रयोग गर्न डमी उम्मेदवार दर्ता गर्न लगाउने चलन छ। तर, कोही भने दलका उम्मेदवारलाई नै चुनौती दिने गरी प्रतिस्पर्धा गर्न मैदानमा होमिएका छन्। जेन-जी आन्दोलनका कारण दुई वर्ष पहिल्यै हुनलागेको निर्वाचनमा नयाँ पुस्ता र नयाँ दलको चर्चा भए पनि बारामा भने पुरानैको वर्चस्व देखिएको छ। एमाले, कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी नै प्रतिस्पर्धामा देखिएका छन्। यी पाँच पार्टीले क्षेत्रदेखि वडासम्म निर्वाचन परिचालन कमिटी तयार गरेर प्रचारप्रचार तीव्र पारेका छन्।

■ बारा १ मा त्रिपक्षीय भिडन्त

बारा १ मा प्रमुख दलसहित २० उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्। तीमध्ये सातजना स्वतन्त्र उम्मेदवार छन्। यो क्षेत्रमा एमाले, कांग्रेस, नेकपा, रास्वपा र जसपा नेपाल कडा प्रतिस्पर्धामा छन्। एमालेका अच्युतप्रसाद मैनाली, कांग्रेसका शम्भुबहादुर बुढाथोकी, जसपा नेपालबाट रामबाबुप्रसाद यादव, रास्वपाका गणेश धिमाल र नेपाली कम्युनिस्ट पार्टीका सन्तोष दंगाल उम्मेदवार बनेका छन्। जसपा नेपाल अन्य दलका निम्ति अर्को चुनौती हो। पहिलो संविधानसभा निर्वाचनमा भाग लिएका यादवसँग चुनावी अनुभव छ। मधेशकेन्द्रित दल भएकै कारण जसपासँग राम्रो मतभार छ। जसपाको मत यसअघि निर्वाचनमा निर्णायक मतको रूपमा साबित हुँदै आएको थियो। पाँच पालिकाका ४८ वडा रहेको यस क्षेत्रमा एक लाख २३ हजार ९८५ मतदाता छन्।

राष्ट्रिय प्रजातन्त्र पार्टी, श्रम संस्कृति पार्टी, उज्यालो नेपाल पार्टी, जनमत पार्टी, आमजनता पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, जनता समाजवादी पार्टी नेपाल, मंगोल नेसनल अर्गनाइजेसन र प्रगतिशील लोकतान्त्रिक पार्टीका उम्मेदवार पनि क्रियाशील छन्। अघिल्लोपटक जितेको क्षेत्रमा विरासत जोगाउने चुनौती एमालेसामु छ। मैनालीले तेस्रोपटक निर्वाचनमा भाग लिएका हुन्। कांग्रेसका उमाकान्त चौधरी ०७४ मा विजयी भएका थिए। कांग्रेसलाई विरासत फर्काउने जिम्मा शम्भुबहादुर बुढाथोकीलाई छ। तर, रास्वपाले पनि चुनौती दिने देखिएको छ। ०७९ पराजित गणेश धिमाललाई रास्वपाले पुनः उम्मेदवार बनाएको छ।

■ उपेन्द्र सप्तरी गएपछि जसपालाई विरासत जोगाउन चुनौती

बारा २ मा १६ दल र १३ स्वतन्त्र गरेर २९ उम्मेदवार चुनावी मैदानमा छन्। यहाँ कांग्रेस, एमाले, प्रगतिशील लोकतान्त्रिक पार्टी र जसपाबिच प्रतिस्पर्धा हुने देखिएको छ। बारा २ जसपा नेपालबाट हालका उपराष्ट्रपति रामसहायप्रसाद यादव निर्वाचित भएको क्षेत्र हो। यो क्षेत्रमा ०८० को उपचुनावमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव विजयी भएका थिए। उनी यसपटक सप्तरी ३ बाट उम्मेदवार बनेका छन्।

जसपाले नयाँ उम्मेदवार दिएका कारण विरासत जोगाउने चुनौती छ। यसपटक जसपाबाट रामकिशोरप्रसाद यादव, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट शिवचन्द्रप्रसाद कुशवाहा, एमालेबाट बलवीरप्रसाद चौधरी र कांग्रेसका भैयारामप्रसाद यादवबिच कडा प्रतिस्पर्धा हुने अनुमान छ। ६ पालिकाका ४४ वडा रहेको यस क्षेत्रमा एक लाख १३ हजार ८३९ मतदाता छन्। यो क्षेत्रमा नेपाली कम्युनिस्ट पार्टीबाट रमेशप्रसाद यादव, राष्ट्रिय स्वतन्त्र पार्टीबाट चन्दनकुमार सिंह, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट लालबाबुप्रसाद साह तेली, जनमत पार्टीबाट राजेश साह, नेपाल मजदुर किसान पार्टीबाट चन्दनकुमार यादव, मंगोल नेसनल अर्गनाइजेसनबाट राधादेवी महरा उम्मेदवार छन्।

■ बारा ३ मा बहुपक्षीय भिडन्तले चुनाव रोचक बन्दै

बारा ३ मा एमाले र कांग्रेसको पकड बलियो भए पनि बहुपक्षीय भिडन्त हुने देखिन्छ। दुवै दलले पूर्वमन्त्री तथा प्रभावशाली नेताहरूलाई उम्मेदवार बनाएका छन्। कांग्रेसबाट फरमुल्लाह मन्सुर उम्मेदवार बनेका छन्। ०४८ देखि निरन्तर यस क्षेत्रबाट टिकट पाउँदै आएका मन्सुरले पार्टीभित्रको प्रतिस्पर्धाका बाबजुद टिकट सुरक्षित गरेका हुन्। तर, उनको उम्मेदवारीसँगै कांग्रेसभित्र संस्थापन देउवा समूह र नयाँ नेतृत्वबिचको मतभेद सतहमा आएको छ। बारा जिल्ला सभापति राजेश राय यादवसहित संस्थापन समूहका केही नेताहरू चुनावी अभियानमा सक्रिय नदेखिएको चर्चा छ।

एमालेबाट निवर्तमान सांसद ज्वालाकुमारी साह उम्मेदवार बनेकी छिन्। अघिल्लो कार्यकालमा सांसद रहेकी साहले क्षेत्रका विभिन्न विकास योजनामा पहल गरेको एमालेको दाबी छ। यस क्षेत्रमा जसपा नेपालले रामबाबुकुमार यादव, नेपाली कम्युनिस्ट पार्टीले भरत साह, राष्ट्रिय स्वतन्त्र पार्टीले अरबिन्द साहलाई मैदानमा उतारेको छ। राप्रपाले राजेन्द्रप्रसाद जैसवार, जनमत पार्टीले प्रमोदप्रसाद गुप्ता, नेमकिपाले रामएकवाल राउतलाई मैदानमा उतारेको छ। तीन पालिकाका ३७ वडा रहेको यस क्षेत्रमा एक लाख १३ हजार ५२१ मतदाता छन्।

■ बारा ४ मा अनुभवी र नयाँ उम्मेदवारबिच टक्कर

६ पालिकाका ३८ वडा रहेको बारा ४ मा एक लाख १४ हजार ४३९ मतदाता छन्। यो क्षेत्रमा पुराना र केही नयाँ अनुहार र स्वतन्त्र गरी ३७ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा देखिएका छन्। ठुला दलहरूले अनुभवी नेताहरूलाई नै अघि सारेका छन्। केही दलले नयाँ उम्मेदवारमार्फत प्रतिस्पर्धा रोचक बनाउने तयारी गरेका छन्। ०७९ को निर्वाचनमा तत्कालीन एकीकृत समाजवादीबाट विजयी बनेका कृष्णकुमार श्रेष्ठ किसान यसपटक एमालेबाट उम्मेदवार छन्। उनी यो क्षेत्रमा विजय यात्रा दोहोऱ्याउने दाउमा छन्। तर, उनलाई रास्पवाका रहबर अन्सारी, नेकपाका अजय कुशवाह र कांग्रेसका श्यामबाबु गुप्ताले चुनौती दिइरहेका छन्। एमालेमा किसानको आगमनसँगै बाराका तीन क्षेत्रमा अघिल्लो नतिजालाई कायम गर्ने योजनामा एमाले देखिन्छ। त्यस्तै, राप्रपाबाट दिलीपकुमार शर्मा नेपाल, जसपा नेपालबाट सञ्जु साह कानु, जनमत पार्टीबाट हसनजान मिया, राष्ट्रिय जनमोर्चाबाट सरस्वती उपाध्याय, प्रलोपाबाट अवधकिशोर प्रसाद कुशवाह मैदानमा छन्।

■ यस्तो छ बाराको चुनावी अंकगणित

● महिला : २,१०,००९ ● पुरुष : २,५५,७६३ ● अन्य : १२ ● कुल मतदाता : ४,६५,७८४
● मतदानस्थल :३०५ ● मतदान केन्द्र : ५८७● उम्मेदवार : ११०



● बारा १
मतदाता : १,२३,९८५
महिला : ५७,५५८
पुरुष : ६६,४२३
अन्य: ४
मतदानस्थल :८६
मतदान केन्द्र : १६१
उम्मेदवार : २०

● बारा २
मतदाता : १,१३,८३९
महिला : ४९,८४५
पुरुष : ६३,९९४
मतदानस्थल : ८२
मतदान केन्द्र : १४५
उम्मेदवार : २९

● बारा ३
मतदाता : १,१३,५२१
महिला : ५१,२६६
पुरुष : ६२,२५३
अन्य : २
मतदानस्थल : ७६
मतदान केन्द्र : १४४
उम्मेदवार : २४

● बारा ४
मतदाता : १,१४,४३९
महिला : ५१,३४०
पुरुष : ६३,०९३
अन्यः ६
मतदानस्थल : ६१
मतदान केन्द्र : १३७
उम्मेदवार : ३७

■ ०७९ मा दलहरूले पाएको समानुपातिक मत

बारा १ : ● कांग्रेस : २३,९४२ ● एमाले : २०,९८१ ● जसपा नेपाल : ११,८०९ ● रास्वपा : ५,१२१ नेकपा : ५,३१७ (तत्कालीन माओवादी र एकीकृत समाजवादी)

बारा २ : ● जसपा नेपाल : १३,२४२ ● कांग्रेस : ११,१७९ ● एमाले : ९,१९३ ● जनमत : ८,८४६ ● नेकपा : ५,२६१ (तत्कालीन माओवादी र एकीकृत समाजवादी) ● लोसपा नेपाल : ४,२३५

बारा ३ : ● एमाले : १४,९७३ ● जसपा नेपाल : १२,६९८ ● कांग्रेस : ९,५८५ ● जनमत : ५,२२५ ● रास्वपा : ५,०९५

बारा ४ : ● एमाले : १४,७८८ ● नेकपा : ११, २५२ (तत्कालीन माओवादी र एकीकृत समाजवादी) ● लोसपा नेपाल : १०,९११ ● कांग्रेस : ६,४७२ ● रास्वपा : ६,२५६ ● राप्रपा : ५,६६२



प्रचारभन्दा परिणाममुखी काममा एमालेको जोड छ

● **मनोज पौडेल**, सचिव, एमाले मधेश प्रदेश

एमाले प्रचारमुखी नभई कार्यमुखी दल हो। संगठित ढंगले चुनावी अभियान अघि बढाएका छौं। जिल्ला, क्षेत्र, पालिका, वडा र बुथ तहसम्म प्रचार-प्रसार समिति गठन गरी सम्पर्क कार्यालय सञ्चालनमा ल्याइएको छ। पार्टीका चारैजना उम्मेदवार निरन्तर घरदैलो अभियानमा सक्रिय छन्। विगतमा एमालेले गरेका विकास निर्माणका काम, सुदृढ संगठन र अनुशासित संरचनाका कारण यसपटक पनि जनताबाट सकारात्मक समर्थन प्राप्त हुने विश्वास छ।



सुशासन र दिगो विकासको एजेन्डा जनताले रुचाएका छन्

● **राजेश रौनियार**, सचिव, कांग्रेस बारा

जिल्लाका चारै क्षेत्रलाई समेटेर जिम्मेवारी बाडफाँट गरिएको छ र नेता तथा कार्यकर्ताहरू सक्रिय रूपमा प्रचार-प्रसारमा खटिएका छन्। जिल्ला, क्षेत्र, पालिका, वडा र बुथस्तरमा प्रचार-प्रसार समिति गठन गरी सम्पर्क कार्यालय सञ्चालनमा ल्याइएको छ। पार्टीको सुशासन र दिगो विकासको एजेन्डा लिएर उम्मेदवारहरू घरदैलोमा पुगिरहेका छन्। मतदाताले हाम्रो नारा रुचाएका छन्। कांग्रेस नयाँ भएर आएको छ। कांग्रेस काममा विश्वास गर्ने भएकाले फिल्डमा बलियो स्थिति बनाइरहेका छौं।



पार्टीको एजेन्डाका कारण परिणाम हाम्रो पक्षमा आउँछ

● **रविराज दगाल**, नेता नेकपा

पार्टीको एजेन्डामा आधारित कामले मुलुकमा सकारात्मक परिणाम ल्याएको छ। यसले हाम्रो पक्षमा लहर सिर्जना भएको छ। चारै क्षेत्रलाई समेटेर जिम्मेवारी बाँडफाँट गरिएको छ। पार्टीका उम्मेदवार नयाँ पुस्ता र अनुभवी छन्। पार्टीले अघि सारेका विकास र सुशासनसम्बन्धी एजेन्डा नै मुलुकलाई अगाडि बढाउने आधार बनेको छ। पार्टी सरकारमा रहँदा गरेका लोकप्रिय कार्यक्रम र योजनाले जनमानसमा नेकपाप्रतिको विश्वास बढाएको छ।



जनमत हाम्रो साथमा छ, विजय सुनिश्चित छ

● **रामहरि खरेल**, सचिव, रास्वपा बारा

देश परिवर्तन र सुशासनको स्पष्ट लक्ष्यसहित रास्वपाका उम्मेदवारहरू यतिबेला जनताको घरदैलोमा सक्रिय छन्। विगतमा जनताले विभिन्न दललाई विश्वासका साथ मत दिए पनि अपेक्षित परिणाम प्राप्त गर्न सकेनन्। हामी सत्ता होइन, प्रणाली सुधार र देश निर्माणका लागि चुनावमा होमिएका हौं। रास्वपा नयाँ सोच, स्पष्ट दृष्टिकोण र जिम्मेवार नेतृत्वसहित अघि बढिरहेको छ। जनताको अपार समर्थनका कारण बाराका चारवटै क्षेत्रमा पार्टीको जित सुनिश्चित छ।

संक्षेप

रामेछाप दुर्घटनामा मृत्यु हुनेको संख्या १३ पुग्यो

रामेछाप/ तामाकोशी नदीमा गाडी दुर्घटना हुँदा बेपत्ता भएका तीनजनामध्ये मन्थली नगरपालिका- २ का नौ वर्षीय क्रिचन तामाङको शव फेला परेको छ। योसँगै मृत्यु हुनेको संख्या १३ पुगेको छ। उनको शव दुर्घटनास्थलबाट करिब दुई किलोमिटर तल सिन्धुलीको तल्लो खुर्कोट बजारको सुनकोशी नदीछेउमा आइतबार बिहान फेला परेको हो। दुर्घटनास्थलबाट शव नदीले बगाउँदै लगेको हुन सक्ने जनाइएको छ। दुर्घटनामा परी लिखु तामाकोशी गाउँपालिका- ७ तिल्पुङका आठ वर्षीय रोनिश तामाङ र उमाकुण्ड गाउँपालिका- ६ गुप्तेश्वरका २४ वर्षीय विशाल सुनुवारको अवस्था भने अझै अज्ञात छ। गत २७ माघमा काठमाडौंबाट मन्थली-खुर्कोट पुष्पलाल सडक हुँदै रामेछापको लिखु तामाकोशी गाउँपालिकाको तिल्पुङ-सिरिसे-ढाँडे हुँदै ओखलढुंगातर्फ जाँदै गरेको बाप्र ००१-०५ ख ९९७५ नम्बरको पूर्व अरनिको यात्रुवाहक बस मन्थली नगरपालिका- ६ स्थित त्रिवेणी मन्दिरनजिकै दुर्घटनामा परी १२ जनाको ज्यान गएको थियो।

भ्रष्टाचार मुद्दामा १० जनालाई सफाइ

काठमाडौं/ विशेष अदालतले भ्रष्टाचारसम्बन्धी दुई मुद्दामा सफाइ दिने फैसला गरेको छ। एउटै इजलासबाट गत मंसिरमा दायर दुई छुट्टाछुट्टै मुद्दामा सोमबार सफाइ दिने फैसला भएको हो। विशेषका सदस्यहरू नारायणप्रसाद पौडेल र विदुर कोइरालाको इजलासले दुई महिनाअघिका मुद्दामा फैसला गरेको हो। हानिनोक्सानी र झुटा विवरण पेस गरी भ्रष्टाचार गरेको भनी दायर ती मुद्दामा विशेषले सफाइ दिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कपिलवस्तुको मायादेवी गाउँपालिकामा सिनियर अहेव पदमा कार्यरत महेन्द्रप्रसाद यादवसमेत सातजनालाई प्रतिवादी बनाई मुद्दा चलाएको थियो। ०७५/७६ मा स्वास्थ्यसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्न भनी २२ लाख ६२ हजार रुपैयाँभन्दा बढी रकम पेस्की लिएकोमा उनले दुई लाख ४५ हजार रुपैयाँको मात्र बेरुजु फर्स्योट गराएका थिए। इजलासले चारजना प्रतिवादी रहेको अर्को मुद्दामा पनि सबै प्रतिवादीलाई सफाइ दिएको छ। कञ्चनपुरको बेलडाँगी गाउँपालिकाका कर्मचारीसमेत प्रतिवादी रहेको मुद्दामा विशेषले यस्तो फैसला गरेको हो।

मिथिला मध्यमा परिक्रमा सुरु

जनकपुरधाम/ मिथिलाको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पहिचान बोकेको १५ दिने मिथिला मध्यमा परिक्रमा सुरु भएको छ। धनुषाको मिथिला बिहारी नगरपालिका- ८ कचुरीस्थित मिथिला बिहारी मन्दिरबाट सोमबार झाँकी, कीर्तन परिक्रमाको डोला निकालिएसँगै परिक्रमा विधिवत् रूपमा सुरु भएको हो। १५ दिनसम्म चल्ने यात्रामा १३३ किलोमिटर पैदल हिँडेर नेपाल र भारतका गरी १५ स्थानमा रात्रि विश्राम गरिन्छ। कचुरीबाट निस्केको टोली पहिलो दिन साँझ जनकपुरधामस्थित हनुमानगढीमा पुगेर विश्राम गर्छ। त्यसपछि जनकपुरधामको सुन्दर सदन मन्दिरबाट किशोरीजी र रामजानकीसहित अन्य मन्दिरबाट आएका डोला जम्मा भई परिक्रमा अघि बढ्छ। १८औँ शताब्दीदेखि सुरु भएको मानिने परिक्रमामा मिथिलाको धार्मिक भूगोल परिक्रमा गर्दै रामसीताको पदचिह्न पछ्याइन्छ।

३० बिघा उखुखेतीमा आगलागी, करोडभन्दा बढीको क्षति

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको लहान नगरपालिका- १३ घलेटोलमा काट्न तयार रहेको उखुमा सोमबार दिउँसो आगलागी हुँदा करिब तीस बिघा क्षेत्रफलको उखु जलेर नष्ट भएको छ। आगलागीमा स्थानीय २५ जना किसानले करिब ३० बिघा क्षेत्रफलमा लगाएको उखु जलेर नष्ट हुँदा एक करोड १६ लाख रुपैयाँबराबरको क्षति भएको प्रहरीले जनाएको छ।

उखुखेतको मध्यभागबाट सोमबार दिउँसो सल्किएको आगोले काट्न तयार भएको उखु जलेर नष्ट भएको इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक कैलाश राईले जानकारी दिए। उनका अनुसार दिउँसो १ बजेतिर उखु खेतमा सल्किएको आगो लागेको जानकारी पाएलगत्तै प्रहरी घटनास्थल पुगेर स्थानीय बासिन्दाको सहयोगमा आगो मानव बस्तीमा जानबाट रोकिएको छ। आगो निभाउन लहान नगरपालिकाबाट गएको बारुणयन्त्रको पानी फाल्ने मोटर बिग्रिएपछि गोलबजार नगरपालिकाबाट आएको बारुणयन्त्रले करिब चार बजेतिर आगो पूर्णरूपमा नियन्त्रणमा लिएको उनले बताए। राईका अनुसार आगलागीको विषयमा अनुसन्धान थालिएको छ।



उखुबारीको मध्यभागबाट आगो सल्किएकाले उखुभित्र पसेर चुरोट, बिँडी पिएपछि ठुटो फालेर हिँडेको वा नियतवश आगो लगाएको हुन सक्ने आशंका गरिएको छ। उखु रोप्न र रोपिसकेपछि पनि मलखाद, सिँचाइको अभाव झेल्दै दुःख गरेर हुर्काएको एक बिघा क्षेत्रफलको उखु काटेर बेच्ने वेलामा आगलागीको चपेटामा परेपछि ठुलो मर्का परेको पीडित किसान विष्णु यादवले बताए।

नेपाली जनता पार्टीको घोषणापत्र सार्वजनिक

काठमाडौं/ नेपाली जनता पार्टीले संविधानलाई लिकमा ल्याउन निष्पक्ष, स्वच्छ र धाँधलीरहित निर्वाचनबाहेक अर्को विकल्प नभएको बताएको छ। सोमबार चुनावी घोषणापत्र सार्वजनिक गर्दै जनता पार्टीले राष्ट्रियताको रक्षा, लोकतन्त्रको सुदृढीकरण, भ्रष्टाचारको अन्त्य, बेरोजगारीको अन्त्य, सुशासनको स्थापनाको पक्षमा गम्भीर रहेको जनाएको छ। अध्यक्ष एवं पूर्वसांसद नवराज सुवेदीले सर्वसाधारण जनताको दैनिक जनजीवनमा आइपरेका समस्याका विषयमा पार्टी गम्भीर भएको बताए। मौलिक समाजवाद, प्रकृतिवाद र दिगो विकास, वैज्ञानिक मानवतावाद, सामाजिक न्याय र समान अवसरको नीति पार्टीले लिएको सुवेदीले बताए।

देश विकासको मेरुदण्ड मानव संसाधन भएको भन्दै पार्टीले शिक्षामा पूर्णरूपमा सरकारको दायित्व हुनुपर्नेमा जोड दिएको छ। शिक्षा प्रणालीलाई उत्पादन र रोजगारीसँग जोड्नुपर्ने आवश्यकता औंल्याइएको छ। सुलभ, सरल, वैज्ञानिक र व्यावहारिक स्वास्थ्य बिमा वा अन्य भरपर्दो आर्थिक माध्यमको ग्यारेन्टी गरी प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सुविधा उपलब्ध गराउनुपर्नेमा जोड दिइएको छ। जनता पार्टीले २१ फागुनको निर्वाचनका लागि समानुपातिकतर्फ ४७ उम्मेदवार उठाएको छ भने प्रत्यक्षतर्फ कोशी, मधेश र लुम्बिनी प्रदेश समेट्ने गरी उदयपुर १, सप्तरी ४, रौतहट १, रुपन्देही २ र प्युठानमा गरी पाँच उम्मेदवार उठाएको छ।

डोटीमा विरासत फर्काउने र नयाँ इतिहास बनाउने दाउमा दलहरू

धनगढीमा **तेजराज भट्ट**

०७० यताका तीनवटै संसदीय चुनावमा विजयी भएर 'ह्यात्रिक' गरेका प्रेमबहादुर आले अहिले डोटीको चुनावी मैदानमा छैनन्। उनी यसपालि कैलाली ५ बाट प्रतिस्पर्धा गर्दै छन्। आलेको विरासतमा इतिहास रच्न डोटीमा नौजना उम्मेदवारबिच प्रतिस्पर्धा हुँदै छ।

निर्वाचनको मिति नजिकिँदै गर्दा उम्मेदवारहरू आफ्ना एजेन्डा लिएर मतदाताको घरदैलोमा पुगिरहेका छन्। यसले चुनावी माहोल तातेको छ। यसअघिको निर्वाचनको परिणाम र उम्मेदवारको पृष्ठभूमि हेर्दा प्रतिस्पर्धा रोचक हुने देखिएको छ। नेपाली कम्युनिस्ट पार्टीबाट कैलाली ५ मा उम्मेदवार बनेर चौथोपटक संसदीय यात्रामा रहेका आले ०७० र ०७४ मा एमाले तथा ०७९ मा तत्कालीन एकीकृत समाजवादीबाट निर्वाचित भएका थिए।

०७० मा उनी तत्कालीन डोटी २ बाट विजयी भए। राज्य पुनर्संरचनापछि डोटीमा एउटा मात्र निर्वाचन क्षेत्र कायम गरियो। आलेलाई ०७४ को वामगठबन्धन र ०७९ मा कांग्रेस र तत्कालीन माओवादीको समर्थन थियो।

तत्कालीन माओवादी, समाजवादीसहित दलहरू मिलेर बनेको नेकपाबाट आलेको विरासत कायम राख्न सुदूरपश्चिम प्रदेशका संस्थापक मुख्यमन्त्री त्रिलोचन भट्ट प्रतिस्पर्धा गर्दै छन्। संघीय संसद्मा जाने उनको यो तेस्रो प्रयास हो। ०६४ मा भट्ट डोटी १ बाट एमालेका हर्कबहादुर सिंह र ०७० मा डोटी २ मा एमालेकै आलेसँग पराजित भएका थिए।

०७४ मा भने भट्ट प्रदेश सभा २ बाट निर्वाचित भए। उनी पाँच वर्ष पूरै कार्यकाल प्रदेश सरकारको नेतृत्व गर्दा कुनै पनि काण्डमा मुछिएनन्। कांग्रेस १२ वर्षपछि विरासत फर्काउने दाउमा छ। ०७० को चुनावमा डोटी २ बाट निर्वाचित कांग्रेसका वीरबहादुर बलायर एउटै क्षेत्र कायम भएपछि भएको ०७४ को चुनावमा एमालेका आलेसँग पराजित भए। ०७९ को चुनावमा कांग्रेस, माओवादी र एकीकृत समाजवादीको गठबन्धन भएपछि कांग्रेसले डोटीमा आलेलाई सघायो। कांग्रेसले पाका नेता भरतबहादुर खड्कालाई उम्मेदवार बनाएको छ। पञ्चायतकालदेखि नै राजनीतिमा सक्रिय खड्का गाउँ तथा जिल्ला पञ्चायतको नेतृत्व गर्दै ०५४ मा कांग्रेसबाट जिविस सभापति भएका थिए। ०७० मा समानुपातिकबाट संविधान सभा सदस्य बनेका उनी ०७४ मा प्रदेश सभा १ बाट सुदूरपश्चिम प्रदेश सभा सदस्यमा निर्वाचित भएका थिए।

सुदूरपश्चिममा पार्टीभित्र देउवा पक्षको दबदबाबिच इतर समूहमा रहेर पटक-पटक अवसर पाउने नेतामा पर्ने खड्कालाई कांग्रेसको साख फर्काउने चुनौती छ। ०४८ देखि ०५४ सम्मका निर्वाचनमा साबिकका दुवै क्षेत्र कांग्रेसले जितको थियो। ०६४ मा भने क्षेत्र नम्बर २ मा माओवादीका खेम बम र १ मा एमालेका सिंह निर्वाचित भएका थिए।

एमालेबाट विद्यार्थी नेता दीपक धामी प्रतिस्पर्धा गर्दै छन्। उनी एमालेको विद्यार्थी संगठन अनेरास्वियुका अध्यक्ष हुन्। डोटीबाट पार्टीले तीनपटक चुनाव जितेको इतिहास फर्काउने प्रयासमा उनी छन्। ०७९ को निर्वाचनमा तत्कालीन एकीकृत समाजवादीका आले २७ हजार २१० मत ल्याएर निर्वाचित हुँदा उनका निकटतम प्रतिस्पर्धी एमालेका गौरीकुमारी ओलीले २३ हजार चार मत प्राप्त गरेकी थिइन्। यसअघिको निर्वाचनको परिणामका आधारमा डोटीमा कांग्रेस, एमाले, नेकपा र राष्ट्रिय स्वतन्त्र पार्टी प्रमुख प्रतिस्पर्धी देखिएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीबाट उद्योग वाणिज्य संघ डोटीका पूर्वअध्यक्ष नरेन्द्रबहादुर खड्का चुनावी मैदानमा छन्। ०७९ को चुनावमा स्वतन्त्र उम्मेदवारी दिएका खड्काले ६ हजार ६८९ मत पाएका थिए। तल्लो तहसम्म सांगठनिक उपस्थिति कमजोर भए पनि परिवर्तित परिस्थितिमा पार्टीप्रति देखिएको जनलहरको बलमा चुनाव जित्ने दाउमा रास्वपा देखिन्छ। गत चुनावमा डोटीबाट रास्वपाका केशव बलायरले ७७४ मत पाएका थिए।

समानुपातिकतर्फ कांग्रेसले २२ हजार ५१६, एमालेले २२ हजार ४५६, माओवादीले ६ हजार ९२४, एकीकृत समाजवादीले दुई हजार ३७३ र रास्वपाले एक हजार २४८ मत पाएका थिए। डोटीमा ६६ हजार ८२१ महिला र ६१ हजार ५७८ पुरुष गरी एक लाख २८ हजार ३९९ मतदाता छन्। ११८ मतदानस्थल र १८० मतदान केन्द्र छन्।

पार्टीमा एकता कायम गरेर अघि बढेका छौं



● **नरेन्द्रबहादुर सिंह**, सभापति, कांग्रेस डोटी

अहिले घरदैलो गरिरहेका छौं। ४ फागुनपछि आमसभा पनि गर्छौं। कांग्रेसको पक्षमा अहिले उत्साहजनक माहोल छ। यसपालि हामी पुरानो साख फर्काउने गरी लागेका छौं। विगतमा पार्टीभित्रको आन्तरिक कारणले पनि असहजता थियो, अहिले त्यो छैन। विशेष महाधिवेशनको पक्ष-विपक्ष पनि अब बाँकी रहेन। जिल्लाको विकास निर्माणका योजना मुद्दा बनाएर मत मागिरहेका छौं।

राष्ट्रियताको मुद्दालाई प्राथमिकता दिएका छौं



● **मञ्जु मलासी**, अध्यक्ष, एमाले डोटी

जिल्लामा युवालाई उम्मेदवार बनाएका छौं। पार्टी केन्द्रको घोषणापत्र पनि आउला। हामीले जिल्लामा पनि छुट्टै प्रतिबद्धतापत्र बनाएका छौं। जिल्लामा विकास निर्माणका मुद्दा समेटेर घरदैलो गरिरहेका छौं। अहिले राष्ट्र र राष्ट्रियता जोगाउनु प्रमुख आवश्यकता हो। विदेशी शक्तिसँगको लडाइ हो। देश र राष्ट्रियताको रक्षाका लागि एमालेलाई जिताउनुपर्छ भनेर मतदातालाई आग्रह गरिरहेका छौं।

मुख्यमन्त्री हुँदा गरेको काम जनताले देखेका छन्



● **केशवनाथ योगी**, नेता, नेकपा डोटी

त्रिलोचन भट्ट मुख्यमन्त्री हुँदा इमानदारितापूर्वक काम गरेको, जिल्लाको विकासका लागि खेलेको भूमिका र गरेको काम जनताले बुझेका छन्। विगतमा गरेका कामसँगै आगामी दिनमा गर्ने कामलाई जनतासमक्ष लगेर मत मागिरहेका छौं। त्यसवेलाको तुलनामा निकै थोरै विकास बजेट अहिले आउने गरेको छ। त्यसवेला सुरु भएका कतिपय योजना अहिले बजेट अभावले अलपत्र छन्। तिनलाई पूरा गर्ने हाम्रो प्रतिबद्धता छ।

सुशासनको मुद्दालाई प्राथमिकता दिएका छौं



● **केशव बलायर**, सभापति, रास्वपा डोटी

अहिले मतदाताको घरदैलो गएर भेटघाट गरिरहेका छौं। हाम्रो पार्टीप्रति राम्रो माहोल पाएका छौं। मतदाताको प्रतिक्रिया पनि राम्रो छ। मतदाताले परिवर्तन खोजेका छन्। सुशासन र पारदर्शितालाई चुनावको प्रमुख मुद्दा बनाएका छौं। योसँगै जिल्लामा विकासका मुद्दालाई पनि समेटेर प्रतिबद्धतापत्र तयार पारेका छौं। शिक्षा, स्वास्थ्य, पूर्वाधार विकासका मुद्दाहरू अघि सार्नुका साथै सुशासन नै हाम्रो प्रमुख एजेन्डा हो।

बंगलादेशी निर्वाचनका नेपाली बाछिटा

नेपाली र बंगलादेशी राजनीतिको चरित्र फरक भए पनि दुवै देशमा भएका आन्दोलनका मर्म तथा एजेन्डा एकै प्रकृतिका देखिन्छन्



● सादेशमणि पोखरेल

अग्रलेख

सन् १९४५ मा जर्ज अरवेलको कृति 'दि एनिमल फार्म' प्रकाशित भयो र छोटो समयमै विश्वविख्यातसमेत भयो। जसको मूल विषय थियो- विद्रोहको निरपेक्ष 'फ्याक्टर'को पहिचान। चेतनाका हिसाबमा यसलाई सांकेतिक विद्रोहको चेत, शक्तिमाथिको गति, प्रजातान्त्रिक आदर्श र वास्तविकतामाथिको भिन्नताको एक गतिलो उदाहरणका रूपमा लिइन्छ। वर्तमानमा यस कृतिलाई नेपाली र बंगलादेशी विद्रोहसँग जोडेर हेर्न सकिन्छ। अरवेलले एनिमल फार्ममा विद्रोहको विकल्प खोजेको पाइन्न, तर नेपाली र बंगलादेशी विद्रोहमा विकल्प खोजेको पाइन्छ, जसको विकल्प बंगलादेशमा भखेरै सम्पन्न निर्वाचन तथा नेपालमा अब हुन लागेको निर्वाचनले तय गर्नेछ।

बंगलादेशको राजनीतिक तरंगले दक्षिण एसियामा एक प्रकारको आयाम थपेको छ। भनिएको छ, बंगलादेश अब नयाँ प्रजातान्त्रिक मोडमा अघि बढेको छ। यस चुनावलाई विश्वले स्वीकार गरेको छ, जसलाई युरोपियन युनियन, भुटान, श्रीलंका, पाकिस्तान, नेपाललगायत करिब २१ मुलुकले पर्यवेक्षण गरेका थिए। यस आमनिर्वाचन तथा जनमत संग्रहलाई संवैधानिक सुधारको एक बलियो आधार भनिएको छ। संवैधानिक सुधारका आयामका लागि विगतमा बंगलादेशले अपनाएका लगभग सबै बाटा जनअपेक्षित भएका थिएनन्। यसैकारण पनि यस मोडलाई प्रजातान्त्रिक गतिशीलताको कार्यकारी बाटोसमेत भनिएको छ।

विद्यार्थी आन्दोलनको जगमा बनेको तथा अर्थशास्त्री मुहम्मद युनुसको संयोजकत्वमा बनेको सरकारले गराएको यस निर्वाचनको परिणामलाई बंगलादेशी आमजनताले सहर्ष स्विकारेको पाइन्छ। यस निर्वाचनको आधार विगतमा यसकै जगमा बंगलादेश नेस्नलिस्ट पार्टी (बिएनपी)का नेता तारिक रहमानले अब बंगलादेशी सरकारको नेतृत्व गर्ने पक्का भएको छ। करिब १७ वर्ष लामो निर्वासनबाट तारिक दुई महिनाअघि मात्र बंगलादेश फर्केका थिए। उनको दल बिएनपीले दुईतिहाइ मत प्राप्त गरेको थियो। बंगलादेशको राजधानी ढाकामा सम्बोधन गर्ने क्रममा मार्टिन लुथर किंगको सम्झना गर्दै बंगलादेशी विकासको सपना अब पूरा हुने बताएका थिए। विगतमा बंगलादेशमा हिन्दु-मुस्लिम दंगाका घटना बढ्दै गएका थिए। बंगलादेशमा सुन्नी समुदायका मुस्लिमको बाहुल्य छ र त्यहाँ हिन्दु तथा बौद्धधर्म मान्ने समुदाय पनि छन्।


बंगलादेशी जनताको परिवर्तनको खोजी विगत र वर्तमानमा खसेको मत प्रतिशतसमेतले बताएको छ। जसमा सन् २०२४ को जनवरीमा सेख हसिनाले गराएको निर्वाचनमा खसेको मत ४१.८४ प्रतिशत थियो भने वर्तमान निर्वाचनमा खसेको मत ५९.४१ प्रतिशत रहेको छ। विगतमा सेख हसिनाले गराएको संसदीय निर्वाचनलाई विश्व जगत्ले स्विकारेको थिएन। यसर्थ, पहिलाको चुनाव विधिका लागि मात्र भएको तर वर्तमान चुनाव प्रजातन्त्रउन्मुख राष्ट्रको पहिचानका लागि भनिएको छ। यसैकारण यसमा प्रजातन्त्रको रक्षा तथा शासन प्रणालीको सुदृढीकरण हुने विश्वास गरिएको छ। यसै मेसोमा दि न्युयोर्क टाइम्स लेख्छ- बंगलादेशमा समावेशी र प्रतिनिधिमूलक राजनीतिक वातावरण तय भएको छ।

सन् २०२४ को जुलाईमा भएको विद्यार्थी विद्रोह, जसलाई जुलाई घोषणापत्रले स्वीकार गरेको थियो। यसकै 'म्यान्डेट'अनुसार नै निर्वाचन भएको थियो। यसै निर्वाचनले मुलुकलाई प्रजातान्त्रिक पद्धतितर्फ अगाडि बढाएको विश्वास गरिन्छ। परिवर्तनको विश्वव्यापी वेग र चापको आडमा आज बंगलादेश फेरि नयाँ मोडमा छ। दक्षिण एसियामा परिवर्तनको फेरोका नारा लागिरहेको वर्तमान समयमा नेपालमा पनि सेप्टेम्बर २०२५ को जेन-जी विद्रोहको प्रभाव नेपाली राजनीतिमा पर्न सक्छ। यसमा नेपालमा अब हुने चुनावको म्यान्डेटसमेतले गतिशील र स्थिर सरकारको आशा गरेको छ। यसै आधारमा मेक्सिको, मोरक्को, केन्या, मादागास्कर, फिलिपिन्सजस्ता मुलुकमा समेत बंगलादेशी र नेपाली मोडेलका जेन-जी आन्दोलनका झिल्का देखापरेका थिए।

नेपालमा भएझैं राजनीतिमा युवा शक्तिको चासो बढ्ने संकेत बंगलादेशको यस निर्वाचनले दिएको छ। यति मात्र होइन कि यस निर्वाचनले जनताप्रति सैनिकको बढ्दो दमनलाई समेत न्यूनीकरण गर्न सहयोग गर्नेछ। यस दुईतिहाइको सरकारले छिमेकी तथा मित्रराष्ट्रसँगको सम्बन्धलाई थप सुदृढ गरी सहयोगका दायरालाई बृहत् गर्ने अपेक्षा राखिएको छ। बंगलादेशका युवा समुदायले यसलाई निष्पक्षता, आर्थिक अवसर निर्माण तथा भ्रष्टाचाररहित भविष्यको आशाका रूपमा समेत हेरेका छन्।

■ के-के छन् रहमानका घोषणापत्रमा ?

बंगलादेश नेस्नलिस्ट पार्टी (बिएनपी)का प्रमुख रहेका तारिक रहमानले चुनावी अपिल र घोषणापत्रका माध्यमबाट जनतामा आशा जगाएका थिए। जसमा उनको पहिलो नारा 'बंगलादेश फर्स्ट' वा 'बंगलादेश पहिलो' भन्ने थियो। यसमा उनले प्रतिबद्धताका ३१ बुँदा नामक घोषणापत्र जारी गरेका थिए। उनले परिवारको मुली महिला भएको घरमा दैनिक उपभोग्य वस्तु खरिदका लागि पारिवारिक कार्ड, किसानको बाली, अनुदान र कृषि बिमाका लागि कृषक कार्ड, योग्यताका आधारमा सरकारी जागिर, डिजिटल अर्थतन्त्रका लागि बंगलादेशमा बनेको ब्रान्डको प्रोत्साहन तथा निर्यातजस्ता प्रतिबद्धता उल्लेख थिए।



जवाफदेहिताका सम्बन्धमा उनको घोषणापत्रले संवैधानिक चुनाव प्रणालीका लागि जुलाई घोषणापत्रलाई स्वीकार गर्ने, भ्रष्टाचारमा शून्य सहनशीलता, जुलाई विद्रोहकेन्द्रित सत्य उपचार आयोग स्थापना, स्वतन्त्रता सहिदको पहिचान तथा मिडिया स्वतन्त्रतालाई जोड दिएका छन्। यीबाहेक आर्थिक सुधार, बैंकिङ तथा वित्त सुधार, सूचना प्रविधि सुधार, पूर्वाधार तथा ऊर्जा प्रणाली सुधार तथा कर प्रणालीको विधिजन्य सुधारका आयाम समेटेका छन्। यसका साथै आर्थिक कूटनीति, क्षेत्रगत सम्बन्ध, रक्षा नीति र अक्षुण्ण परराष्ट्र नीति, उनका घोषणापत्रका प्रमुख आधार हुन्। यसका साथै उनको घोषणापत्रमा प्रधानमन्त्री दुईपटक मात्र बन्न पाउने व्यवस्था, न्यायपालिका र सुरक्षा संयन्त्रलाई राजनीतिबाहिर राख्ने, बेरोजगार भत्ता, दुई सदनात्मक व्यवस्था, सूचना प्रविधिको क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानीजस्ता कुरासमेत उल्लेख गरेका छन्।

> बंगलादेशमा झैं नेपालमा पनि अनुभव तथा मर्यादामा आधारित राजनीतिक प्रणालीका आधारभूत विशेषता सम्मान, पहिचान तथा परिणाम बोकेका गतिशील शक्ति सँगसँगै अघि बढ्दा सुनमा सुगन्ध हुन सक्छ

बिएनपीको घोषणापत्रले बृहत् क्षेत्र समेटेको पाइन्छ। यसमा बंगलादेश विकासका लागि समष्टिगत क्षेत्रसहितको लामो फेहरिस्त उल्लेख छ। यसै मेसोमा बंगलादेशी विज्ञ समूहले यसको ठोस कार्यान्वयनमा शंका व्यक्त गरेका छन्। यसको अक्षरशः कार्यन्वयनका लागि बंगलादेशमा ठुलो आर्थिक स्रोतको आवश्यकता पर्छ। बंगलादेशमा अझै पनि 'कर-कुल गार्हस्थ उत्पादन अनुपात' एकदम कम वा ६.६ प्रतिशत मात्र छ। औसतमा यो दर कम्तीमा पनि १५ प्रतिशतभन्दा बढी हुनुपर्छ। स्थानीय पुँजी निर्माणमा बंगलादेशले खासै कुनै दिगो काम गरेको पाइन्न र स्थानीय लगानीको लक्ष्य पनि तोकेको छैन। घोषणापत्रले घोषित कार्यक्रम कार्यान्वयनको समयावधि, प्राथमिकता र लक्षित वर्ग पहिचानमा खासै ध्यान पुऱ्याउन सकेको पाइन्न भने अर्कातर्फ बढ्दो मुद्रास्फीति दरलाई नियन्त्रण गर्न, लगानी प्रोत्साहन गर्न, राजनीतिक अनिश्चिततालाई सबलीकरण गर्न र बढ्दो बेरोजगारी संख्या (वार्षिक करिब २७ लाख) लाई व्यवस्थापन गर्न सहज भने देखिँदैन। यसैकारण पनि राजनीतिक हिसाबमा परीक्षण नभएका नेता तारिक रहमानलाई यी चुनौती चिर्न कठिन हुने देखिन्छ।

■ के बंगलादेशी विकासे मोडेल 'फिट' छ ?

अर्कातर्फ बंगलादेशले चाहेको बंगलादेशी विकासे मोडल कार्यान्वयन गर्ने जिम्मा अब तारिक रहमानको काँधमा आएको छ। बंगलादेशी विकासे मोडेलमा डालो प्रणालीमा आधारित निर्यातमुखी अर्थव्यवस्था, रेडिमेट गार्मेन्ट तथा लुगाको उत्पादन, विप्रेषणको माध्यमबाट लगानीमा अभिवृद्धि, महिला सशक्तीकरण, सामाजिक तथा मानव विकास, ९८ प्रतिशतभन्दा बढी मानव संशाधनलाई आबद्ध गराउने लुगा तथा औषधि उत्पादन पर्छन्। यसका लागि बंगलादेशमा विभिन्न दातृ निकायको उपस्थिति तथा सहयोगसमेत रहेको छ। सन् २०२६ मा बंगलादेश निम्न विकसित मुलुकबाट विकासशील मुलुकको सूचीमा स्तरोन्नति हुने क्रममा रहेको छ। बंगलादेशी विकासे मोडेलको दिगो अवसर अब मुलुकमा भित्रिएको छ। विकासे मोडेलको चुस्त र दुरुस्त वृद्धिका लागि राजनीतिक प्रणाली उन्नत र समुन्नत बन्नु आवश्यक छ। बंगलादेशको क्रमिक प्रजातान्त्रिक विकासको मेलो अब बढ्ने क्रममा छ। यसका लागि बंगलादेशले प्रजातान्त्रिक विधिलाई संस्थागत गर्न बल गर्नुपर्ने जरुरी देखिन्छ। क्रमिक विकासको मार्गचित्रका रूपमा विकेन्द्रीकरण तथा स्थानीय सरकार सशक्तीकरणलाई मूल संयन्त्रका रूपमा लिएको छ। यसबाट शक्तिको दुरुपयोगलाई घटाउने, नीतिको सफल कार्यान्वयन गराउने, जनसहभागिताद्वारा विकास निर्माण कार्य गराउने, जवाफदेहिता र पारदर्शिताको विकास गर्नेजस्ता आधारभूत कार्य सञ्चालन गरिन्छ।

बंगलादेशमा विद्यार्थी तथा युवा वर्गकै आडमा मुलुकले नयाँ प्रजातान्त्रिक मोडको दिशा तय गऱ्यो। बंगलादेशका युवाशक्तिले स्थापना गरेको दल नेसनल सिटिजन पार्टी (एनसिपी) लाई त्यहाँका जनताले मतादेश दिएनन्। फलस्वरूप एनसिपी जम्मा ६ सिटमा खुम्चियो। विद्यमान शक्तिको विकल्पका रूपमा उदाएका युवाकेन्द्रित नेपाली वैकल्पिक दलसमेतले यहाँबाट पाठ सिक्नु आवश्यक देखिन्छ।

■ बंगलादेशी चुनावको नेपाल प्रतिबिम्ब

बंगलादेशमा विद्यार्थी विद्रोहपछि अर्थशास्त्री मोहम्मद युनुसको संयोजकत्वमा चुनावी सरकार गठन भएको हो। नेपालमा पनि यस्तै प्रकृतिको जेन-जी आन्दोलनको बलमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएको छ भने चुनावी प्रक्रिया लगभग एकै प्रकृतिको छ। बंगलादेशमा युवाले वैकल्पिक दलको खोजी गरेकाले युवाकै बलमा स्थापना भयो, नेसनल सिटिजन पार्टी (एनसिपी)। नेपालमा पनि जेन-जीहरूले विभिन्न फोरम स्थापना गरे भने कति जेन-जीका प्रतिनिधित्व गर्ने पात्र विद्यमान तथा नयाँ वैकल्पिक शक्तिमा प्रवेश गरे। जेन-जीबिच तीव्र ध्रुवीकरणको अवस्था सिर्जना भयो। अबको २१ फागुनमा हुने निर्वाचनको आधार पनि यही जेन-जी विद्रोह नै थियो।

बंगलादेशको चुनावी माहोलले जनमत पुरानै पार्टीमा गयो। एनसिपीजस्ता नवदल नगण्य सिटमा सीमित हुन पुगे। तसर्थ, नेपालमा जेन-जी विद्रोहलाई आड मानेर निर्वाचनमा होमिनेहरूको राजनीति अबका दिनमा सुरक्षित हुन सक्ला कि नसक्ला भन्ने भय सिर्जना भएको छ। बंगलादेशका जनताले शासनको बागडोर परीक्षण नभएका नयाँ शक्तिलाई दिन सकेनन्। यसर्थ, राजनीति र जनमत अनुभवबाट प्राप्त गर्न सकिने कुरा वर्तमान बंगलादेशको चुनावी माहोलले पुष्टि गरेको छ।

नेपाली र बंगलादेशी राजनीतिको चरित्र फरक छ। तर, बंगलादेश र नेपालका आन्दोलनका मर्म तथा एजेन्डा एकै प्रकृतिको देखिन्छ, जसमा दण्डहीनता, भ्रष्टाचार, विधिको शासन, बेरोजगारीजस्ता समान प्रकृतिका समस्या चुनावी म्यान्डेट बनेका देखिन्छन्। अर्कातर्फ नेपाली राजनीति लोकप्रियतावाद र सार्वजनिक खपतवादमा निर्भर हुन लागेको लगभग स्पष्ट छ। यसबाट राजनीति जटिलतातर्फ जान सक्ने जोखिम बढी छ। यसका लागि नेपालमा पनि अनुभव तथा मर्यादामा आधारित राजनीतिक प्रणालीका आधारभूत विशेषता सम्मान, पहिचान तथा परिणाम बोकेका गतिशील शक्तिहरू सँगसँगै अघि बढ्दा सुनमा सुगन्ध हुन सक्छ।

(पोखरेल राजनीतिक विश्लेषक हुन्)

---

३ प्रश्न

पूर्वमुख्यसचिव **वैकुण्ठ अर्याल**लाई



निर्वाचन घोषणापत्रमा दलहरूले ठुला परियोजनाको सपना बाँडे पनि ती किन पूरा हुँदैनन् ?

सामान्यतः घोषणापत्र ल्याउँदै गर्दा दलहरूका केही बाध्यता हुन्छन्। उनीहरूले सपना देखाउनैपर्ने हुन्छ। सपना नदेखाई पूरा हुँदैन पनि। तर, जब पर्याप्त अध्ययनविनै कुनै परियोजना घोषणापत्रमा राखिन्छन्, त्यतिवेला कार्यान्वयनमा समस्या आउनु सामान्य हो। त्यसैले, दलहरूले मतदातालाई यस्तो गर्छु, त्यस्तो गर्छु भनेर देखाउने अपत्यारिला सपनाभन्दा पर्याप्त तयारी र स्रोत व्यवस्थापनका उपायसहित यथार्थपरक सपना देख्न र देखाउन सके त्यसलाई कार्यान्वयनमा लान कठिन हुँदैन।

अघि बढेका ठुला आयोजना पनि किन लामो समयसम्म अल्झिन्छन् ?

ठुला आयोजना अल्झिनुमा सार्वजनिक खरिद ऐनलाई बाधक देखाउने गरिन्छ। तर, कानुनमा सामान्य 'ओभरल्याप' भए पनि बाधक नै भने छैनन्। हामीकहाँ संस्थागत बहुलवादका कारण संस्थाहरू आआफ्नो अडानबाट टसमस नहुँदा पनि आयोजना कार्यान्वयनमा समस्या देखिने गरेको हो। हाम्रा संस्था विकासमैत्री हुन नसक्नुको परिणाम हो यो। फेरि दलहरूका पनि आआफ्नै बाध्यता छन्। जसले गर्दा उनीहरू सीमित ठुला आयोजना अघि बढाउनभन्दा सानासाना विकासे आयोजना छर्न बाध्य हुन्छन्। यसले गर्दा स्रोत पनि छरिन्छ। सीमित स्रोतमा ठुला आयोजना अघि बढाउँदा भनेजति काम हुन सक्दैन। आयोजनामा ढिलाइ हुन्छ। लागत बढ्छ। यसमा ब्युरोक्रेसी र टेक्नोक्र्याट्सहरूको क्षमतामा पनि प्रश्न उठाउनुपर्ने अवस्था छ। राजनीतिले नीति बनाउने र ब्युरोक्रेसीलगायतले त्यसलाई कार्यान्वयन गर्ने भएकाले तिनको क्षमता पनि बढाउनु जरुरी छ।

घोषणापत्रमा समेटिएका आयोजना कार्यान्वयनमा लैजान दलहरूलाई जिम्मेवार बनाउन सकिन्न ?

पर्याप्त अध्ययन, भरपर्दो पूर्वतयारी र स्रोतको सुनिश्चितता गरेर मात्र आयोजना घोषणा गर्ने हो भने त्यस्ता आयोजना कार्यान्वयनमा समस्या हुँदैन। त्यसैले, दलहरूले पर्याप्त तयारीसाथ सपना बाँड्नुपऱ्यो। आवश्यकताका आधारमा प्राथमिकता निर्धारण गरी आयोजना अघि बढाउनुपर्छ। त्यसलाई पूरा गराउन राजनीति र ब्युरोक्रेसीको मत पनि मिल्नुपर्छ।

प्रेरक प्रसंग

समयको सदुपयोग

एक समुद्री राज्य थियो। जहाँ अनौठो नियम थियो। त्यहाँ जोकोही पाँच वर्षका लागि राजा बन्न त सक्थ्यो। तर, उसलाई पाँच वर्षपछि एक भयानक जंगलमा छाडिन्थ्यो। जहाँ जंगली जनावर या विषालु जीवको आक्रमणबाट उसले भयानक मृत्युको सिकार हुनुपर्थ्यो। त्यसैले, जोकोही राजा बन्नबाट डराउँथ्यो। जब कोही राजा बन्थ्यो, उसले पाँच वर्षको अवधि खुब मोजमस्तीमा लगाउँथ्यो। तर, पाँच वर्षपछि भने ऊ आलापविलाप गर्दै जंगलको बाटो लाग्थ्यो।

एकपटक एक बुद्धिमान् मानिस राजा बन्यो। उसले सोच्यो- पाँच वर्ष त यसै बितिहाल्छ। मैले आजैदेखि केही गरिनँ भने पाँच वर्षपछि जंगली जनावरको आहारा बन्ने निश्चित छ। त्यसैले आजै केही सोच्नुपर्छ। त्यहाँको राजा भएकाले उसले जस्तो नियम पनि बनाएर लागू गर्न सक्थ्यो। त्यसैले, उसले पहिलो वर्ष जंगलमा सिकारी पठाएर खतरनाक जंगली जनावरको सिकार गर्न लगायो। दोस्रो वर्ष काठ र दाउरा काट्नेहरूलाई जंगल पठाएर सम्पूर्ण रुख काट्न लगायो। तेस्रो वर्ष उसले किसानलाई पठाएर जंगलमा खेती गर्न लगायो। चौथो वर्ष त्यहाँ घर र महल बने। पाँचौं वर्ष पूरा हुँदानहुँदै सो जंगल एक सुन्दर सहर बनिसकेको थियो।

पाँच वर्ष पूरा भएपछि जंगलतिर जाँदा पनि राजा रोइरहेको थिएन। ऊ हाँसीहाँसी बिदा भइरहेको थियो। यसको कारण थियो- जहाँ अरूले मृत्यु देखे तर त्यसबाट जोगिने उपाय खोजेनन्। यो राजाले आफ्नो भविष्यको नयाँ राज्य बनाइसकेको थियो। त्यसैले, ऊ खुसीखुसी नयाँ सहरमा गएर नयाँ राजा बनेर आरामको जिन्दगी बिताउन सुरु गऱ्यो। त्यसैले, समय छँदै त्यसको सदुपयोग गरौं, मोजमस्तीमा भुलेर समय खेर फाल्ने गल्ती नगरौं।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सम्पत्ति छानबिन होला त ?

दलहरूले आगामी निर्वाचनका लागि घोषणापत्र सार्वजनिक गरिरहेका छन्। कसैले घोषणापत्र, कसैले प्रतिज्ञापत्र, कसैले प्रतिबद्धतापत्र त कसैले नागरिक करार नाम दिएर ल्याएको चिर्कटोमा अनेक खालका प्रतिबद्धता समेटिएका छन्। तीमध्ये राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ०४६ यता सत्तामा पुगेका र विभिन्न पदमा रहेर राष्ट्रसेवा गरेका नागरिकको सम्पत्ति छानबिन गर्ने करार गरेको रहेछ। निर्वाचनपछि कथम् ऊ सत्तामा पुग्यो भने के उसको यो करार कार्यान्वयन होला त ? भइदिए त हामी जनताले खुसी नै मनाउने थियौं। अन्यथा, उसको यो करार सार्वजनिक खपतको सामग्री मात्र नबन्ला भन्न सकिन्न।

● **सुचित्रा यादव**, सानेपा, ललितपुर

निर्वाचन आयोग के गर्दै छ ?

यतिखेर राजनीतिक दलका नेता, उम्मेदवार र सञ्चारमाध्यम, सामाजिक सञ्जाल, जसले पनि र जता पनि निर्वाचन आचारसंहिता उल्लंघन धइरहेका छन्। तर, निर्वाचन आयोगले सामान्य स्पष्टीकरण सोध्नेबाहेक खासै ठुलो कारबाही गरेको देख्न र सुन्न पाइएको छैन। यसरी सर्वत्र निर्वाचन आचार संहिताको खुलेआम धज्जी उडाइँदा पनि निर्वाचन आयोग किन थाहा नपाएझैं गरी मूकदर्शक बनिरहेको छ ?

● सुमंगल पाठक, दधिकोट, भक्तपुर

उडन्ते गफ नदेऊ

दलहरूले अनेक फूलबुट्टा भरेर उडन्ते गफको पुलिन्दा बनाएर मतदाताको आँखामा छारो हाल्ने नियतले बडो पपुलिस्ट घोषणापत्र सार्वजनिक गर्छन्। तर, त्यसको कार्यान्वयन भने कहिल्यै गर्दैनन्। घोषणापत्र ल्याउनेमध्ये कतिपय दल त अहिलेसम्म एकपटक पनि सत्तामा पुगेकै छैनन्। तर, पटक-पटक सत्तामा पुग्ने दलले पनि सत्तामा पाइला टेक्नासाथ घोषणापत्रमा लेखिएका कुरा चटक्कै भुल्ने गरेका छन्।

● **सवनम चौधरी**, त्रिपुरेश्वर, काठमाडौं

राजनीति व्यवसाय कि जनसेवा ?

राजनीति व्यवसाय कि जनसेवा भनेर हरेक मतदाताले अब प्रश्न गर्ने वेला आएको छ। त्यसैले कसैसँग नडराई प्रश्न सोध्ने अवसरबाट कोही नभागौं। हरेक दलका नेतालाई प्रश्न गरौं- तपाईंहरू राजनीतिमा आउनुको उद्देश्य के हो ? हामीले दलका नेताबाट पटक-पटक धोका पाएकाले अब सचेत नागरिकको भूमिका निभाउनुपर्छ। हरेक पार्टीले आआफ्नो घोषणापत्र जनसामु ल्याउँदै छन्। तीनका घोषणापत्रमा लेखिएको कुरा पूरा गर्न आधार के-के छ, त्यो पनि जनताले सोध्नुपर्छ। सधैं यिनले देखाएको सपनामा भुलेर आउने पुस्तालाई धोका दिने काम आममतदाताले नगरून्। सिस्टर्मावनाको राजनीतिले निकास दिँदैन भन्ने कुरा यसअघि नै देखिइसकेको छ। त्यसैले, सबैभन्दा पहिलो देशमा सिस्टम बसाल्न दलहरूको नीति के छ ? पानीजहाज, घरघरमा ग्यासको पाइपलाइन भनेर पत्याउने वेला छैन। अब जे हुन सक्छ, त्यसको लिखित प्रतिबद्धता चाहिन्छ।

राजनीति व्यावसाय भए ठिकै छ। होइन भने अब बन्ने सरकारले राजनीतिमा लागेर अवकाश पाएका उच्चपदस्थ व्यक्तिहरूको सेवा सुविधामा कटौती गर्नुपर्छ। अबको सरकारले जनभावना बुझेर काम गर्नुपर्छ। विश्वमा कहीं नभएको नीति हाम्रो देशमा बन्नु गलत हो। राजनीतिबाट अवकाश लिएपछि जनताले नै पाल्नुपर्न यो कस्तो गलत नीति हो ? यसलाई तत्काल खारेज गर्नुपर्छ। सेवा गर्छु भनेर राजनीतिमा आउने अनि अकुत रकम कमाउने कार्य कुनै हालतमा स्वीकार्य छैन। त्यसैले, अब नेताहरूले उनीहरू राजनीतिमा सेवा गर्न आएका हुन् कि पेसा गर्न, प्रस्ट जवाफ दिनुपर्छ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

बिएनपीको जित : दिल्ली-ढाका सम्बन्ध सुधारको अवसर

भारतविरोधी दल जमात-ए-इस्लामीको हार भारत र बंगलादेशका लागि सम्बन्ध सुधार्ने अवसरका रूपमा आएको छ



देश/विदेश

● दीप हल्दर

अन्ततः शशी थरुरको डर सत्यमा परिणत भएन। न त भारत सरकारको चिन्ता नै साकार भयो। बंगलादेशमा १२ फेब्रुअरीमा सम्पन्न १३औं संसदीय चुनावमा तारिक रहमान नेतृत्वको 'बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी)' ले अभूतपूर्व जित हासिल गरेको छ। यससँगै गत वर्षको अन्त्यदेखि दिल्लीको रणनीतिक घेरामा छाएको डर अन्त्य भएको छ। त्यो वेला बंगलादेशको सबैभन्दा ठुलो इस्लामवादी पार्टी बंगलादेश जमात-ए-इस्लामीले त्यहाँका कैयौं ठुला विश्वविद्यालयमा विद्यार्थी संगठनको चुनाव जितेको थियो।

११ सेप्टेम्बरमा जमात-ए-इस्लामीको विद्यार्थी एकाइले देशको प्रभावशाली ढाका विश्वविद्यालयको विद्यार्थी संगठनको चुनाव जितेपछि थरुर चिन्तित देखिएका थिए- कतै त्यस परिणामले आमनिर्वाचनलाई नै प्रभाव पार्ने त होइन ? 'धेरै भारतीयका लागि यो सानो समाचार हुन सक्छ, तर यो भविष्यका लागि भने चिन्ताजनक संकेत हो,' त्यति वेला थरुरले लेखेका थिए।

अहिले १२ फेब्रुअरीमा ढिलो गरी भएको चुनावमा बिएनपीले निर्णायक विजय हासिल गर्दा जमातको नेतृत्वमा रहेको ११-दलीय गठबन्धनले निकै कम सिट पाएको छ। यसलाई कतिपय भारतीय नीति-निर्माताले सम्बन्ध सुधारको अवसरका रूपमा हेरेका छन्।

जमातको उदयप्रति दिल्लीका चिन्ताका धेरै कारण थिए। पहिलो त जमात त्यही पार्टी हो, जसले सन् १९७१ को बंगलादेश स्वतन्त्रता संग्राममा पाकिस्तानलाई समर्थन गरेको थियो। त्यस युद्धमा भारतले स्वतन्त्रताको पक्षमा लडेका समूहलाई सघाएको थियो। त्यस वेलादेखि नै जमातले सधैं भारतलाई मुख्य शत्रुजस्तो व्यवहार गर्ने गरेको छ। पछिल्लोपटक सेप्टेम्बर २०२५ मा न्युयोर्कको एक कार्यक्रममा बोल्ने क्रममा जमातका उपप्रमुख सैयद अब्दुल्लाह मोहम्मद ताहेरले 'बंगलादेशको आन्तरिक मामिलामा भारतले हस्तक्षेप गर्ने प्रयास गरे, पचास लाख बंगलादेशी युवाको साथ लिएर भारतविरुद्ध युद्ध सुरु गर्ने' चेतावनी दिएका थिए।

त्यसबाहेक स्वतन्त्रतायता यस पार्टीले पटक-पटक देशमा सरिया कानुन लागू गर्न आह्वान गर्ने गरेको छ। ढाका ट्रिब्युनका अनुसार अगस्ट ५, २०२४ मा सेख हसिना सरकारको पतनलगत्तै जमातले देशका प्रमुख कौमी मौलानाका साथ जमात प्रमुख डा. सफिकुर रहमानको नेतृत्वमा एक बैठक भएको थियो, जहाँ देशमा सरिया कानुन लागू गर्ने उद्घोष गरिएको थियो। बंगलादेश खिलाफत आन्दोलनका नेता अमिर सरियत मुफ्ती अबु जफर कासेमीले त्यतिवेला 'इस्लामिक समूहले पुराना मतभेद बिर्सिएर अघि बढ्नुपर्ने र कुनै पनि राजनीतिक दललाई मौका दिन नहुने' बताएका थिए।

मोहम्मद युनुसको कार्यकालमा बंगलादेशी समाज र राजनीतिमा बढ्दो कट्टरपन्थवाद र त्यसलाई रोक्न अन्तरिम सरकारको अक्षमताले भारत-पाकिस्तान सम्बन्ध चिसिएको थियो। बंगलादेशका लागि पूर्वभारतीय उच्चायुक्त वीणा सिकरीका अनुसार अगस्ट २०२४ मा अन्तरिम सरकारको नियुक्तिमा जमात-ए-इस्लामीले प्रमुख भूमिका खेलेको थियो। सिकरीका अनुसार 'जमातले युनुस सरकारमाथि पर्याप्त प्रभाव कायम राख्यो, जुन सरकारका निर्णयमा प्रतिबिम्बित पनि भयो।'

अमेरिकी प्रशासनको जमातसँग बढ्दो निकटताका रिपोर्टबिच दिल्लीको चिन्ता बढ्न थालेको थियो। जनवरी २४, २०२६ को एक समाचारमा 'इकोनोमिक टाइम्स'ले चुनावअगाडि कट्टरपन्थी इस्लामी पार्टी



जमातलाई आकर्षित गर्ने अमेरिकी प्रयासले कूटनीतिक घेराभित्र प्रश्न उठाएको थियो। अमेरिकी मिडिया वासिंटन पोस्टले एकजना अमेरिकी कूटनीतिज्ञको अडियो रेकर्डिङबारे समाचार लेखेपछि वासिंटनले जमात-ए-इस्लामीसँग संलग्न हुन गरिएको अथक प्रयासमाथि प्रकाश पारेको थियो।

सेख हसिना सरकारको पतनसँगै बंगलादेशमा भारतविरोधी भावना तीव्र रूपमा बढेको पाइन्छ। बंगलादेशी नागरिक समाज र राजनीतिक दलहरू भारतले हसिनालाई शरण दिएकोमा असन्तुष्ट थिए र छन्। हसिनाको डेढ दशक लामो शासनकालमा भारत र बंगलादेश घनिष्ठ रणनीतिक सहयोगी थिए भने उनी सत्ताबाट हटेपछि दिल्ली-ढाका सम्बन्ध अत्यन्त बिग्रिन पुग्यो।

अहिलेको चिसिएको सम्बन्ध रातारात बदलिने छैन। त्यसबाहेक बिएनपीको भारतसँगको विगत त्यति सुखद देखिँदैन। यसअघि सन् २००१-०६ मा बिएनपी सरकारमा हुँदा (जुन सरकारमा जमात पनि थियो) भारत-बंगलादेश सम्बन्ध अत्यन्त न्यून स्तरमा झरेको थियो। सन् २००३ देखि २००६ सम्म बंगलादेशमा काम गरेकी भारतकी कूटनीतिज्ञ सिकरीका अनुसार त्यस समयमा पाकिस्तानी आतंकवादी समूहले भारतविरुद्ध बंगलादेशी माटो प्रयोग गरिरहेका थिए। त्यसबाहेक भारतका उत्तरपूर्वी क्षेत्रमा सशस्त्र युद्ध सञ्चालन गरिरहेका समूहका लडाकुका लागि समेत बंगलादेश सुरक्षित आश्रयस्थल बनेको थियो।

विगत केही समयदेखि दिल्लीले बिएनपीसँग सम्बन्ध बढाउने प्रयास गरेको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पूर्वबिएनपी अध्यक्ष बेगम खालिदा जियाको निधनमा शोक व्यक्त गरेका थिए। जियाको अन्त्येष्टिमा भारतको प्रतिनिधित्व गर्दै विदेशमन्त्री एस जयशंकरले छोरा तारिकलाई भेटेका थिए। भेटमा जयशंकरले तारिकलाई मोदीको तर्फबाट शोकपत्र प्रदान गरेका थिए। युनुस प्रशासनसँगको चिसो सम्बन्धका बिचमा जयशंकरले व्यक्तिगत रूपमा समवेदना व्यक्त गर्न ढाका भ्रमण गर्नुलाई महत्त्वपूर्ण मानिएको थियो। अहिले बिएनपीको फिर्ती र जमातको हारपछि दुवै देशका लागि नयाँ सुरुवातको सम्भावना खुला भएको छ। तिनले यसलाई कसरी उपयोग गर्छन्, भविष्यले देखाउनेछ।

(हल्दर इन्डिया टुडे ग्रुपका पूर्वप्रबन्ध सम्पादक हुन्)

द प्रिन्टबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

इन्धनमा अमेरिकामाथि युरोपको निर्भरता र चुनौती



● पाउलिन सोफी हेनरिक्स

हेनरिक्स 'किंग्स कलेज लन्डन'मा जलवायु र ऊर्जा सुरक्षाकी लेक्चरर हुन् ।



युक्रेनविरुद्ध रुसले पूर्णस्तरको आक्रमण सुरु गरेपछि युरोपले रुसी इन्धन खरिद घटाउन हरित संक्रमणलाई तीव्र पार्ने प्रतिबद्धता गऱ्यो । तर, युरोपले रुसबाट किन्ने गरेको तरल प्राकृतिक ग्यास (एलपिजी)को आयात अमेरिकातर्फ सऱ्यो ।

गत महिना डाभोस सम्मेलनका क्रममा अमेरिका र युरोपबिचको बढ्दो खाडल झन् टड्कारो देखियो । भर्खरै भेनेजुएलाका राष्ट्रपतिलाई उनकै घरबाट अपहरण गरेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रिनल्यान्ड हत्याउने धम्की दिइरहेको सन्दर्भमा डाभोसमा विश्व आर्थिक मञ्चको बैठक भएको थियो । त्यहाँ दुई पूर्वमित्रबिच तनावपूर्ण सम्बन्ध देखियो । डाभोस सम्मेलनपछिको महत्त्वपूर्ण सम्मेलनका रूपमा फेब्रुअरी १३ मा म्युनिख सुरक्षा सम्मेलन सुरु भएको छ । यसमा युरोपेली नेताहरूले अमेरिकी ऊर्जामाथिको बढ्दो परनिर्भरतामाथि पुनर्विचार गर्ने अपेक्षा गरिएको छ ।

उसो त युरोपको ऊर्जा सुरक्षाको प्रश्न नयाँ होइन । चार वर्षअघि युक्रेनमाथि रुसले पूर्णस्तरको आक्रमण सुरु गरेपछि युरोप रुसी पेट्रोलियम पदार्थमाथिको परनिर्भरताबारे जागेको थियो । रुसी इन्धन खरिद घटाउन हरित संक्रमणलाई तीव्र पार्ने प्रतिबद्धता गऱ्यो । तर, उक्त प्रारम्भिक प्रतिबद्धता कार्यान्वयनमा आएन । खालि युरोपले रुसबाट किन्ने गरेको तरल प्राकृतिक ग्यास (एलपिजी)को आयात अमेरिकातर्फ सऱ्यो । पेट्रोलियम पदार्थको उपभोग घटाएर नवीकरण ऊर्जा उपभोग गर्ने योजना भने त्यसै थन्किंयो । लामो समय आफ्नो बलियो औद्योगिक क्षेत्रलाई रुसी ग्यासबाट सञ्चालन गरेको जर्मनीले अमेरिकाबाट आउने एलपिजी संकलनका लागि कैयौं नयाँ टर्मिनल नै बनाएको छ । अझ, नयाँ विश्लेषणअनुसार युरोपले अहिले जीवाश्ममा आधारित इन्धनमा बढाएको खर्चले सो महादेशको स्वच्छ ऊर्जा संक्रमणलाई खर्चने भनेको झन्डै ४० प्रतिशत प्रतिनिधित्व गर्छ ।

युरोपेली संघले गत वर्ष अमेरिकासँग व्यापार सम्झौता गरेको थियो, जसलाई युरोपेली संसद्ले अझै अनुमोदन गरेको छैन । उक्त सम्झौतामा युरोपले सन् २०२८ सम्ममा ७५० अर्ब डलरको अमेरिकी इन्धन खरिद गर्ने प्रतिबद्धता जनाएको छ । यसले अमेरिकामाथिको नयाँ परनिर्भरतालाई थप गहिरो बनाउनेछ । युरोपेली संघले रुसबाट किन्ने ग्यास उलेख्य घटाए पनि अझै (सन् २०२५मा) सो महादेशले गर्ने कुल ग्यास आयातको अनुमानित १३ प्रतिशत स्रोत रुसबाट लिइरहेको देखाउँछ ।

निश्चित रूपमा युरोपेली संघले हरित संक्रमणमा प्रगति नगरेको होइन । सन् २०२४ देखि युरोपेली संघले बिजुली उत्पादनमा सौर्य ऊर्जाको हिस्सा कोइलाको भन्दा धेरै पुऱ्याएको छ । त्यस्तै गत वर्ष कुल विद्युत् उत्पादनमा ग्यास ऊर्जाको हिस्सा लगातार पाँचौं वर्ष घट्यो । तर, अधिकांश ऊर्जा सुरक्षासम्बन्धी बहस मुख्यतः जीवाश्म इन्धन नियन्त्रण गर्ने र सैन्यीकरण बढाउने गरेर अन्तर्राष्ट्रिय प्रणालीमा थप शक्ति हासिल हुन्छ भन्ने विश्वासमा आधारित देखिन्छ । तर, यो समय गुज्रिएको धारणाले जीवाश्म-इन्धनबाट सिर्जित असुरक्षालाई सम्बोधन गर्न सक्दैन । सबैभन्दा आधारभूत तहमा यसले जीवाश्म इन्धनद्वारा प्रत्यक्ष रूपमा सिर्जित असुरक्षालाई जनाउँछ । उदाहरणका लागि जीवाश्म इन्धनको दोहनले वातावरण र स्थानीय समुदायको स्वास्थ्यलाई हानि पुऱ्याउँछ । यी समुदाय यस्तो इन्धनबाट आर्थिक रूपमा लाभान्वित हुने सम्भावना कम हुन्छ । असमानता बढाउनुका साथै जीवाश्म-इन्धन उत्पादनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनजस्ता अधिनायकवादीलाई थप शक्तिशाली बनाउन सघाउँछ । उनले यही स्रोतको सहयोगमा यति लामो समयसम्म आफ्नो युद्ध सञ्चालन गर्न सकेका हुन् । जीवाश्म इन्धनको आयातमाथि अधिक निर्भर देशको ऋण संकट इन्धनको मूल्यमा हुने उतारचढावले बढाएको देखिन्छ ।

त्यसबाहेक तेल ओसार्ने ट्यांकर तथा पाइपलाइनको चुहावटले वातावरणीय जोखिम बढाउँछन् । जीवाश्म इन्धनले विश्वव्यापी रूपमा कैयौं संकट ल्याइरहँदा तिनका उत्पादक कम्पनी भने कुनै दुष्ट राज्यजसरी कुनै कारबाहीविना उन्मुक्त सञ्चालित छन् । सन् २०२२ मा जलवायु परिवर्तनसँग सम्बन्धित प्रकोपले सम्पत्ति र पुँजीमा २९९ अर्ब डलरको क्षति पुऱ्याएको तथ्यांकले देखाउँछ । समुद्रको सतहको वृद्धिले सन् २१०० सम्ममा आर्थिक क्षति प्रतिवर्ष ४००-५२० अर्ब डलरसम्म पुग्ने अनुमान छ । अझ, यसको सामाजिक लागत अलग छ । यति ठुलो क्षतिका बाबजुद यी खर्चको क्षतिपूर्तिमा इन्धन निर्माताले उन्मुक्ति पाइरहेका छन् । यसले जीवाश्म-इन्धनको असुरक्षाले निम्तयाउने अप्रत्याशित अस्थिरतालाई सामान्यीकरण गर्ने प्रयासलाई प्रतिबिम्बित गर्छ । म्युनिख सुरक्षा सम्मेलनअघिका उथलपुथलपूर्ण हप्ताहरू संयोग थिएनन् । हामी अचानक नयाँ 'असुरक्षाको युग'मा प्रवेश गरेका होइनौं, यो खासमा तेल र ग्यासको नकारात्मक प्रभावको परिणति हो ।

वास्तविक ऊर्जा सुरक्षा सिर्जना गर्ने र पृथ्वीमा बस्न योग्य भविष्य सुरक्षित गर्ने हो भने युरोपेली नेता जीवाश्ममा आधारित अर्थतन्त्रको सम्भावित असुरक्षाबारे स्पष्ट हुनुपर्छ । यसका लागि तिनले हाइड्रोकार्बनमा आधारित अत्यधिक निर्भरताले निम्त्याएको कमजोरीलाई पहिचान गर्नुपर्छ । तब मात्र तेल, ग्यास र कोइलामुक्त भविष्यको ऊर्जा सुरक्षा सम्भव हुन्छ ।

अब सामान्य सुधारमा मात्र अल्झिएर पुग्दैन । कुनै नयाँ प्राविधिको आगमनले समस्या कम गर्नेछ भनेर आशा गर्नु पनि पर्याप्त हुँदैन । युरोपले ऊर्जा प्रणालीको थोक रूपान्तरण गर्नुपर्छ । यदि युरोपेली नेताले कुनै ठोस कदम चालेनन् भने एक त पेट्रोलियम पदार्थमाथिको निर्भरताका कारणले ट्रिलियन डलरको घाटा हुनेछ, अर्को भविष्यमा द्वन्द्वको समयमा गम्भीर रणनीतिक असर पर्न सक्छ ।

- प्राजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज

फेब्रुअरी १७



सन् १९७९ : चीनद्वारा भियतनाममाथि हमला । युद्धपछि भियतनामले चीनभन्दा पनि सोभियत युनियनसँग सम्बन्ध मजबुत बनाएको थियो । भियतनामले चीनको विरोध र भियतनामको समर्थन गरेपछि चीनले आजकै दिन दक्षिणी भियतनाम अतिक्रमण गरेको थियो ।

सन् १९५९ : संयुक्त राज्य अमेरिकाले अन्तरिक्षमा आफ्नो पहिलो मौसम स्टेसन, भ्यानगार्ड दोस्रो सुरु गऱ्यो ।

सन् १९६३ : अमेरिकाका प्रसिद्ध बास्केटबल खेलाडी माइकल जोर्डनको जन्म । जोर्डनको जन्म न्युयोर्कको न्युयोर्क सिटीमा भएको हो ।

१९६९ : रुस र पेरुबिच पहिलो व्यापार सम्झौतामा हस्ताक्षर ।

सन् १९९२ : अमेरिकाका कुख्यात अपराधी तथा सिरियल किलर जेफ्री दाहमर जेल चलान । उनीमाथि सन् १९७८ देखि १९९१ को अवधिमा कम्तीमा १७ जना पुरुषको हत्या गरेको अभियोग लागेको थियो ।

सन् २००८ : कोसोभोद्वारा स्वतन्त्र भएको घोषणा । कोसोभोको युद्धपछि सो क्षेत्र साइबेरियाबाट स्वतन्त्र भएको थियो । विभिन्न देशले कोसोभोलाई नयाँ गणतन्त्र देशको रूपमा मान्यता दिन अस्वीकार गरे पनि अन्तर्राष्ट्रिय न्यायालयले कोसोभोले अन्तर्राष्ट्रिय कानुन उल्लंघन नगरेको फैसला गरेको थियो ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८२/११/०५)

यस कार्यालयबाट मिति २०८२/०९/२२ गतेको नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा राष्ट्रियस्तरको तपसिल बमोजिमको खरिद कार्यको लागि बोलपत्रको सूचना आव्हान गरिएकोमा रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरूको बोलपत्र मुल्याकंन गर्दा तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का न.	खरिद कार्यको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम (भ्याट सहित)
JANAKI/Goods/ SCHOOLS/NCB-02/082/83	Supply and Delivery of School Furnitures in Three Schools of Janaki Rural Municipality	श्रद्धा सप्लायर्स, कोहलपुर-११, बाँके	रु. २३,२१,५८५.१००

प्रमुख प्रशासकिय अधिकृत

Phedikhola Rural Municipality
Office of Rural Municipal Executive
Phedikhola, Syangja

Notice for the Letter of Intent

(First Publication Date: 17th of February 2026)

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act, 2063 and it's revision, this is to notify all the bidders who submitted their bids for the contract identification No.: **34-*PRM-G-NCB-MED- 082-83*** as per the Invitation for Bids published in the national daily newspaper ***"Nepal Samacharpatra National Daily"*** on ***02nd of January, 2026***, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act, 2063 with its revision.

Contract ID, Name of Work	Lowest Evaluated Substantially Responsive Bidder	Bid Price NRs. (Including P.S. and VAT)
34-PRM-G-NCB-MED-082-83, The Procurement of medicines and medical accessories to the Phedikhola Rural Municipality, Syangja	Gitashwini Promed Pvt. Ltd., Budhanilkantha-08, Kathmandu	2,044,468.80

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Terai Madhesh Ground Water Irrigation Program
Jawalakhel, Lalitpur

Letter of Intention to Award

(Date of Publication: 17th February, 2026)

In accordance with Clause 27(2) of Public Procurement Act 2063, and for the provision of Clause 47 of Public Procurement Act 2063, this is to notify to all concerned bidders that it is our intention to award below mentioned contracts to the following substantially responsive lowest evaluated bidders. The bid price is as corrected and modified in accordance with the Instruction to Bidders.

S.N.	Contract No.	Intended Bidder	Bid Price, NRs (including VAT and PS)
1	TMGIP/NCB/Works/ Mahottari-01/082-83	M/S Shree Ram Drilling Sewa, Madhavnarayan-08, Rautahat	50,12,761.44
2	TMGIP/NCB/Works/ Dhanusha-01/082-83	M/S Shree Ram Drilling Sewa, Madhavnarayan-08, Rautahat	50,61,803.25
3	TMGIP/NCB/Works/ Saptari-01/082-83	M/S Shree Ram Drilling Sewa, Madhavnarayan-08, Rautahat	54,69,477.37
4	TMGIP/NCB/Works/ Saptari-02/082-83	M/S Shree Ram Nirman Sewa, Madhavnarayan-08, Rautahat	49,33,915.15
5	TMGIP/NCB/Works/ Siraha-01/082-83	M/S Pathivara Sabala Nirman Sewa, Budhiganga-3, Bansbari, Morang	41,76,718.31
6	TMGIP/NCB/Works/ Siraha-02/082-83	M/S Shree Ram Drilling Sewa, Madhavnarayan-08, Rautahat	57,41,789.04
7	TMGIP/NCB/Works/ Mahottari-02/082-83	M/S Pathivara Sabala Nirman Sewa, Budhiganga-3, Bansbari, Morang	47,99,078.91
8	TMGIP/NCB/Works/ Dhanusha-02/082-83	M/S Gras Drilling Pvt. Ltd., Janakpurdham-14, Dhanusha	47,39,911.39
9	TMGIP/NCB/Works/ Saptari-03/082-83	M/S Pathivara Sabala Nirman Sewa, Budhiganga-3, Bansbari, Morang	49,74,722.63
10	TMGIP/NCB/Works/ Siraha-03/082-83	M/S Gras Drilling Pvt. Ltd., Janakpurdham-14, Dhanusha	55,24,507.31

Project Coordinator

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Irrigation and Water Resources Management Project
Bhanu, Tanahun

Invitation for Electronic Bids

Date of Publication: 2082/11/05 B.S. (2026/02/17 A.D.)

1. Government of Nepal (GoN), Ministry of Energy, Water Resources and Irrigation, Department of Water Resources and Irrigation, IRRIGATION & WATER RESOURCES MANAGEMENT PROJECT, BHANU, TANAHUN, invites electronic bids from eligible bidders for the following bids under National Competitive Bidding (NCB) procedure.

S. N.	Contract ID & Name of Works	Estimated Amount Inclusive VAT and PS (NRs.)	Bid Security Amount (NRs.)
1	IWRMPT-NCB-Works-06-82/83, Construction of Katuwaphant Irrigation Project, Dudhpokhari-02, Bichour, Lamjung	47,15,006.27	1,10,000.00
2	IWRMPT-NCB-Works-07-82/83, Daraudi River Training at Kanyadhap,Gorkha-10, Gorkha	53,41,841.56	1,20,000.00
3	IWRMPT-NCB-Works-08-82/83, Marsyangdi River Training at Karpureshwor temple and Landfill Site, Besisahar-08, Lamjung	1,26,15,617.73	2,80,000.00
4	IWRMPT-NCB-Works-09-82/83, Khudikhola Tatabandhan Kaarya near Khudi bazar, Marsyangdi-03, Lamjung	84,40,877.17	2,00,000.00
5	IWRMPT-NCB-Works-10-82/83, Marsyangdi River Training near Motorable Bridge at Bajhakhet, Besisahar-10, Lamjung	1,24,48,493.82	2,80,000.00
6	IWRMPT-NCB-Works-11-82/83, Dhobikhola Niyantran Karya at Salbote, Gorkha-06, Gorkha	59,49,290.33	1,40,000.00
7	IWRMPT-NCB-Works-12-82/83, Marsyangdi River Training at Yangkot,Gorkha-14, Gorkha	1,25,90,359.52	2,80,000.00
8	IWRMPT-NCB-Works-13-82/83, Paudi khola Tatabandhan kaarya at Simkhet Bagar Phant, Sundarbazar-06, Lamjung	55,03,747.17	1,40,000.00
9	IWRMPT-NCB-Works-14-82/83, Marsyangdi River Training at Jogigade, Bhanu-02, Tanahun	1,25,83,085.33	2,80,000.00
10	IWRMPT-NCB-Works-15-82/83, Construction of 8 inch / 6 inch dia. Investigation Tubewell at Gorkha, Tanahun and Lamjung.	1,75,77,696.48	4,00,000.00
11	IWRMPT-NCB-Works-16-82/83, Marsyangdi River Training at Satighat, Bhanu-01, Tanahun	1,09,46,072.34	2,60,000.00

Bid Document Fee (NRs.) : 3000
Bid Validity Period/ Bid Security Validity Period : 90 Days / 120 days from bid opening date
Last Date & Time of Bid Submission : 2082/12/06 B.S (2026/03/20 A.D.) Till 12:00 noon.
2. Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp.

Project Chief

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ५ फागुन ०८२

बजेटको लक्ष्य र दाताको प्रतिबद्धताअनुसार आउँदैन वैदेशिक अनुदान

अनुदान र सहुलियतपूर्ण ऋणको अंश घट्दै गएका कारण वैकल्पिक विकास वित्त उपकरण प्रयोगमा ल्याउनुपर्ने अर्थ मन्त्रालयको विश्लेषण

कृष्ण रिजाल/नयाँ पत्रिका

सरकारले वार्षिक बजेटका लागि लिएको लक्ष्य र विकास साझेदारले गरेको प्रतिबद्धताअनुसार वैदेशिक अनुदान प्राप्त हुन नसकेको देखिएको छ। पछिल्ला वर्षहरूमा वैदेशिक अनुदान प्राप्ति निरन्तर घट्दै आएको समेत देखिन्छ। वैदेशिक सहायताको वित्तीय लागत बढ्दै गएको भए पनि अनुदान भने घट्दो देखिएको अर्थ मन्त्रालयकै प्रतिवेदनले औंल्याएको छ।

चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो ६ महिनामा सरकारले सात अर्ब ११ करोड वैदेशिक अनुदान परिचालन गरेको छ। जुन वार्षिक बजेटमा लिइएको लक्ष्यको तुलनामा १३.३ प्रतिशतबराबर हो। चालू आवमा सरकारले ५३ अर्ब ४५ करोड वैदेशिक अनुदान परिचालन गर्ने लक्ष्य राखेको छ। गत आवको पुस मसान्तसम्ममा सरकारले वार्षिक लक्ष्यको १४.७५ प्रतिशत अर्थात् सात अर्ब ७१ करोड वैदेशिक अनुदान परिचालन गरेको थियो। गत आवको तुलनामा चालू आवको ६ महिनामा परिचालन गरिएको वैदेशिक अनुदान ६० करोड रुपैयाँ अर्थात् १.४५ प्रतिशत विन्दुले कमी हो। अनुदान र सहुलियतपूर्ण ऋणको अंश घट्दै गएको सन्दर्भमा 'ब्लेनडेड फाइनान्स' र 'हरित बन्ड'जस्ता वैकल्पिक विकास वित्तका उपकरणहरूको सम्भाव्यता अध्ययन गरी प्रयोगमा ल्याउनुपर्ने अर्थ मन्त्रालयको निष्कर्षसमेत छ।

यो आवको पुस मसान्तसम्ममा विकास साझेदारले गरेको प्रतिबद्धाताको तुलनामा झन्डै एकतिहाइ मात्रै वैदेशिक अनुदान प्राप्त भएको छ। समीक्षा अवधिमा १९ अर्ब २५ करोडबराबरको अनुदान सहायताको प्रतिबद्धता आएकोमा प्राप्ति भने सात अर्ब ११ करोड मात्रै भएको हो।

गत आव ०८१/८२ मा सरकारले ५२ अर्ब ३३ करोड वैदेशिक अनुदान परिचालनको लक्ष्य लिएको थियो। विकास साझेदारबाट लक्ष्यभन्दा बढी ५४ अर्ब ७६ करोड रुपैयाँको प्रतिबद्धता आएको भए पनि प्राप्ति भने २३ अर्ब ५३ करोड रुपैयाँ मात्रै भयो। विगत पाँच आर्थिक वर्षको बजेटमा विकास सहायता परिचालनबाट व्यहोर्ने स्रोतको विनियोजित अंश क्रमशः घट्दो क्रममा रहेको देखिएको अर्थ मन्त्रालयले जनाएको छ। हाल कार्यान्वयनमा रहेका वैदेशिक सहायताबाट सञ्चालित आयोजनाहरूको उपलब्ध स्रोत हेर्दा आयोजना कार्यान्वयन प्रभावकारी हुन सकेमा वैदेशिक सहायता प्राप्तिमा उल्लेख्य बढोत्तरी हुने अवस्था रहेको अर्थ मन्त्रालयको दाबी छ।





■ वैदेशिक अनुदान सहायताको लक्ष्य, प्रतिबद्धता र प्राप्ति

आर्थिक वर्ष	वार्षिक लक्ष्य	प्रतिबद्धता	प्राप्त अनुदान
०७८/७९	५९ अर्ब ९१ करोड	६ अर्ब ८५ करोड	२५ अर्ब ९२ करोड
०७९/८०	५५ अर्ब ४५ करोड	२३ अर्ब १२ करोड	२१ अर्ब ३० करोड
०८०/८१	४९ अर्ब ९४ करोड	२० अर्ब २८ करोड	२४ अर्ब १ करोड
०८१/८२	५२ अर्ब ३३ करोड	५४ अर्ब ७६ करोड	२३ अर्ब ५३ करोड
०८२/८३	५३ अर्ब ४५ करोड	१९ अर्ब २५ करोड (पुस मसान्तसम्म)	७ अर्ब ११ करोड (पुस मसान्तसम्म)

लक्ष्य र प्रतिबद्धताअनुसार वैदेशिक अनुदान परिचालन किन भएन ?

वैदेशिक सहायता रहेका आयोजनाको प्रभावकारी कार्यान्वयन हुन नसक्दा लक्ष्य र प्रतिबद्धताअनुसार अनुदान परिचालन गर्न नसकिएको अर्थ मन्त्रालयको विश्लेषण छ। 'वैदेशिक सहायताको वित्तीय सम्झौता भएपश्चात् कार्यान्वयनका क्रममा समयमा नै पूर्वतयारी र ठेक्का व्यवस्थापन हुन नसक्दा प्रतिबद्धता रकम हुँदाहुँदै पनि वास्तविक प्राप्ति रकम अपेक्षाकृत कम हुने समस्या कायम नै रहेको छ,' अर्थ मन्त्रालयले बजेको अर्धवार्षिक समीक्षामा उल्लेख गरेको छ। वैदेशिक सहायताको वित्तीय लागत बढ्दै गएको र अनुदानको अंश घट्दै गएकाले गुणस्तरीय आयोजना-कार्यक्रम छनोट हुनुपर्ने भए पनि परम्परागत हिसाबले नै आयोजना प्रस्ताव हुने गरेको अर्थले औंल्याएको छ। 'विकास सहायता प्राप्तिको चरणमा विषयगत मन्त्रालयहरूले देखाउने सक्रियता र तदारुकता आयोजना कार्यान्वयन, जनशक्ति व्यवस्थापन र नतिजा प्राप्तिको चरणमा निरन्तरता कायम नहुने चुनौती देखिएको छ,' अर्धवार्षिक समीक्षमा उल्लेख छ।

यद्यपि, चालू आर्थिक वर्षमा विश्व बैंकतर्फ तीनवटा आयोजनाको वार्ता सम्पन्न भइसकेको र एसियाली विकास बैंकतर्फ एउटा आयोजनाको वार्ता हुने क्रममा रहेकाले तेस्रो त्रैमासिक अवधिमा प्रतिबद्धता रकममा उल्लेख्य वृद्धि हुने अवस्था रहेको अर्थ मन्त्रालयले उल्लेख गरेको छ।

अनुदानको सवा दुई अर्ब रुपैयाँ शोधभर्ना हुन बाँकी

वैदेशिक अनुदान घट्दो अवस्थामा रहे पनि अनुदानका आयोजना तथा कार्यक्रममा नेपाल सरकारको स्रोतबाट खर्च भई दाताबाट शोधभर्ना गर्नुपर्ने रकम भने बढ्दो अवस्थामा छ। आर्थिक वर्ष ०८२/८३ को सुरुवातमा विकास सहायतातर्फ नेपाल सरकारको स्रोतबाट खर्च भई शोधभर्ना प्राप्त गर्नुपर्ने रकम अनुदानतर्फ दुई अर्ब ५१ करोड ५८ लाख रुपैयाँ रहेको थियो। पुस मसान्तसम्ममा फरफारक हुँदासमेत शोधभर्ना हुन बाँकी अनुदानतर्फको रकम दुई अर्ब ३८ करोड ३० लाख पुगिसकेको छ।

सात महिनामा बागमती प्रदेशको खर्च १७.७९ प्रतिशत

विकास बजेट १२.६२% मा सीमित, चालू खर्च तुलनात्मक रूपमा बढी



मकवानपुरमा **पोष्टराज अधिकारी**

चालू आर्थिक वर्ष ०८२/८३ को सात महिना बितिसक्दा पनि बागमती प्रदेश सरकारको बजेट खर्च २० प्रतिशत पनि पुग्न सकेको छैन। माघ मसान्तसम्म प्रदेश सरकारले कुल विनियोजित बजेटको १७.७९ प्रतिशत मात्रै खर्च गर्न सकेको छ। प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले गत असार १ गते ६७ अर्ब ४७ करोड ७३ लाख रुपैयाँको बजेट विनियोजन गरिएको थियो। मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार सात महिनाको अवधिमा अपेक्षाअनुसार बजेट खर्च हुन नसकेको देखिएको हो।

विशेष गरी विकास निर्माणसँग सम्बन्धित पुँजीगत खर्च अत्यन्तै न्यून देखिएको छ। पुँजीगततर्फ विनियोजित ४१ अर्ब ४३ करोड ३५ लाखमध्ये माघसम्म पाँच अर्ब २२ करोड ८५ लाख ५० हजार ६ सय २० रुपैयाँ मात्रै खर्च भएको छ। यो कुल पुँजीगत बजेटको १२.६२ प्रतिशत हो। त्यस्तै, चालूतर्फ विनियोजित २६ अर्ब चार करोड ३७ लाखमध्ये ६ अर्ब ७७ करोड ४६ लाख खर्च भएको छ, जुन २६.०१ प्रतिशत प्रगति हो। आर्थिक वर्षको आधाभन्दा बढी समय बितिसक्दा पनि पुँजीगत खर्च दोहोरो अंकमै सीमित रहनुले आगामी महिनामा खर्चको चाप बढ्ने संकेत देखिएको छ।

■ श्रम मन्त्रालयले ३५ प्रतिशत खर्च गर्दा पर्यटनको ४.२४ प्रतिशत मात्रै

चालू आवको सात महिनामा बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रालयको सबैभन्दा बढी ३४.९५ प्रतिशत र संस्कृति तथा पर्यटन मन्त्रालयको सबैभन्दा कम ४.२४ प्रतिशत बजेट खर्च भएको छ। श्रम मन्त्रालयलाई विनियोजन गरिएको ७२ करोड पाँच लाख पुँजीगततर्फ २६.३८ प्रतिशत र चालूतर्फ ३७.७८ प्रतिशत खर्च भएको छ। संस्कृति तथा पर्यटन मन्त्रालयले विनियोजित तीन अर्ब २१ करोड बजेटमा पुँजीगततर्फ मात्र २.८७ प्रतिशत र चालूतर्फ १५.४८ प्रतिशत खर्च गरेको छ। यस्तै, ५१ करोड ८६ लाख ५६ हजार बजेट रहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले चालूतर्फ ५१.८९ प्रतिशत र पुँजीगततर्फ २१.१७ प्रतिशत खर्च गर्दै समग्रमा ३२.६९ प्रतिशत प्रगति हासिल गरेको छ। स्वास्थ्य मन्त्रालयले विनियोजित तीन अर्ब ५४ करोडमध्ये चालूतर्फ ३४.०९ प्रतिशत र पुँजीगततर्फ १२.७९ प्रतिशत खर्च गर्दै समग्रमा ३१.५९ प्रतिशत बजेट खर्च गरेको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले २९.३६ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २२.३१ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले २२.३४ प्रतिशत तथा उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले २०.१० प्रतिशत बजेट खर्च गरेका छन्। प्रदेशकै सबैभन्दा ठुलो बजेट पाएको भौतिक पूर्वाधार विकास मन्त्रालयको चालू आवका लागि विनियोजित २१ अर्ब १६ करोड ४० लाखमध्ये तीन अर्ब ९२ करोड ६२ लाख खर्च भएको छ, जुन १८.५५ प्रतिशत हो।

त्यस्तै, सामाजिक विकास मन्त्रालयले १७.३५ प्रतिशत, कृषि तथा पशुपक्षी मन्त्रालयले १५.८१ प्रतिशत, खानेपानी, सहकारी तथा गरिबी निवारण मन्त्रालयले १४.४७ प्रतिशत, ऊर्जा तथा सिँचाइ मन्त्रालयले १२.७८ प्रतिशत तथा युवा तथा खेलकुद मन्त्रालयले ८.७८ प्रतिशत मात्र बजेट खर्च गरेका छन्। आर्थिक मामिला मन्त्रालयका अनुसार प्रदेशको प्रदेश सभा सचिवालयले ३३.८४ प्रतिशत, प्रदेश लोकसेवा आयोगले ४०.०९ प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयले ३३.१९ प्रतिशत र प्रदेश नीति तथा योजना आयोगले २५.८६ प्रतिशत बजेट खर्च गरेका छन्। स्थानीय तहका लागि विनियोजित कुल बजेटको ३७.०९ प्रतिशत बजेट निकासा भइसकेको मन्त्रालयले जनाएको छ। यता 'अर्थ-विविध' र 'कर्मचारी सुविधा' शीर्षकमा भने हालसम्म कुनै खर्च देखिएको छैन।

■ राजस्व संकलन लक्ष्यको ३१.४६ प्रतिशत मात्रै

बागमती प्रदेश सरकारले माघ मसान्तसम्म कुल लक्ष्यको ३१.४६ प्रतिशत मात्र राजस्व संकलन गरेको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार चालू आवमा ६७ अर्ब ४७ करोड ७२ लाख राजस्व संकलन गर्ने लक्ष्य लिइएकोमा हालसम्म २१ अर्ब २२ करोड ९० लाख संकलन भएको छ। प्रदेश सरकारको राजस्व संकलनको मुख्य स्रोत मानिने घरजग्गा रजिस्ट्रेसन (मालपोत) र सवारीसाधन करतर्फको प्रगति पनि अपेक्षाकृत कमजोर देखिएको छ।

दुवै शीर्षकसहित बाँडफाँटबाट चालू आवमा ३० अर्ब ८९ करोड ११ लाख संकलन हुने अनुमान गरिएकोमा सात महिनामा लक्ष्यको ४०.९० प्रतिशत अर्थात् १२ अर्ब ६३ करोड ५५ लाख मात्रै संकलन भएको मन्त्रालयका सचिव भलकराम अधिकारीले जानकारी दिए। उनका अनुसार घरजग्गा रजिस्ट्रेसन शीर्षकबाट चालू आवमा सात अर्ब ७० करोड राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा हालसम्म लक्ष्यको ३२.४१ प्रतिशत अर्थात् दुई अर्ब ४९ करोड ५८ मात्रै उठेको छ।

यस्तै, सवारी कर शीर्षकबाट आठ अर्ब २५ करोड संकलन गर्ने लक्ष्य रहेकोमा ४९.४९ प्रतिशत अर्थात् चार अर्ब आठ करोड २७ लाख संकलन भएको छ। बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर (भ्याट)तर्फ आठ अर्ब ७९ करोड ८६ लाख प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म चार अर्ब ४१ करोड चार लाख अर्थात् ५०.१३ प्रतिशत संकलन भएको छ। अन्तःशुल्क करतर्फ चार अर्ब तीन करोड ७९ लाख अनुमान गरिएकोमा एक अर्ब ५२ करोड ६३ लाख अर्थात् ३७.८० प्रतिशत प्राप्त भएको मन्त्रालयले जनाएको छ।

संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत १४ अर्ब ८१ करोड ९२ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा ४२.१८ प्रतिशत अर्थात् ६ अर्ब २५ करोड प्राप्त भएको सचिव अधिकारीले बताए। प्रदेश सरकारको आन्तरिक स्रोतबाट चालू आवमा चार अर्ब ७७ करोड ७४ लाख संकलन हुने अनुमान गरिएकोमा लक्ष्यको ४७.०१ प्रतिशत अर्थात् दुई अर्ब २४ करोड ५९ लाख मात्र संकलन भएको छ।

आर्थिक तरलताको अवस्था कमजोर हुनु, घरजग्गा कारोबार तथा नयाँ सवारीसाधन खरिद-बिक्रीमा आएको गिरावट र गत भदौ २३-२४ गते भएको जेन-जी प्रदर्शनका क्रममा राजस्व संकलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिका कारण अपेक्षाअनुसार राजस्व संकलन हुन नसकेको मन्त्रालयका सचिव भलकराम अधिकारीले बताए।

उनका अनुसार जेन-जी आन्दोलनका क्रममा बागमतीका विभिन्न कार्यालयमा क्षति पुगेपछि प्रदेश सरकारको ध्यान विकास खर्चभन्दा सेवा प्रवाह पुनर्स्थापनामा केन्द्रित हुनुपरेको हो। आन्दोलनपछि पुनर्निर्माण, कार्यालय व्यवस्थापन र बजेट संशोधनका कारण केही समय सिस्टम लक गर्नुपरेको पनि उनले जानकारी दिए।

राजमार्गमा पालिकाले कर उठाउन नपाउने

काठमाडौं/ सर्वोच्च अदालतले राष्ट्रिय, सहायक तथा हुलाकी राजमार्गमा सञ्चालन हुने सवारीसाधनबाट स्थानीय तहले कर तथा सडक उपयोग शुल्क नउठाउन अन्तरिम आदेश जारी गरेको छ।

नेपाल ट्रक यातायात व्यवसायी महासंघका अध्यक्ष राजेन्द्रविक्रम बानियाँले गत भदौ २२ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसहितलाई विपक्षी बनाई दायर गरेको उत्प्रेषणसम्बन्धी रिट निवेदनमा सुनुवाइ गर्दै न्यायाधीश महेश शर्मा पौडेल र न्यायाधीश बालकृष्णको संयुक्त इजलासले यस्तो आदेश दिएको हो।

निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता उद्धवप्रसाद चौलागाईं र अधिवक्ता वकिलप्रसाद गौतमले बहस गरेका थिए भने विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालयका तर्फबाट महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता कैलाश खत्रीले बहस गरेका थिए। जितपुर-सिमरा उपमहानगरपालिकाका तर्फबाट अधिवक्ता विद्यादेवी कटुवाल र जीवनबहादुर बस्नेत उपस्थित भएका थिए।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड

कर्पोरेट कार्यालय थापाथली, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०
फ्याक्स : ९७७-१-४७८२५१७
Web:www.manjushreefinance.com
Email:info@ manjushreefinance.com.np

15 days' Notice for Invitation of Sealed Bid

Published Date: 5th Falgun, 2082

Manjushree Finance Limited (MFL) invites sealed bid from the interested firms/companies for supply of the following services:

1. **Invitation for Sealed Bids for Manjushree Corporate Calendar for 2083 BS**

Manjushree Table Calendar	**Manjushree Wall Calendar**
Quantity : 1,500 Size : 7" (w) × 5" (h) No of Pages : 13 (both side printing) including cover page Paper Type : 300 GSM Art Board Binding : Patta Binding	Quantity : 15,000 Size : 15" (w) × 20" (h) No of Pages : 6 (both side printing, 2 months per page) Paper Type : 200 GSM Art Board Binding : Patta Binding
• Bid amount shall be deemed inclusive of design, delivery or any other cost.	

2. **Invitation for Sealed Bids for Security Guard Services for 2083-084 BS**
   - Security services are to be provided for the corporate office and various branches of MFL across Nepal.
   - Only the firms/companies licensed by the Government of Nepal are eligible to bid.
   - Security services must be provided by ex-army personnel, ex-police personnel, or formally trained security guards. The security personnel must deliver services with honesty, dedication, discipline, and professionalism, maintaining a high standard of professional competence.
   - The service provider shall be solely responsible for arranging uniforms, security equipment, checking devices, and all other necessary materials required for the security personnel.

Common Terms and Conditions

1. Bidders must submit the following documents:
   a) PAN/VAT Certificate
   b) Audited Balance Sheet of Last 2 years
   c) Company Registration Certificate
   d) Latest Tax Clearance Certificate
   e) Experience letters from at least three BFIs in recent 3 previous years
2. RFP documents are available upon submission of an official request letter to the General Administrative Department, (GAD), Thapathali, Kathmandu, by 12:00 PM on 2082/11/19 with a non-refundable fee of NPR 5,000/-.
3. Sealed proposals must be submitted to the GAD, Manjushree Finance, Thapathali, Kathamandu not later than 3:00 PM on 2082/11/19. Documents received after the deadline shall not be considered.
4. Bid Opening: 2082/11/20 at 12:00 P.M for Calendars and at 3:00 PM for security services, at Corporate Office, Thapathali, with/ without presence of the bidder's representatives. Non- attendance of any or all the bidder's representatives shall not hinder the opening of the bids. If bid opening date falls on a public holiday, such activities shall be conducted at the same time on the next working day following the holiday.
5. If the final date for purchasing, submitting, or opening the sealed bid falls on a public holiday, such activities shall be conducted at the same time on the next working day following the holiday.
6. MFL reserves the right to accept or reject any or all bids, wholly or partly. at its sole discretion without assigning any reason. Similarly, it reserves the right to conduct further negotiations with selected bidders, with or without stating reasons. No correspondence in this regard shall be entertained.
7. Bidder must clearly state the quoted amount both in figures and in words. In case of any discrepancy between figures and words, the amount written in words shall prevail. Any corrections or overwriting must be duly signed and stamped by the authorized person.
8. All other matters shall be governed in accordance with the Bank and Financial Institutions Act, 2073 (2017) of Nepal, and other prevailing laws and regulations.
9. For more details, please visit our website www.manjushreefinance.com.np or contact General Administration Department, Telephone: +977-01-4792517 Ext: 314, Mob: 9851400562

■ क्लाइमेट फन्डको पैसा लगानी व्यवस्थित गर्न कार्यविधि लागू

क्लाइमेट फन्डको पैसा लगानी गर्दा परियोजनाको अवधारणापत्र अनिवार्य चाहिने

नयाँ पत्रिका

अर्थ मन्त्रालयले जलवायु वित्त (क्लाइमेट फन्ड)मार्फत जथाभावी हुन सक्ने लगानी निरुत्साहित गर्न कार्यविधि कार्यान्वयनमा ल्याएको छ। सरकारले जलवायु परिवर्तनसँग सम्बन्धित कामका लागि प्राप्त हुने जलवायु वित्त कसरी प्रयोग गर्ने भन्ने स्पष्ट व्यवस्था गर्दै कार्यविधि कार्यान्वयनमा ल्याएको हो। अर्थले कुनै पनि परियोजनामा जलवायु वित्त लगानी गर्नका लागि परियोजनाको अवधारणापत्र आवश्यक पर्ने व्यवस्था गरेको हो। यसअनुसार जलवायु परिवर्तनका कारण भएको हानि-नोक्सानीको सम्बोधन, अत्यधिक प्रभावित क्षेत्र र समुदायमा अनुकूलनसम्बन्धी काम तथा कार्बन उत्सर्जन घटाउने कार्यक्रमको प्राथमिकता तीनवटा क्षेत्रमा दिइने उल्लेख छ।

जलवायु वित्त परिचालन कार्यविधि २०८२ अनुसार अर्थ मन्त्रालयले आवधिक रूपमा वा जलवायु कोषले माग गरेका वेलामा वित्त परिचालनका लागि परियोजना प्राथमिकताको सूची तयार गर्नुपर्ने हुन्छ। यसका लागि १५ दिनको समयावधि दिएर कार्यान्वयन गर्ने निकायसँग परियोजनाको अवधारणापत्र माग गर्नुपर्ने व्यवस्था गरिएको छ। अवधारणापत्रमा परियोजनाको नाम, परियोजना सञ्चालन हुने स्थान, मान्यताप्राप्त निकाय वा कार्यान्वयन गर्ने निकाय, जलवायुसम्बन्धी कार्यको विषयगत क्षेत्र, हरितगृह ग्यास न्यूनीकरणको लक्ष्य, अनुकूलनको लक्ष्य (कुल जनसंख्याको प्रतिशतमा), कुल लागत, जलवायु विकास साझेदारमार्फत प्रस्तावित जलवायु वित्तको रकम उल्लेख गर्नुपर्ने हुन्छ। त्यस्तै, जलवायु वित्तको प्रकार (अनुदान, सहुलियतपूर्ण ऋण र सम्मिश्रित वित्तीय व्यवस्था), परियोजनाको अनुमानित अवधि, परियोजना तयारी रकम, जलवायु परिवर्तनका जोखिम र प्रभाव, हरितगृह ग्यास उत्सर्जनको अवस्था, कार्बन उत्सर्जन न्यूनीकरण र जलवायु अनुकूलनका आवश्यकता सम्बोधन गर्न परियोजनाका सम्भावित क्रियाकलाप, जलवायु समस्या र परियोजनाले गर्ने जलवायुसम्बन्धी कार्यबिचको सम्बन्ध, परियोजना सञ्चालनको वित्तीय व्यवस्थासम्बन्धी विस्तृत विवरण, वित्तीय तथा सञ्चालन जोखिम र न्यूनीकरणका उपायसम्बन्धी व्यवस्था तथा दिगोपनाको विश्लेषण आवश्यक पर्ने उल्लेख छ।

यसका लागि बजेट तथा कार्यक्रम महाशाखाका उपसचिव, राष्ट्रिय योजना आयोगका उपसचिव, वन तथा वातावरण मन्त्रालयका उपसचिव, कृषि तथा पशुपक्षी विकास मन्त्रालयका उपसचिव, जल तथा मौसम विज्ञान विभागका उपसचिव, राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव, नेपाल राष्ट्र बैंकका उपनिर्देशक, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि, अर्थ मन्त्रालयले मनोनीत गरेका एकजना, महिलासहित दुईजना विज्ञ सदस्य रहने व्यवस्था छ। त्यस्तै, सदस्य सचिवका रूपमा अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखाका उपसचिव रहने व्यवस्था छ।

सरकारी निकायमार्फत सञ्चालन हुने परियोजनामा प्राविधिक सहायताबाहेकको रकम राष्ट्रिय प्रणालीबाटै खर्च गरिनुपर्ने कार्यविधिमा उल्लेख छ। अन्तर्राष्ट्रिय निकायसँग वित्तीय सम्झौता भएमा संघीय सञ्चित कोषमार्फत रकम प्रवाह हुने व्यवस्था गरिएको छ। प्रदेश र स्थानीय तहका परियोजनामा ससर्त अनुदानमार्फत रकम उपलब्ध गराइने भनिएको छ।

निजी क्षेत्रले पनि जलवायु वित्त प्रयोग गरी परियोजना सञ्चालन गर्न सक्नेछ। तर, त्यसका लागि सरकारलाई भविष्यमा कुनै आर्थिक दायित्व नपर्ने र सार्वभौम जमानी नलिनुपर्ने सर्त छ। परियोजना छनोट गर्दा सार्वजनिक सूचना जारी गर्नुपर्नेछ र सबै इच्छुक निजी क्षेत्रलाई समान अवसर दिनुपर्नेछ। परियोजनाको मूल्यांकन गर्दा संस्थाको अनुभव, आर्थिक अवस्था, कालोसूचीमा नपरेको अवस्था, जलवायु परिवर्तनमा गर्ने योगदान र अर्थतन्त्रमा पर्ने प्रभावजस्ता विषय हेरिनुपर्ने कार्यविधिमा उल्लेख छ। यो सुविधा मुख्यतः अनुकूलन योजना कार्यान्वयन, छिटो प्रतिफल दिने प्रभावकारी परियोजना, जलवायुसम्बन्धी कार्यक्रम, परियोजना तयारी तथा क्षमता विकास कार्यक्रममा खर्च गर्न सकिने उल्लेख छ। परियोजना छनोट भने प्राविधिक समितिको सिफारिसका आधारमा गरिने व्यवस्था छ।

सीमापार विद्युत् प्रसारण आपूर्ति गर्न लिट्मस इन्डस्ट्रिजलाई भारतको स्वीकृति

काठमाडौं/ नेपालको तार, केबल तथा कन्डक्टर उत्पादक लिट्मस इन्डस्ट्रिज लिमिटेडले भारतको पावर ग्रिड कर्पोरेसन अफ इन्डिया (पिजिसिआइएल)बाट उच्च क्षमताको विद्युत् प्रसारणलाइन आपूर्ति गर्न अनुमति प्राप्त गरेको छ। पिजिसिआइएल भारतको केन्द्रीय विद्युत् प्रसारण निकाय हो, जसले देशको अन्तरराज्य तथा सीमापार विद्युत् प्रसारण सञ्जाल सञ्चालन गर्छ। यस स्वीकृतिसँगै लिट्मस इन्डस्ट्रिज सीमापार विद्युत् प्रसारण परियोजनाका लागि चयन हुने एक मात्र नेपाली उत्पादक बनेको छ।



सम्झौताअनुसार कम्पनीले चार सय केभी एसिएसआर मुस कन्डक्टर दुई हजार सात सय ९९ किलोमिटर उत्पादन तथा आपूर्ति गर्नेछ। यी कन्डक्टर नेपालको डिडिङ-ढल्केबर र भारतको बथनाहा सीमापार प्रसारणलाइन परियोजनामा प्रयोग गरिनेछ। उक्त प्रसारणलाइन नौ सय मेगावाट क्षमताको अरुण-३ जलविद्युत् आयोजनासँग सम्बन्धित छ। नेपालमै पहिलोपटक चार सय केभी एसिएसआर मुस कन्डक्टर उत्पादन हुन लागेको हो। यसले देशको प्रविधिक तथा औद्योगिक क्षमतामा महत्त्वपूर्ण उपलब्धि हासिल गर्ने कम्पनीको भनाइ छ। पिजिसिआइएलले लिट्मस इन्डस्ट्रिजको कारखाना मूल्यांकन गरेको थियो। मूल्यांकनपछि कम्पनीलाई परियोजनाका लागि कन्डक्टर आपूर्ति गर्न योग्य एक मात्र नेपाली उत्पादकका रूपमा स्वीकृति प्रदान गरिएको हो। अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सामेल भएर छनोट हुनु नेपालका लागि गौरवको विषय भएको कम्पनीले जनाएको छ।

यो स्वीकृतिले कम्पनीलाई विश्वसनीय अन्तर्राष्ट्रिय आपूर्तिकर्ताका रूपमा स्थापित गरेको लिट्मसले जनाएको छ। यसले नेपाली उद्योगको विस्तारका साथै सीमापार ऊर्जा पूर्वाधार विकासमा नेपालको सहभागिता सशक्त बन्दै गएको संकेत दिनेछ। लिट्मस इन्डस्ट्रिज रमेश कर्प समूहअन्तर्गतको उद्योग हो। यसले नेपालमा तार, केबल तथा कन्डक्टर उत्पादन गर्दै आएको छ।

होटेल इस्टर्नको आइपिओ बिक्री प्रबन्धकमा एनआइसी क्यापिटल

काठमाडौं/ होटेल इस्टर्न नेपाल लिमिटेडले प्राथमिक सार्वजनिक सेयर (आइपिओ) निष्कासन गर्ने भएको छ। होटेलले आइपिओ निष्कासन गर्न एनआइसी एसिया क्यापिटल लिमिटेडलाई धितोपत्र निष्कासक एवं बिक्री प्रबन्धकमा नियुक्त गरेको छ। यी दुवै पक्षबिच सम्झौतापत्रमा हस्ताक्षर भएको छ।



एनआइसी क्यापिटलले 'आइडिया टु आइपिओ' सेवाअन्तर्गत कुनै पनि क्षेत्रका कम्पनीलाई कम्पनीको स्थापनाकालदेखि आइपिओ जारी गर्ने चरणसम्म पुऱ्याउन सम्पूर्ण परामर्श सेवा उपलब्ध गराउँदै आइरहेको छ।

मेचीनगर- १० मा रहेको होटेल इस्टर्न प्रस्तावित पाँचतारे स्तरको हो। यो सञ्चालनका लागि अन्तर्राष्ट्रिय ब्रान्ड होलिडे इन एक्सप्रेस एन्ड स्विट्ससँग सम्झौता भइसकेको छ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

Irrigation and Water Resources Management Project

Chandrapur, Rautahat

Notice of Intention for Award of Contract

Date of Publication: 17th February, 2026(2082/11/05)

This is to notify all bidders and concerned parties that, in reference to the bid notice published on 13 July 2025 in The Rajdhani National daily, regarding the contract details mentioned below, and pursuant to Clause 41.1 of the ITB of the bidding documents as well as Rule 31(a), Sub-rule (7) of the Public Procurement Regulation 2064, this notice is hereby issued to inform that we have decided to accept the bid of the following bidder as the lowest evaluated substantially responsive bid and intent to award the contract.

Contract No : PRBFRMP/Works/Lak/CW-15
Name of works : Extension of Flood Control Works at Lakhandehi River Basin.

S.N	Name of Bidder	Contract ID	Evaluated Bid Price (Inc.of PS and VAT)	Remarks
1	M/S Bandan Bhagwati/Prithivi J.V., Battisputali, Kathmandu	PRBFRMP/Works/ Lak/CW-15	114,934,376.70	

Project Chief

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग

सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना

भानु, तनहुँ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति : २०८२/११/०५)

यस आयोजनाबाट प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार विद्युतिय खरिद प्रणाली मार्फत रीतपूर्वक पेश हुन आएका बोलपत्रहरू मध्ये तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

S. N.	Contract ID & Name of Works	Name of Bidder & Address	Accepted Bid Amount (Including VATand PS, NRs.)
1	IWRMPT-NCB-Works-02-82/83, Protection work at Tal Village, Naso RM-01, Manang	M/S Sherpa nirman sewa Pvt. Ltd, Pokhara 7,Kaski	19,14,995.51
2	IWRMPT-NCB-Works-03-82/83, River Training work at Dharapani, Naso RM-03,05, Manang	M/S Manjuri Construction Pvt.Ltd., Thawang Rural Municipality-3 Mirul,Rolpa	68,25,548.92
3	IWRMPT-NCB-Works-04-82/83, Daraudi River Training at Jhulungephant , Palungtar -09 & Gorkha-11, Gorkha	M/S Unique Nirman Sewa, Gorkha municipality-10,Gorkha	91,79,475.63
4	IWRMPT-NCB-Works-05-82/83, Madi River Training at Gaushala, Vyas-10, Tanahun	M/S Manjuri Construction Pvt.Ltd, Thawang Rural Municipality-3 Mirul,Rolpa	80,81,976.46

आयोजना प्रमुख

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८२/११/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत चुक्ता भुक्तान नगरेपश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने तथा १५ (पन्ध्र) दिने धितो लिलामको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहां जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

लिवाङ शाखा, रोल्पा

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता.नं. १९५८०६/०७५/०७६ अन्तर्गत मिति २०७५/०४/२७ मा दर्ता कायम भएको **नेपाल मदर कन्सट्रक्सन कम्पनी प्रा.लि.**
कम्पनी दर्ता ठेगानाः रुन्टीगढी गा.पा. -६, रोल्पा
स्थायी लेखा नं. ६०६६३१००६, मिति : २०७५/०४/३१
संचालकहरुः इश्वर के.सी. र संकल्प के.सी.
कर्जा शिर्षकः आवधिक तथा सवारी साधन कर्जा

२. **इश्वर के.सी.**
कर्जा शिर्षकः घर तथा आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

इश्वर के.सी.
ना.प्र.नं. ५४/४४३८२
जारी मितिः २०६०/०२/०५
जि.प्र.का. रोल्पा
बाबुको नामः बीरबहादुर खत्री
बाजेको नामः जगत बहादुर खत्री
स्थायी ठेगानाः जंकोट -५, रोल्पा
हालको ठेगानाः घोराही उ.म.न.पा. -१२, दाङ

व्यक्तिगत जमानत दिनेको विवरण

टिका कुमारी बोहरा
ना.प्र.नं. ५२३०१७/८२
जारी मितिः २०६३/१०/१८, जि.प्र.का. दाङ
बाबुको नामः मेघ ब. बोहरा
पतिको नामः ईश्वर के.सी.
ससुराको नामः बीरबहादुर खत्री
स्थायी ठेगानाः रामपुर -४, दाङ
हालको ठेगानाः घोराही उ.म.न.पा. -१२, दाङ

संकल्प के.सी.
ना.प्र.नं. ५४-०१-७५-०१३६७
जारी मितिः २०७५/०३/२६, जि.प्र.का. रोल्पा
बाबुको नामः बीरबहादुर खत्री
बाजेको नामः जगत बहादुर खत्री
स्थायी ठेगानाः रोल्पा न.पा. -२, रोल्पा
हालको ठेगानाः घोराही उ.म.न.पा. -१२, दाङ

बुदी माला खत्री
ना.प्र.नं. ३४९०, जारी मितिः २०५०/०१/०६, जि.प्र.का. रोल्पा
बाबुको नामः देउचन डांगी
पतिको नामः विर बहादुर खत्री
ससुराको नामः जगत बहादुर खत्री
स्थायी ठेगानाः जंकोट -५, रोल्पा
हालको ठेगानाः घोराही उ.म.न.पा. -१२, दाङ

ऋणी नेपाल मदर कन्सट्रक्सन कम्पनी प्रा.लि. का लागि मात्र जमानत रहेको

धितोको विवरण (जग्गाको विवरण)

१. अनक राम बोहराको नातिनी, मेघ बहादुर बोहराको छोरी, टिका कुमारी बोहराको नाममा मालपोत कार्यालय घोराही, दाङमा दर्ता श्रेस्ता कायम रहेको दाङ जिल्ला, हापुर बिजौरी गा.वि.स/न.पा. वडा नं. ३ क (घोराही बसपार्क नजिक) स्थित कि.नं. ९४५, ३०३ र ७९९ को क्षेत्रफल क्रमशः १९१३.२७, ३९७८.३५ र १७७७.८६ व. मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. जगत बहादुर खत्रीको नाति, विर बहादुर खत्रीको छोरा, इश्वर के. सी. को नाममा मालपोत कार्यालय घोराही, दाङमा दर्ता श्रेस्ता कायम रहेको दाङ जिल्ला, रावतगाँउ गा.वि.स/न.पा. वडा नं. ३ ख (सर्राफ चोक नजिक) स्थित कि.नं. ९१३ को क्षेत्रफल १६९.३१ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. काले डाँगीको नातिनी, देउचन डाँगीको छोरी, बुदीमाला खत्रीको नाममा मालपोत कार्यालय रोल्पामा दर्ता श्रेस्ता कायम रहेको रोल्पा जिल्ला, लिवाङ गा.वि.स/न.पा. वडा नं. ४ स्थित कि.नं. १४६९ को क्षेत्रफल ७३.५० व. मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
४. जगत बहादुर खत्रीको नाति, विर बहादुर खत्रीको छोरा, इश्वर के. सी. को नाममा मालपोत कार्यालय रोल्पामा दर्ता श्रेस्ता कायम रहेको रोल्पा जिल्ला, लिवाङ गा.वि.स/न.पा. वडा नं. ४ स्थित कि.नं. २१३५ को क्षेत्रफल १७८.०० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण (ऋणी नेपाल मदर कन्सट्रक्सन कम्पनी प्रा.लि. का लागि)

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
TERRA 25 G BOGI	रा १ ख २९०३	२०२१	12D84524936	MC2L4GRC0ME008721
TERRA 25 G BOGI	रा १ ख २९०४	२०२१	12D84524924	MC2L4GRC0ME008710
TERRA 25 G BOGI	रा १ ख २९०६	२०२१	12D84524939	MC2L4GRCOME008716
TERRA 25 G BOGI	रा १ ख २९०९	२०२१	12C84524200	MC2L4GRCOMC008695
TERRA 25 G BOGI	रा १ ख २९१०	२०२१	12C84524076	MC2L4GRCOMD008702
TERRA 25 G BOGI	रा १ ख २९११	२०२१	12C84524190	MC2L4GRCOMD008699
Ashok Leyland HCP Tipper	रा १ ख १३०७	२०२०	LMHZ417410	MB1HTLFC7LRMJ1689
Toyota Hilux Gun126R-DTFHH	बा २१ च ८१३६	२०१८	1GD-0597482	MR0BA8CD700232521

नोटः माथि उल्लेखित सवारीसाधनहरु मध्ये यस बैंकको नाममा रहेको बा २१ च ८१३६ र रा १ ख २९०६ को सवारी साधनहरु हाल बैंकको नियन्त्रणमा नरहेकोले लिलाम प्रयोजनका लागि अविलम्ब बैंकको शाखाहरु, कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कार्यालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्तालाई सूचित गरिन्छ।

नेपालगञ्ज पुष्पलाल चोक शाखा, बाँके

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगञ्ज, बाँकेमा प्रा.फ.र.नं. ३४६६७/०७८/०७९ अन्तर्गत मिति २०७८/०४/१२ मा दर्ता कायम भएको **यूनिभर्सल एयरकन्डीसन**
फर्म दर्ता ठेगाना : नेपालगञ्ज उ.म.न.पा.-४, बाँके
स्थायी लेखा नं. ६१६१५८०४३
मिति : २०७८/०४/१३
प्रोप्राइटर : सवनम अन्सारी मुकेरी
कर्जा शिर्षक : आवधिक कर्जा

२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगञ्ज, बाँकेमा प्रा.फ.र.नं. १०२६६/५८३ अन्तर्गत मिति २०७३/०९/१९ मा दर्ता कायम भएको **न्यू निजाम स्टोर**
फर्म दर्ता ठेगाना : तुल्सीपुर उ.म.न.पा.-५, दाङ
स्थायी लेखा नं. ६०५१४२९१४
मिति : २०७३/०६/०९
प्रोप्राइटर : कमालुद्दिन मुकेरी
कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा फोर्स कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

कमालुद्दिन मुकेरी
ना.प्र.नं. २३४०/२१८४
जारी मिति : २०५९/०४/०३
जि.प्र.का. दाङ
बाबुको नाम : मुहयद्दिन मुकेरी
बाजेको नाम : नसिब अलि मुकेरी
स्थायी ठेगाना : तुल्सीपुर -५, दाङ
हालको ठेगाना : तुल्सीपुर
न.पा.-५, दाङ

सवनम अन्सारी मुकेरी
ना.प्र.नं. ५२-०१-७३-०५३२०
जारी मिति : २०७३/१०/०६
जि.प्र.का. दाङ
बाबुको नाम : हसनरजा अन्सारी
पतिको नाम : कमालुद्दिन मुकेरी
ससुराको नाम : मुहयद्दिन मुकेरी
स्थायी ठेगाना : तुल्सीपुर
न.पा.-५, दाङ

धितोको विवरण (घरजग्गाको विवरण)

नसिब अलि मुकेरीको नाती, मुहयद्दिन मुकेरीको छोरा, कमालुद्दिन मुकेरीको नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला, नेपालगञ्ज न.पा. वडा नं. ५ (सेतुबिक चोक नजिक) स्थित कि.नं. १३६ को क्षेत्रफल १४२.०० व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ऋणी न्यू निजाम स्टोरका लागि मात्र धितो सुरक्षण रहेको
नसिब अलि मुकेरीको नाती, मुहयद्दिन मुकेरीको छोरा, कमालुद्दिन मुकेरीको नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला, नेपालगञ्ज न.पा. वडा नं. ५ (सेतुबिक चोक नजिक) स्थित कि.नं. १३० को क्षेत्रफल ९०.०० व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लहान शाखा, सिरहा

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १३८३४३/०७२/०७३ अन्तर्गत मिति २०७२/०४/२६ मा दर्ता कायम भएको **राजदेवी एग्रीकल्चर फार्म एण्ड मल्टीपर्पोज प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : धनगढी -२, सिरहा
स्थायी लेखा नं. ६०३५२३२१६, मिति : २०७२/११/०२
संचालकहरु : पुरेन्द्रलाल कर्ण र ललितादेवी कर्ण
कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा फोर्स कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

पुरेन्द्र लाल कर्ण
ना.प्र.नं. ६५५
जारी मिति : २०५५/०३/०४
जि.प्र.का. सिरहा
बाबुको नाम : जानकी शरण लाल
बाजेको नाम : सरजुग लाल कर्ण
स्थायी ठेगाना : हनुमाननगर
प्र.ध. -९, सिरहा

ललिता देवी कर्ण
ना.प्र.नं. १५१०२४/११४२
जारी मिति : २०६९/०५/११
जि.प्र.का. सिरहा
बाबुको नाम : नवल किशोर कर्ण
पतिको नाम : पुरेन्द्र लाल कर्ण
ससुराको नाम : जानकी शरण लाल कर्ण
स्थायी ठेगाना : हनुमाननगर प्र.ध. -९, सिरहा

चन्द्र कला देवी कर्ण
ना.प्र.नं. ०३५६१३४७/८९९८
जारी मिति : २०५५/१२/२२
जि.प्र.का. सिरहा
बाबुको नाम : सुन्दर लाल कर्ण
पतिको नाम : जानकी शरण लाल कर्ण
ससुराको नाम : सरजुग लाल कर्ण
स्थायी ठेगाना : हनुमाननगर प्र.ध. -९, सिरहा

धितोको विवरण (घर/जग्गाको विवरण)

१. सर्युग लाल कर्णको नाति, जानकी शरण लालको छोरा, पुरेन्द्र लाल कर्णको नाममा मालपोत कार्यालय लहान, सिरहामा दर्ता श्रेस्ता कायम रहेको
क. सिरहा जिल्ला हनुमाननगर गा.वि.स./न.पा. वडा नं. ८ ख (धनगढी चोक नजिक) स्थित कि.नं. ३३ र ३०३ को क्षेत्रफल क्रमशः ०-५-१९-० र ०-५-१-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ख. सिरहा जिल्ला हनुमाननगर गा.वि.स./न.पा. वडा नं. ८ क (धनगढी चोक नजिक) स्थित कि.नं. ३८ को क्षेत्रफल ०-१५-१८-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
ग. सिरहा जिल्ला वस्तीपुर गा.वि.स./न.पा. वडा नं. ४ क (नैनपुर चोक नजिक) स्थित कि.नं. ८७४ र ८७५ को क्षेत्रफल क्रमश : ०-१-४.७५-० र ०-१-४.५०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. सुन्दर लाल कर्णको छोरी, सर्युग लाल कर्णको बुहारी, जानकी शरण लालको पत्नी, चन्द्रकला देवी कर्णको नाममा मालपोत कार्यालय लहान, सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला, नैनपुर गा.वि.स./न.पा. वडा नं. ५ ख (धनगढी प्रहरी चौकी नजिक) स्थित कि.नं. ४६५ को क्षेत्रफल ०-०-१०-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कवोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 माजम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनुहुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्यादभित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन साथै कानूनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात् धितो नामसारी गरी हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत् कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखित अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रही Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ फागुन ११ गते, (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८२ फागुन १२ गते
समय : दिउँसो ३ बजे, स्थान : सम्बन्धित शाखा कार्यालयमा

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

■ आइसिसी पुरुष टी-२० विश्वकप २०२६

स्कटल्यान्डविरुद्ध प्रतिष्ठाको लडाइँमा नेपाल

एक खेलअगाडि नै बाहिरिएको नेपाल आज समूह 'सी'को अन्तिम खेलमा स्कटल्यान्डको सामना गर्दै

मुम्बईमा **रमेश सुवेदी**



१०औँ संस्करणको आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा खेल्नुअघि नेपालले एउटा लक्ष्य राखेको थियो । टेस्ट राष्ट्रलाई हराएर नेपालले सुपर एट स्थान बनाउने योजना बनाएको थियो । समूह 'सी'को सोमबार नेपालले चौथो तथा अन्तिम खेलमा स्कटल्यान्डको सामना गर्दै छ । स्कटल्यान्डसँग प्रतिस्पर्धा गरिरहँदा नेपाल प्रतिष्ठाको लडाइँमा सीमित भएको छ । लगातार तीन खेलमा पराजित भएको नेपाल समूहको एक खेलअगाडि नै बाहिरिसकेको छ ।

इंग्ल्यान्डविरुद्ध सनसनी प्रदर्शन गरी वाहवाही कमाएको नेपाल त्यसपछि नवप्रवेशी इटालीबाट १० तथा वेस्ट इन्डिजसँग नौ विकेटले पराजित भयो । इटालीसँग अप्रत्याशित रूपमा पराजित हुँदा नेपालको अर्को चरणमा पुग्ने सम्भावना कमजोर बनेको थियो । मुम्बईको वानखेडे रंगशालामा नेपालले स्कटल्यान्डविरुद्ध डे-नाइट खेलमा खेल्नेछ । यो नेपालको पहिलो अनुभव हुनेछ ।

नेपालले कम्तीमा चालू विश्वकपमा एक जितका साथ यात्रा सकाउने योजनामा खेल्नेछ । त्यहीँ नै स्कटल्यान्डले पनि आफ्नो अन्तिम खेलमा नेपाललाई हराएर समूहमा तेस्रो स्थान रक्षा गरी विश्वकप यात्रा समाप्त पार्ने लक्ष्य बनाएको छ । १०औँ विश्वकपमा स्कटल्यान्ड भाग्यमानी टोलीका रूपमा रहेको छ । बंगलादेशले भारतमा गएर विश्वकप नखेल्ने भनेपछि आइसिसीले स्कटल्यान्डलाई वरीयताका आधारमा स्थान दिएको हो । समूह 'सी'मा नेपाल मात्र अंकविहीन छ । इटाली र स्कटल्यान्डले समान तीन खेलमा दुई अंक जोडेका छन् ।

स्कटल्यान्डसँगको खेलअगाडि सोमबार आयोजित प्रिपोस्ट म्याचमा नेपालका मुख्य प्रशिक्षक स्टुवार्ट लको स्थानमा कन्सल्ट्यान्ट प्रशिक्षक निक पोथसले पछिल्ला तीन खेलमा खेलाडीले गल्ती गरेको बताए । स्कटल्यान्डविरुद्ध त्यही गल्ती सच्याएर खेल्ने उनले बताए । 'हामीले पछिल्लो खेलमा गर्नैनहुने गल्ती गर्‍यौं । यो स्टेजमा त्यस्ता सामान्य गल्तीले नै नसोचेको नतिजा व्यहोर्नुपर्ने हुन्छ,' पोथसले भने, 'स्कटल्यान्डविरुद्ध हामीले त्यही गल्ती दोहोऱ्याउनुहुँदैन । त्यसपछि मात्रै हामी विश्वकपमा सुखद अन्त्य गर्नेछौं ।'

यसैगरी, स्कटल्यान्डका ब्याट्सम्यान टम ब्रुसले नेपालको खेल योजनासँगै खेलाडीका बारेमा राम्रो जानकार भएको बताए । 'हामीले नेपालसँग खेलिरहेका छौं । यसकारण उनीहरूको खेलबारे हामी परिचित छौं,' ब्रसले भने । गत वर्षको जुनमा नेपाल र स्कटल्यान्डबिच टी-२० आई खेल भएको थियो । त्यो सिरिज बराबरीमा सकिएको थियो ।

१२ वर्षदेखि जितविहीन नेपाल

नेपालले समग्रमा तीन तथा लगातार दोस्रोपटक टी-२० विश्वकप खेलिरहेको छ । सन् २०१४ मा नेपाल पहिलोपटक विश्वकपमा छनोट भएको थियो । बंगलादेशले आयोजना गरेको विश्वकपमा नेपालको टी-२० आई डेब्युसमेत थियो । नेपालले डेब्यु विश्वकपमै सनसनी रूपमा हङकङ र अफगानिस्तानमाथि जित निकालेको थियो । तत्काल कप्तान पारस खड्काको नेतृत्वमा नेपालले विश्वकपमा दुई जित निकालेको थियो । बंगलादेशमा भएको विश्वकपपछि नेपाल जितविहीन छ ।

सन् २०१४ को विश्वकपमै नेपालले टेस्ट राष्ट्र बंगलादेशविरुद्ध समूह चरण छनोटमा प्रतिस्पर्धा गर्दा हारको सामना गऱ्यो । त्यसपछि नेपालले विश्वकपमा दोस्रोपटक स्थान बनाउन १२ वर्ष प्रतीक्षा गऱ्यो । सन् २०२४ मा अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आयोजना गरेको विश्वकपमा नेपाल दोस्रोपटक छनोट भयो । कप्तान रोहितकुमार पौडेलको कप्तानीमा नेपालले नवौं संस्करणमा दक्षिण अफ्रिकाविरुद्ध उत्कृष्ट प्रदर्शन गरेको थियो । दक्षिण अफ्रिकासँग नेपाल केवल एक रनले चुकेको थियो । समूह 'डी'मा रहेको नेपाल नेदरल्यान्डसँग ६ विकेटले पराजित भएको थियो । बंगलादेशविरुद्धको खेलमा नेपाल २१ रनले पराजित भयो । श्रीलंकासँगको प्रतिस्पर्धा वर्षाका कारण रद्द भएको थियो । चालू विश्वकपमा नेपाल तीन खेलमा पराजित भइसकेको छ ।

समग्रमा नेपालले विश्वकपमा नौ खेल खेल्दा सातमा हार सामना गरेको छ । विश्वकपको इतिहासमा नेपालले लगातार सात खेल विपक्षीलाई सुम्पिएको छ ।

पछिल्लो दुई खेल बराबर

नेपाल र स्कटल्यान्डबिच टी-२० आईमा आधिकारिक दुई खेल भएका छन् । उनीहरूबिच समान एक जित र हार खेल भएका छन् । सन् २०२५ मा भएको पहिलो टी-२० आईमा नेपाल दुई विकेटले विजयी भएको थियो । ९७ रनको लक्ष्य पाएको नेपालले आठ विकेट गुमाउँदा जित निकाल्यो । यो खेल खेलेका रूपेश सिंह, करण ठगुन्ना र अनिलकुमार साह यो टोलीमा समावेश छैनन् । दोस्रो खेलमा स्कटल्यान्डले नेपालविरुद्ध ३४ रनको जित हात पाऱ्यो । स्कटल्यान्डले दिएको एक सय ९४ रनको लक्ष्य पछ्याएको नेपाल १८.५ ओभरमा अलआउट हुँदा एक सय ५९ रनमा सीमित भयो । यसअघि सन् २०१३ मा नेपाल र स्कटल्यान्डबिचको खेलमा स्कटल्यान्ड आठ विकेटले विजयी भएको थियो । नेपालले सन् २०१४ मा मात्रै टी-२० आई मान्यता पाएकाले त्यो खेल आधिकारिक मानिएन ।

न्युजिल्यान्डका पूर्वखेलाडी ब्रुस

स्कटल्यान्डका भरपर्दा खेलाडीका रूपमा ब्रस हुन् । उनले आइसिसीले आयोजना गर्ने बृहत् प्रतियोगिता खेलिसकेका छन् । दुई वर्षअघि स्कटल्यान्डबाट खेलिरहेका ब्रुस यसअघि न्युजिल्यान्डका राष्ट्रिय टोलीका खेलाडी थिए । उनले न्युजिल्यान्डबाट प्रतिनिधित्व गर्दै खेल्दा भारत र दक्षिण अफ्रिकाविरुद्ध खेलेका थिए । सन् २०२५ मा उनी स्कटल्यान्डबाट खेल्न थालेका हुन् । उनको अनुभवको कारण पनि स्कटल्यान्डको मनोबल उच्च छ । 'म पहिलोपटक नेपालविरुद्ध खेल्दै छु । नेपाली समर्थक निकै आउनुहुन्छ । त्यसका लागि पनि उत्साहित छु,' ब्रुसले भने । स्कटल्यान्डले पहिलोपटक चालू विश्वकपमा वानखेडे रंगशालामा खेल्न लागेको हो । यसअघि स्कटल्यान्डका सबै खेल कोलकाताको इडेन गार्डेनमा थिए ।

आजका खेल

क्यानडा	बिहान ११:१५ बजे	न्युजिल्यान्ड		
आयरल्यान्ड	दिउँसो ३:१५ बजे	जिम्बावे		
नेपाल	राति ७:१५ बजे	स्कटल्यान्ड		

इटालीको हारले समूह 'सी'को समीकरण पूरा

मुम्बई/ आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत समूह 'सी'मा इंग्ल्यान्डले इटालीलाई २४ रनले पराजित गरेको छ । इटालीको हारसँगै समूह 'सी'बाट सुपर एटमा पुग्ने दुई राष्ट्रको टुंगो लागेको छ । यो समूहबाट वेस्ट इन्डिज र इंग्ल्यान्ड सुपर एटमा पुगेका छन् । वेस्ट इन्डिज एक खेल खेल्नुअघि ६ अंकका साथ अघिल्लो चरणमा पुगेको हो । चारै खेल पूरा गरेको इंग्ल्यान्डले एक हार र तीन जितका साथ ६ अंक जोडेर दोस्रो स्थान रक्षा गरेको हो । इंग्ल्यान्डलाई हराउँदा इटालीसँगै स्कटल्यान्डको पनि अगाडि बढ्ने मौका थियो । तर, इटालीको हारले स्कटल्यान्डको समेत सम्भावना समाप्त भयो ।

समूहको आफ्नो अन्तिम खेलमा स्कटल्यान्डले नेपालको सामना गर्नेछ । मंगलबार मुम्बईको वानखेडे रंगशालामा हुने प्रतिस्पर्धामा नेपालाई हराउँदा पनि स्कटल्यान्डको चार अंक मात्र हुनेछ । यसैकारण स्कटल्यान्ड एक अगाडि नै बाहिरिएको हो । अब स्कटल्यान्डले समूहको तेस्रो वा चौथो स्थानका लागि प्रतिस्पर्धा गर्नेछ ।

इंग्ल्यान्डको सानदार ब्याटिङ

कोलकाताको इडेन गार्डेन रंगशालामा इंग्ल्यान्डले पहिलो ब्याटिङ गर्दै २० ओभरमा सात विकेट गुमाएर दुई सय दुई रनको विशाल योगफल खडा गरेको थियो । प्रत्युत्तरमा इटालीले पनि एक समय उत्कृष्ट ब्याटिङ गर्दै इंग्ल्यान्डमाथि दबाब बढाएको थियो । तर, यो निरन्तरता हुन नसक्दा इटालीले २० ओभरमा सबै विकेट गुमाएर एक सय ७८ रन मात्र जोड्यो । इंग्ल्यान्डका लागि मध्यक्रमका ब्याट्सम्यानले उत्कृष्ट योगदान दिएका थिए ।

जोकोव वेथलीले २० बलमा २३ रन बनाए । टोम बान्टोनले २१ बलमा तीन चौका र एक छक्का प्रहार गरी ३० रन जोडे । कप्तान ह्यारी ब्रुकले नौ बलमा समान एक चौका र छक्का प्रहार गरी १४ रन जोडे । त्यसपछि साम कुरान र विल ज्याकले आक्रामक रूपमा ब्याटिङ गरी इंग्ल्यान्डलाई दुई सय रनमाथिको योगफल पुऱ्याउन सहयोग गरे । सामले १९ बलमा दुई छक्का प्रहार गरी २५ रन जोडे । विलले अन्तिमसम्म नटआउट रही २२ बलमा ५३ रनको योगदान दिए । उनले आफ्नो इनिङ्समा चार छक्का र तीन चौका प्रहार गरेका थिए । इंग्ल्यान्डको ब्याटिङमा ओपनर फिल साल्टले १५ बलमा समान दुई चौका र छक्का प्रहार गरी २८ रन बटुलेका थिए ।

इटालीले दिएको दबाब

इंग्ल्यान्डले दिएको दुई सय तीन रनको लक्ष्य पछ्याउँदा इटालीको सुरुवात दयनीय भएको थियो । ओपनर जजे स्मुट्स र एन्थोनी मोस्का पहिलो ओभरमै पेभेलिन फर्कंदा इटाली १-२ को अवस्थामा रह्यो । त्यसपछि वेन मानेन्टी र ग्रान्ट स्टेवार्टले तेस्रो विकेटका लागि ९२ रनको साझेदारी गर्दै टोलीलाई ११.६ ओभरमा ११४-४ को सुदृढ अवस्थामा राखे । वेन आउट भएपछि इटालीको रनरेटमा ओरालो लाग्यो । वेनले २५ बलमा ६ छक्का र चार चौका प्रहार गरी सर्वाधिक ६० रनको योगदान दिए । इनिङ्सको १८.५ ओभरमा ग्रान्टले पनि विकेट गुमाउँदा इटालीको आशा समाप्त भयो ।

ग्रान्टले २३ बलमा पाँच छक्का र दुई चौका प्रहार गरी ४५ रन जोडे । इटालीका अन्तिम पाँचमध्ये तीन खेलाडी डक आउट भएका थिए । खेलको १९औँ ओभरमा सामले कसिलो बलिङ गर्दै इटालीको रन गति रोकेपछि इंग्ल्यान्डको जित सुनिश्चित भएको थियो । इंग्ल्यान्डको जितमा जामिए ओभर्टनले १८ रन खर्चेर तीन विकेट लिए । साम कुरानले पनि २२ रन दिएर तीनै विकेट हात पारे । स्ट्राइक बलर जोफ्रा आर्चरले चार ओभरमा ३५ रन खर्चेर दुई विकेट आफ्नो नाममा लेखाए । इटालीको बलिङतर्फ क्रिसन कालुगामागे र ग्रान्ट स्टुअर्टले समान दुई विकेट लिएका थिए ।

टी-२० मा रासिदको सात सय विकेट

अंक तालिका

समूह 'ए'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
भारत	३	३	०	६	३.०५
अमेरिका	४	२	२	४	०.७८
पाकिस्तान	३	२	१	४	-०.४०
नेदरल्यान्ड्स	३	१	२	२	-१.३५
नामिबिया	३	०	३	०	-२.४४

समूह 'बी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
श्रीलंका	३	३	०	६	२.४६
जिम्बावे	२	२	०	४	१.९८
अस्ट्रेलिया	३	१	२	२	०.४१
आयरल्यान्ड	३	१	२	२	-०.१५
ओमान	३	०	३	०	-४.५४

समूह 'सी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
वेस्ट इन्डिज	३	३	०	६	१.८२
इंग्ल्यान्ड	४	३	१	६	-०.२०
स्कटल्यान्ड	३	१	२	२	०.३५
इटाली	३	१	२	२	-०.५८
नेपाल	३	०	३	०	-१.९४

समूह 'डी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
द. अफ्रिका	३	३	०	६	१.४७
न्युजिल्यान्ड	३	२	१	४	१.७०
अफगानिस्तान	३	१	२	२	-०.२१
युएई	३	१	२	२	-०.७९
क्यानडा	२	०	२	०	-१.५२



युएईका मोहमद अर्फानलाई आउट गर्दै अफगानिस्तानका रासिद खान टी-२० फर्म्याटमा सात सय विकेट लिने पहिलो बलर

एजेन्सी

अफगानिस्तानका कप्तान रासिद खानले टी-२० फर्म्याटमा सात सय विकेट लिएका छन् । रासिदले आइसिसी टी-२० विश्वकप क्रिकेटअन्तर्गत सोमबार समूह 'डी'मा युएईका मोहमद अर्फानलाई आउट गरेसँगै रासिद यस विधामा सात सय विकेट लिने पहिलो बलर बनेका हुन् । नयाँदिल्लीमा भएको प्रतिस्पर्धामा अफगानिस्तानले युएईमाथि पाँच विकेटको जित निकाल्यो । पहिलो ब्याटिङ गरेको युएईले नौ विकेट गुमाएर एक सय ६९ रनको योगफल खडा गरेको थियो ।

प्रत्युत्तरमा अफगानिस्तानले १९.२ ओभरमा पाँच विकेटको क्षतिमा एक सय ६२ रन जोड्दै जित निकाल्यो । जितसँगै आफगानिस्तानले पनि यस समूहबाट सुपर एटको आशा जीवितै बनाएको छ । अफगानिस्तानले एक खेल खेल्न बाँकी छ । न्युजिल्यान्ड चार अंकका साथ दोस्रो स्थानमा छ । दक्षिण अफ्रिका ६ अंकका साथ सुपर एटमा पुगिसकेको छ ।

अफगानिस्तानका अलराउन्डरसमेत रहेका रासिदले टी-२० फर्म्याटमा नयाँ इतिहास रच्ने क्रममा पाँच सय १८ खेलेका छन् । उनले पाँच सय १३ इनिङ्स बलिङ गरी सात सय विकेट हात पारेका हुन् । दोस्रो स्थानमा वेस्ट इन्डिजका डवाने ब्राभो छन् । ब्राभोले आफ्नो टी-२० करिअरमा पाँच सय ८२ खेल खेल्दै ६ सय ३१ विकेट लिएका छन् । ब्राभोले सन् २००६ देखि ०२४ सम्म वेस्ट इन्डिजको टोलीमा रहँदै अन्तर्राष्ट्रिय क्रिकेटमा प्रतिस्पर्धा गरेका थिए । वेस्ट इन्डिजका पूर्वखेलाडी सुनील नारिन टी-२० फर्म्याटमा धेरै विकेट लिने बलरको सूचीको तेस्रो स्थानमा छन् । उनले ५८३ टी-२० खेलमा ६ सय १३ विकेट लिएका छन् । सुनील अहिले पनि टी-२० फ्रेन्चाइजमा सक्रिय छन् । सन् २०११ देखि अन्तर्राष्ट्रिय करिअर सुरु गरेका उनले ५७३ टी-२० खेलमा बलिङ गरेका छन् ।

टी-२० फर्म्याटकै अनुभवी अलराउन्डर

समग्र टी-२० फर्म्याटकै अनुभवी अलराउन्डरका रूपमा रासिदलाई लिने गरिन्छ । विश्वकै नाम चलेका टी-२० फ्रेन्चाइजमा उनको उपस्थिति रहेको छ । उनले अहिलेसम्म टी-२० आईमा एक सय १४ खेलमै बलिङ गरी एक सय ९१ विकेट लिएका छन् । टी-२० आईमा उनले दुईपटक पाँच विकेटको प्रदर्शन गरेका छन् । उनले नौपटक चार विकेट लिएका छन् । समग्र टी-२० खेलको समीक्षा गर्दा रासिदले १८ पटक चार विकेट र चारपटक पाँच विकेट लिएको रेकर्ड छ । उनको इकोनोमी ६.५९ रहेको छ । यसैगरी, ब्याटिङका क्रममा उनले ५१८ टी-२० खेलमा दुई हजार आठ सय ७३ रन बनाएका छन् । यस विधामा उनले पाँचपटक अर्धशतकीय इनिङ्स खेले ।

आइपिएलदेखि क्यारेबियन लिगसम्म

रासिदले आफ्नो करिअरमा विश्वकै चर्चित फ्रेन्चाइज लिगमा आबद्ध हुँदै उत्कृष्ट प्रदर्शन गर्दै आइरहेका छन् । लेग ब्रेक स्पिनर बलिङ गर्ने रासिद सन् २०१७ मा इन्डियन प्रिमियर लिग (आइपिएल)मा सनराइजर्स हैदराबादमा आबद्ध भएका थिए । आइपिएल खेल्ने उनी पहिलो अफगानी खेलाडी हुन् । सनराइजर्समा उनले पाँच सिजन बिताए । उनले एकपटक सनराइजर्सलाई आइपिएल ट्रफीसमेत दिलाएका छन् । सन् २०२३ देखि रासिद गुजरात टाइटन्सबाट खेलिरहेका छन् । सन् २०२३ को सिजनमा उनी आइपिएलकै सर्वाधिक विकेट लिने दोस्रो बलर बनेका थिए । त्यसवेला उनले २७ विकेट हात पारेका थिए । आइपिएलमा उनले २२औँ ह्याट्रिक पूरा गरेका थिए । यसैगरी, उनले सिजन ब्रेक भएको समयमा वेस्ट इन्डिजमा हुने क्यारेबियन लिगमा खेल्न पुग्छन् ।

श्रीलंकासँग पराजित हुँदा अस्ट्रेलिया संकटमा



एजेन्सी

आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा सोमबार समूह 'बी'को प्रतिस्पर्धामा पूर्वविजेता श्रीलंकाले अस्ट्रेलियामाथि आठ विकेटको सानदार जित निकालेको छ । श्रीलंकाको पालेकेलेमा भएको प्रतिस्पर्धामा पहिलो ब्याटिङ गरेको अस्ट्रेलियाले २० ओभरमा सबै विकेट गुमाएर एक सय ८० रनको बलियो योगफल खडा गरेको थियो । प्रत्युत्तरमा श्रीलंकाले १८ ओभरमा दुई विकेटको नोक्सानीमा एक सय ८४ रन जोड्दै सानदार जित हात पाऱ्यो ।

श्रीलंकाको जितमा पाथुम निसांकाले अविजित सय रनको योगदान दिएका थिए । उनले ५२ बलमा १० चौका र पाँच छक्का प्रहार गरी चालू विश्वकपमा पहिलो शतक लगाउन ब्याट्सम्यानको नाम लेखाए । यसैगरी, पवन रत्नायाकेले १५ बलमा ६ चौकाको सहयोगमा २८ रन जोडे । पवन र पाथुमबिच तेस्रो विकेटका लागि ३४ बलमा ७९ रनको साझेदारी गरेका थिए ।

समूह 'बी'मा लगातार तीन जित निकालेको श्रीलंका सुपर एटमा पुगेको छ । हारले अस्ट्रेलियाको सुपर एटको यात्रा कठिन बनेको छ । यसअघि अस्ट्रेलिया जिम्बावेसँग पनि पराजित भएको थियो । अस्ट्रेलियाले तीन खेलमा दुई अंक जोडेको छ । जिम्बावेले दुई खेलबाट चार अंक जोडेको छ । अर्को खेलमा जिम्बावेले जित निकाल्दा अस्ट्रेलिया प्रतियोगिताबाट बाहिरिनेछ ।

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

झापा इनर्जी लिमिटेड
JHAPA ENERGY LIMITED

रजिष्टर्ड कार्यालय : विर्तामोड नगरपालिका वडा नं. ४ झापा, नेपाल, फोन नं. : ०२३-५२०६४२
इमेल: solarpower@jhapaenergy.com.np वेबसाइट:www.jhapaenergy.com.np

सामुहिक लगानी कोषहरुको लागि छट्टाइएको साधारण शेयरको लक-इन (Lock-In) अवधि समाप्ती सम्बन्धी सूचना

श्री नेपाल धितोपत्र बोर्डको मिति २०८२/०३/३१ गते पत्र संख्या २०८१/८२ चं. नं. ३९७७ को स्वीकृति पत्र बमोजिम यस झापा इनर्जी लिमिटेडले सर्वसाधारणका लागि निष्काशन गरेको ५,७०,२८५ कित्ता साधारण शेयर मध्ये ५% अर्थात २८,५१४ कित्ता साधारण शेयर सामुहिक लगानी कोषलाई छुट्टाई बाँडफाँड गरे पश्चात् सर्वसाधरणतर्फको शेयर मिति २०८२/०६/०८ गते बाँडफाँड गरेको थियो । सामुहिक लगानी कोषहरुको लागि छट्टाइएको साधारण शेयरको लक-इन (Lock-In) अवधि सर्वसाधारणलाई शेयर बाँडफाँड भएको मितिले ६ महिनामा समाप्त हुने प्रावधान बमोजिम उक्त २८,५१४ कित्ता साधारण शेयरको लक-इन (Lock-In)को समय अवधि मिति २०८२/१२/०७ (सन् २०२६/०३/२१) गते पश्चात् समाप्त हुने सूचना सम्पूर्ण नियामक निकायहरु, शेयरधनी महानुभाव तथा सरोकारवालाहरुको जानकारी लागि प्रकाशित गरिएको छ ।

शेयर रजिष्ट्रार:

Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited

हिमालयन क्यापिटल लिमिटेड
पो.ब.नं. ४५१८, कमलादी, काठमाडौं, फोन: ०१-५९७०६७५
इमेल: info@himalayancapital.com
वेवसाइट: www.himalayancapital.com

Brahmapuri Rural Municipality
Office of Rural Municipal Executive
Brahmapuri, Sarlahi
Madhesh Province, Nepal

Invitation for E-Bid

Date of Published: 2082/11/05 (17th Feb, 2026)

Brahmapuri Rural Municipality,**Brahmapuri,Sarlahi** invites electronic bids (E-Bidding) from Nepalese eligible bidders for the construction of works and are given in the table below. Bidders may obtain further information at the office of Brahmapuri Rural Municipality, **Brahmapuri, Sarlahi** mailing address : brahmpuri.g.p.sarlahi@gmail.com, www.brahmapurimun.gov.np Telephone: **9854044037** or may visit PPMO website***www.bolpatra.gov.np/egp.***

Contract No.	Contract Name	Last date and time of bid submission	Bid opening date and time	Bid Security (Rs)	Bid document fee nonrefundable (Rs)
NCB/BRM/2/2082-83	Construction of Ga.Pa.Bhitra Subidha Sahit ko Bipann Basti Nirman, Brahmapuri Rural Municipality, Sarlah (The estimated amount of the work with Vat, PS and Contingency is 6798889.41)	2082/12/05 (19th March, 2026) 12:00 Hrs	2082/12/05 (19th March, 2026) 14:00 Hrs	170,000/-	3,000/-

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com